चर्चले यात्राको माइल खुट्टीहरूलाई पार गर्दै जाँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभाव पारेको छ । विश्वभरी छरिरहेको नेपाली भाषी चर्चलाई प्रभुमा हुर्काउँन र विश्वसनीयतामा अडिग गराइ राख्न होसन्ना मण्डलीले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । सुरूवातमा लिएको कार्ययोजना सु-समाचार प्रचारप्रसार, झुन्ड चर्चको स्थापना, बाइवलीय तालिमद्वारा युवा वर्गलाई निर्माण जस्ता कार्यलाई निरन्तरता दिएको कारणले आज चर्चले स्थायित्व पाएको छ । यहाँबाट तालिम लिएका व्यक्तिहरूले आफ्ना व्यक्तिगत तथा आत्मिकी जीवनमा परिवर्तन ल्याउनुका साथै परमेश्वरको राज्य विस्तारमा पनि प्रमुख भूमिका निर्वाह गरेको कुरा सुन्न पाउँदा निकै खुसी भएको छु । सानो प्रयासले सुरू गरेको मण्डली नेपाली इसाई

**२०५१ सालमा स्थापना भइ ताते गर्दै बाँमे सरेको होसन्ना मण्डलीलाई खडा हुनका लागि हातमा हात र काँधमा काँध मिलाएर साथ दिएको थिएँ ।**

समाजमा मजवुत जग बसाल्न सफल भएकोमा हर्षले आनन्दित भएको छु । आफैं कति पटक निराश भएको अवस्थामा होसन्ना चर्चबाट आत्मिकी जागृति पाएका व्यक्तिहरूले उत्साहका शब्द दिई परमेश्वरको योजनामा, बोलावटमा निरन्तरता दिन प्रोत्साहन गर्दा ज्यादैं खुसी भएको छु ।

आज यस चर्चले २५ औं रजत् महोत्सव मनाइरहनु भएको सन्दर्भमा सबैभन्दा पहिला हामीलाई सिर्जनु हुने, मुक्ति दिनुहुने र महान आज्ञाको मिसन दिनुहुने प्रभु येशूलाई नै विशेष महिमा पुगेको होस् । साथै मण्डलीका सबै अगुवालगायत विश्वासीहरूलाई म, मेरो परिवार र मिस्पा चेलापन तथा अगुवापन तालिमकोतर्फबाट बधाई तथा शुभकामना दिन चाहान्छु ।

# I Am Content with Happiness

**John 3:16 says, Jesus Christ has come for us all because "God so loved the world that he gave his only Son, that whoever believes in him shall not perish but have eternal life".**

**- Rev. Dr. Chhatra Subba**
**Kalimpong**

It is God's will for all people to not perish but to live in the abundance of eternal life that can only be found through Christ. The Church is here for people of every caste, race, culture, creed and language to live the abundant life in Christ, victorious over death, sins, temptations, challenges, sicknesses and struggles, shining His light and truth for the world to see.

Since its founding in 1994, I am glad to have stood hand in hand and shoulder to shoulder with Hosanna Church. I gave basic teachings for the expansion of the Church and donated money to help the Church attain financial stability and to run its many activities. The Church shouldn't be constrained by finances particularly in its many efforts to evangelist and build disciples for Christ. God has not laid down any instructions for any particular organizational structure for His Church. Instead, His one instruction was to preach the Gospel to the ends of the world and make disciples of all nations. So what should the Church look like? In His wisdom and grace, He gave the newborns the freedom to decide on the organization structure, methods of worship, ministry and practice of the faith, and, only insists on them being a witness until the end of the world.

Since the environment for open evangelism was not conducive at that time, we founded an organization called "Hope for Himalayas" and started teaching English language to the Tibetans of Bouddha . We gave them Bibles to read and in that way, we shared the Gospel among them. Some of them accepted Christ. Likewise, we also conducted the "Faith Building Seminar".

There was a need for more training in evangelism, Biblical and theological understanding in the Church. Because of his dedication, we sent Raju to the International Graduate School of Leadership (IGSL), in the Philippines, to be Biblically trained through Campus Crusade. We anointed Gyanu Sundas as Pastor and Raju Sundas and four others as Deacons by Pastor Mangalman Maharjan. I was not a full time staff of Hosanna Church at the time. Since the Church needed leaders, it conducted an anointing service. In this way, steps were taken to ensure the smooth running of the Church.

We continued with the work of evangelism and Church expansion by organizing different programs. We provided Biblical education for the youth. On April 2, 1999, we organized an “Easter Bible Quiz” at the Church Hall, Putalisadak. I was there on behalf of the Hope for the Himalayas. The leaders of Hosanna Church took the initiative of organizing and running the quiz program. Former Prime Minister Manmohan Adhikari and UML leader Bidhya Devi Bhandari attended the closing ceremony. During the ceremony, we requested both leaders to make Christmas a public holiday. And that was granted!

By now, the Church has made national and international impact. Hosanna Church played a significant role in nurturing the Nepali-speaking community around the world in keeping their faith in the Lord. Today, the Church has attained stability due to the relentless evangelism, the establishment of daughter Churches, and regular Bible training for the youths. I am delighted to hear that those who have been trained here have experienced significant transformation in their personal and spiritual lives resulting in the expansion of the Kingdom of Heaven. I am so happy that the Church that started with a small effort has succeeded in laying a strong foundation for the Nepali Christian community. I am so glad that many times I am encouraged by the believers who received spiritual awakening through Hosanna Church.



**Rev. Dr. Chhatra Subba with his family**

Today, as the Church celebrates its Silver Jubilee, may the Lord Jesus, the Creator, Savior, and the Giver of life and

> I am so happy that the Church that started with a small effort has succeeded in laying a strong foundation for the Nepali Christian community.

of the Great Commission, be the first to receive special glory. I would also like to extend my congratulations and best wishes to all the believers including the leaders of the Church on the behalf of my family and the Mizpah discipleship and leadership training.

Congratulations and Best Wishes!



■ राम चन्द्र तिमोथी, एकता प्रकाशन

# बधाई तथा शुभकामना

होसन्ना मण्डलीको रजत् महोत्सवको शुभ अवसरमा केही शब्द व्यक्त गर्न पाउँदा मलाई अति नै खुसी लागेको छ। यस शुभ अवसरमा पाष्टर राजु सुन्दास र सम्पूर्ण अगुवाजन तथा मण्डलीका विश्वासीहरूप्रति म आफ्नो परिवार र एकता परिवारकातर्फबाट बधाई तथा शुभकामना व्यक्त गर्दै परमेश्वर अनि भाई राजु र बहिनी समितालाई धेरै–धेरै धन्यवाद दिन चाहन्छु।

म विश्वास गर्दछु, होसन्ना मण्डलीका अगुवाहरू र विश्वासी समूह प्रभु येशू खीष्टको महान् आज्ञाप्रति समर्पित भएर बाइवल धर्मशास्त्रको शिक्षा अनुसारको मण्डली मिसनको महत्वलाई शिरोपर गरी त्यसका जीवन्त मूल्यहरू चुकाउँन तयार भई अघि बढिरहेकाले आजको यो खुसीको अवस्थामा आइपुग्नु भएको हो। जब मण्डली परमेश्वरको महान् आज्ञाप्रति समर्पित भई पवित्र आत्माको भरपुर शक्ति र अगुवाईको अनुभव गरी दर्शन बोकेका अगुवाजनहरूलाई साथ लिई अघि बढ्न तयार हुन्छ, तब परमेश्वरले आफ्नो बचनको प्रतिज्ञा अनुसार उहाँको इच्छा र उद्देश्य अनुसारको योजना पूरा गर्नका लागि प्रयोग गर्नुहुन्छ भन्ने एउटा उदाहरण मण्डलीलाई लिन सकिन्छ।

हामीलाई थाहा छ, यस मण्डलीको सुरूवात भाइ राजु र बहिनी समिताको प्रार्थना र विश्वासमा एकदम सानो अवस्थामा भएको थियो। सुरूमा अनेक दुःख, कष्ट र विध्नबाधाहरूको सामना गर्नु परेता पनि यो मण्डली आफ्नो लक्ष्यबाट पछाडि हटेन। सम्पूर्ण रूपले प्रभुमा भरोसा र आशा राखी अगाडि बढेकाले आज यो खुसी, आनन्द र परमेश्वरप्रति कृतज्ञता व्यक्त गर्ने अवस्थामा आइपुगेको छ।

येशू खीष्टको सु-समाचार प्रचारको व्यापारीकरण भइरहेको बेलामा होसन्ना मण्डलीले जुन नमुना प्रस्तुत गर्दै आएको छ, त्यो वर्तमान परिवेशमा स्थानीय मण्डलीहरूले पूरा गर्न सक्ने दायित्वको राम्रो दिशाबोध भएको छ। हामीलाई आशा अनि विश्वास छ, मण्डली परिवारले यो सजीवतालाई अझ गति प्रदान गर्नमा अग्रसरता देखाउँने छ र निरन्तर यसमा लागिरहने छ।

होसन्ना मण्डलीका पाष्टर अनि अगुवाजनहरू परिपक्वताको एक नमुना र आशिषका पात्र बनेका कारण उल्लेखनीय नमुना भएका छन्।

आफ्नै निम्ति मात्र नबाँचेर अरू हुर्कदैं गरेकाहरूलाई साहस र ढाड्स दिएर, तिनका कमी-कमजोरीहरूलाई सहेर, सहायता गरेर अनि सहकार्य गर्न हात बढाएर आज होसन्ना मण्डली नेपाली मण्डलीहरूमा एक नमूना मण्डली बन्न पुगेको छ। फिलिप्पी १:१३-१४ को वचन अनुसार पछाडिका कुराहरू बिर्सेर अगाडिका कुराहरूतिर जोडसँग लम्कदै ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने इनामका निम्ति निसानातिर अघि बढ्दैं गरेको देख्दा हामीलाई ज्यादैं खुसी लाग्छ। हाम्रो प्रार्थना यही रहने छ कि हर समय सबै किसिमको अनुग्रह र आशिष परमप्रभु परमेश्वरबाट सदैव प्राप्त भइरहेको होस्। उहाँको राज्य स्थापनाका निम्ति अझैं शक्तिशाली र प्रभावशाली तुल्याओस्।

होसन्ना चर्च स्थापना भएको हिजो जस्तो लाग्छ। तर पच्चीसौं वार्षिकोत्सव पूरा गरी प्रभुत्वशाली शक्तिमा आषिशित भई एउटा नयाँ जोस, जागर र उमङ्गमा प्रफुल्लित भई यसले आफ्ना अथक पाइलाहरू अगाडि बढाइरहेको छ। यस अवसरमा प्रत्यक्ष र अप्रत्यक्ष रूपले हामी सहभागी हुन पाउनु हाम्रा लागि ठूलो आशिष अनि सौभाग्य भएको छ।

होसन्ना चर्चका भाइ राजु र बहिनी समिताको अथक प्रयास, प्रार्थना, विश्वास, योग्यता र इमानदारीको प्रतिफल हो। आजको यो मण्डली, यी भाइ बहिनी र उहाँको टिमको समर्पण र मिहिनेतमा परमेश्वरले धेरै आशिष दिनुभएको छ। त्यसरी नै मण्डलीको भगिनी संस्थाहरू बालगृह र बाइबल कलेजबाट धेरै बालबालिकाहरू र प्रभुका जनहरूले आत्मिक र भौतिक रूपमा आशिष पाइरहेका छन्। हाम्रो प्रार्थना यही रहेको छ, उहाँहरूको नेतृत्व र सहभागितामा प्रभुसँग प्रार्थनासहित् स्थापना भएका सबै मण्डली तथा अन्यभगिनी संस्थाहरू आशिषले भरिपूर्ण भई प्रभुको वचनअनुसार संसारका लागि ज्योति र नुन हुन सकुन्।

भाइ राजु सुन्दास र बहिनी समिता लेप्चासँगको परिचयको करिब तीनदशक भएको छ। बहिनी समिता लेप्चाले हाम्रो एकता बुक्सको पाटन शाखा, एकता एजुकेसनल प्यालेसबाट सन् १९९२ सालदेखि आफ्नो करियर सुरू गरेकी थिइन्। १९९५ जनवरीदेखि आफ्नो कार्यभारबाट अवकाश लिएर मार्च २५, १९९५ मा भाई राजुसँग पारिवारिक जीवनको गठबन्धनमा बाधिइन्।

पाष्टर राजुका बारेमा भन्नुपर्दा उहाँ एक दूरदर्शी, प्रार्थनाको योद्धा र प्रभुको डरमा हिड्ने एक प्रखर व्यक्ति हुनुहुन्छ। सबै क्षेत्रका ख्रीष्ट विश्वासीहरूलाई उत्साह दिने र समय अनुसार जीवन व्यतीत गर्न अग्रसर भइरहने व्यक्ति हुनुहुन्छ। साथै उहाँ लामो सोचविचार गर्ने, सबैलाई समान व्यवहार गर्ने र अग्रजहरूलाई हृदयबाट सम्मान गर्ने, नम्रतामा जिउने, प्रभुको वचनमा स्थिर रहेर जीवनयापन गर्ने ठूलो हृदय भएका ख्रीष्टका एक असल सिपाही हुनुहुन्छ। यसैगरि उहाँ एक असल, सरल र व्यवहारिक कुशल शिक्षक तथा प्रभुको वचनका सेवक पनि हुनुहुन्छ।

**हाम्रो प्रार्थना यही रहेको छ, उहाँहरूको नेतृत्व र सहभागितामा प्रभुसँग प्रार्थनासहित् स्थापना भएका सबै मण्डली तथा अन्यभगिनी संस्थाहरू आशिषले भरिपूर्ण भई प्रभुको वचनअनुसार संसारका लागि ज्योति र नुन हुन सकुन्।**

**पाष्टर राजु सुन्दासका प्रवचनहरू सरल र शक्तिशाली छन्। उहाँले विगत वर्षहरूदेखि नै विश्वास योग्य भएर मुक्तिको सु-समाचार निरन्तर प्रचार प्रसार गरिरहनु भएको छ। अथक, निरन्तर विश्वासयोग्य सेवकाईका निम्ति प्रिय भाई राजु सुन्दासलाई धेरै–धेरै बधाई दिन चाहन्छु।**

अन्त्यमा, प्रभुले आगामी वर्षहरूमा पास्टर राजु सुन्दास र परिवारलाई अझबढि शक्ति र ज्ञान प्रदान गरून्, अझबढि आशिष दिऊन् र उहाँको सेवकाइद्वारा अझैं धेरै फलहरू फल्दैं जाऊन् अनि उहाँको परिवारद्वारा सदैव प्रभुको प्रशंसा भइरहोस्। हामी सर्वशक्तिमान् परमेश्वरसँग के प्रार्थना गर्दछौं भने प्रभुको आफ्नो राज्यविस्तार गर्न उहाँको आफ्नो पवित्र आत्माद्वारा पाष्टर राजु सुन्दासलाई अझबढि शक्ति र दर्शन दिनु भएको होस्।

# Congratulations and Best Wishes!

**- Ram Chandra Timothy**
**Ekta Publications**

I am more than happy to share a few words on this auspicious occasion of the Silver Jubilee of Hosanna Church. I would like to extend my heartfelt congratulations and best wishes on behalf of my family and the Ekta family to Pastor Raju Sundas, and to all the leaders and believers of the church. Above all, I thank God for brother Raju and sister Samita.

I have been acquainted with brother Raju Sundas and sister Samita Lepcha for almost three decades. Sister Samita Lepcha started her career with the Ekta Educational Palace, Patan branch of Ekta Books, in 1992. She left the position in January 1995, and tied the nuptial knot with Raju on March 25, 1995.

I know Pastor Raju as a visionary, a warrior, a God-fearing man of strength. He is someone who has encouraged the body of Christ in an impactful way. He is a thoughtful and humble person who treats everyone equally, who respects the elders from his heart, and who is a good soldier of the Lord living faithfully by His word. The discourses of Pastor Raju are simple yet powerful. He has faithfully spread the good news of Jesus and His salvation over many years. I sincerely commend dear brother Raju Sundas for his tireless and faithful service.

I believe the leaders and believers of Hosanna Church have come to this jubilant moment by steadfastly dedicating themselves to the great commands of the Lord and moving forward in the mission of the church in alignment with Biblical teachings. This achievement did not come without a cost – there was much hardship and obstacles. But when a church is dedicated to the Great Commission of Christ, when the leaders have embraced this mission, and the church is prepared to move led by the power and leading of the Holy Spirit, God will move to fulfill His will and purpose. And no obstacles can stand in God's way! Hosanna Church is such an example.

As mentioned earlier, this church was started with the prayers and faith of brother Raju and sister Samita. Though it had a humble beginning, the church didn't step away from its vision and mission even in the face of trials and tribulations. As the church moved forward with complete trust and faith in God, it has come to a position where it is firmly established and can express joy, happiness and gratitude to God.

Hosanna Church is today a role model among the Christian community. It has provided good guidance to the local churches in the fulfillment of their responsibilities towards the Lord's ministries. We hope and believe that this is the model for every church family to take the lead to share Christ, and continue to do so faithfully.

The pastors and leaders of Hosanna Church have been blessed by the Lord. They have become models of maturity, and the church a model church among Nepali churches. It does not just take care of itself but has provided guidance and encouragement to those who are growing up, cooperating with others and enduring and assisting some with their shortcomings. We are glad to see that the church is laying the past behind, and moving towards the rewards for the fulfillment of God's calling according to Philippians 1: 13-14. Our prayer is that the Lord will always bestow the church with grace and blessings for all its needs. May His Kingdom be increased, may it manifest His love, peace, joy, blessings, and may it draw all men to Him.

I am still amazed that Hosanna Church is celebrating its 25th anniversary because it seemed like just yesterday that it was established. Praise the Lord that it is still moving forward with courage, energy and enthusiasm, in submission and alignment with God's purpose and with His full blessings. It has been a great blessing and privilege for us to be able to participate on this occasion directly and indirectly.

What Hosanna Church has become today is the result of the tireless efforts, prayers, faith and sincerity of brother Raju and sister Samita. God has blessed the church, the believers from the church, and the leadership team for their dedication and hard work. Likewise, the sister organizations – the orphanage and Bible college - are bestowed with material and spiritual blessings. May all the churches and other organizations established under the care and leadership of Hosanna Church be filled with blessings, and become Christ's light and salt to the world.

May the Lord bestow more strength, knowledge and wisdom to Pastor Raju Sundas and his family, and bless them more. May the Lord always be the center of his family, may He always be praised by his family and may we see even more fruit in the future. We pray Almighty God to provide Pastor Raju Sundas with more vision and anointing through the Holy Spirit for the expansion of the Kingdom of Heaven.

> **The Church didn't step away from its path and mission even though it had to face several trials and tribulations in the beginning.**



Raju Sundas with renowned Christian Singer of The Nation Mrs Salomi Timothy



■ **Samuel Tamang**

The twenty five years of devoted service to Hosanna Church is not an easy task. It is truly worthy of congratulations, celebration and giving thanks to the Almighty God. I feel proud from my inner being to express my joy that the Hosanna Church has been led by Pastor Raju and team for these many years successfully. My journey with Pastor Raju and Samita Lepcha Sundas, knowing and being in covenant friendship with them has been more than a half decade. My first meeting with them seems still fresh and alive in my subconscious mind, when I had received his first personal invitation to speak to the congregations of his Church.

# Congratulations !

The leadership of Pastor Raju has played obviously a vital role to impact and flourish the Church on this level of height. To embrace the role of leadership is not at all easy work. To get success, a leader has to eat time to time, challenges and hardship as his breakfast. A person with weak heart and shakable character will falter soon by making excuses and compromise. Only the right leader gets going forward with the spirit of boldness even though when his going gets tough. Pastor Raju as a leader had been tested with harsh trials, hardships and many challenges yet he stood like a rock in the calling of God. As a result, his firm unshakable endurance and undivided focus in the faith led his Church to be one of the biggest Churches in the history of Nepal.

As Jesus has mentioned that His Church is the light of the world like a city on



Raju Sundas with most demanded motivational speaker Samuel Tamang

a hilltop that cannot be hidden. In the same way, the influence of Hosanna Church has been like city on hilltop. It has thrilled me to hear testimonies of life transformation from the different people's mouths. On the other hand, I am delighted to see many branches of this Church being established in different locations nationally and internationally. This kind of growth is the positive sign of healthy leadership and vision that has been executed effectively.

On the flip side, the service that his leadership also has taken initiative to uplift the one of the down trodden communities of Nepal is remarkable. Only the person with big heart with burning desire and passionate leadership quality can move ahead to put this vision into action for this kind of huge task. I still recall the day, when I got privilege to encounter few of those people from this particular community, it was truly the heart melting moment for me seeing them face to face, hearing their heart melting life stories and speaking to them.

The influence of the Church under Pastor Raju's leadership is not just confined to Nepal. It has extended globally too. A true leader definitely reaches the world because Christ Himself has appointed His followers to be the light and salt of the world. Global vision is Christ's vision which has been



imparted before 2020 years ago. His faithful followers can definitely get access to world vision who are truly called by the Almighty God in Christ.

I have personally sensed that the leadership vision of Pastor Raju is farsighted. His nature of thinking out of box and doing thing uncommonly is truly worthy to be admired. He is not at all confined to the traditional pattern. He loves to take risk and willing to get out of his comfort zone for the sake of the Good News. This nature has been apparently the major plus point in his leadership for the growth of Hosanna Church. His leadership and personality express uniqueness because of his uncommon perspective. Witnessing his nature in person, I get reminded deeply the writing of Apostle Paul written to the Church of Corinthians.

> The Leadership matters to any kind of progress. The lack of progress is definitely the lack of true leadership. Without right leadership Church, society and nation get stagnant with no development.

When I was with the Jews, I lived like a Jew to bring the Jews to Christ. When I was with those who follow the Jewish law, I too lived under that law. Even though I am not subject to the law, I did this so I could bring to Christ those who are under the law. When I am with the Gentiles who do not follow the Jewish law, I too live apart from that law so I can bring them to Christ. But I do not ignore the law of God; I obey the law of Christ. When I am with those who are weak, I share their weakness, for I want to bring the weak to Christ. Yes, I try to find common ground with everyone,

doing everything I can save some. I do everything to spread the Good News ....
1 Corinthians 9: 20-23, NLT

The Leadership matters to any kind of progress. The lack of progress is definitely the lack of true leadership. Without right leadership Church, society and nation get stagnant with no development. If leadership fails, obviously our personal life, family, society and world fall disorder. In other words, nothing happens without leadership, nothing get changes without leadership, nothing receives development without leadership, nothing gets in progress without leadership and nothing gets success without leadership. Truly, reaching this day to celebrate silver jubilee of the Church is undoubtedly the fruit of the right leadership.

Eventually, "Happy 25th Anniversary to Hosanna Church." Congratulations on reaching a milestone made of undivided vision and mission. I feel excited to celebrate as you mark 25th years of service of love in the vineyard of the Lord. It is a great privilege to be tool in the hands of the Lord and may the God Almighty keep on using the Hosanna Church in a mighty ways for His kingdom. Wishing more happiness and success for the days ahead too.

Congratulations on the silver jubilee of your Church.

> Pastor Raju as a leader had been tested with harsh trials, hardships and many challenges yet he stood like a rock in the calling of God. As a result, his firm unshakable endurance and undivided focus in the faith led his Church to be one of the biggest Churches in the history of Nepal.


Former Deputy Prime Minister & Foreign Minister Sujata Koirala



■ पास्टर वर्णवास श्रेष्ठ
नेपाल ईसाई मण्डली, गंगबु, बालाजु

# होसन्ना मण्डलीको लागि माइलखुट्टि खडा गर्ने वर्ष

यो वर्ष होसन्ना मण्डलीको लागि माइलखुट्टि खडा गर्ने वर्ष अर्थात् एबेनएजेरको ढुङ्गा गाड्ने वर्ष हो । १ शामुएल ७: १-१२ मा हेर्दा किर्यत यारीमको तयारीमा २० बर्ष बाचाको सन्दुक रऱ्यो । इस्रायलीहरूले आ–आफ्ना पापको पश्चताप गरी भेला भएको बेला पलिश्तीहरूले आक्रमण गर्ने योजना बनाउँछन् । शामुएलले प्रार्थना गर्दछन् र परमेश्वरले पलिश्तीहरू बीच खलबल्याइ दिनुहुन्छ र इस्राएलीहरूले पलिश्तीहरूलाई मिस्पाबाट खेद्छन् । १२ पद अनुसारः त्यही नै मिस्पा र शेनको बीचमा शामूएलले स्मारकका रूपमा ढुङ्गा खडा गर्दछन् । त्यसको नाउँ एबेन-एजेर राख्दछन् । जसको अर्थ "परमप्रभुले हामीलाई यहाँसम्म सहायता गर्नुभएको हो ।"

इस्राएलीहरूको लागि बाचाको सन्दुकले परमेश्वरको उपस्थितिलाई जनाउथ्यो । किर्यत-तयारीममा २० बर्षसम्म बाचाको सन्दुक रहँदा परमेश्वरले इस्राएलीहरूलाई पलिश्तीहरूको हातबाट बचाउनुभयो र विजय दिनुभयो । त्यसरी नै परमप्रभु परमेश्वरले आफ्नो कृपा र अनुग्रह देखाउदैं, सबै परिस्थितिहरूमा होसन्ना मण्डलीलाई आफ्नो विश्वासयोग्यताले डोऱ्याउँदैं यहाँसम्म ल्याउनु भएको छ । २५ वर्षको यात्रा अवश्य सहज भएन । धेरै आरोह अवरोह पार गर्दै जानु पर्दा उहाँले सुरक्षा दिनुभयो र परमेश्वरले यहाँसम्म आइपुग्न सहायता गर्नुभयो । होसन्ना मंण्डलीका सदस्यहरूले भन्न सक्दछन् परमेश्वरले महान काम गर्नु भएको छ ।

एफिसी १:३ को अनुसार "हाम्रा प्रभु येशू खीष्टका परमेश्वर पिताको प्रशंसा होस् जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले आशिर्वाद दिनु भएको छ ।"

अब होसन्ना मण्डली २५ वर्षको जवान भएको छ । जोस छ । अब केही गर्नुपर्छ भन्ने इच्छा र आकांक्षा पनि छ । र, त्यो हुनैपर्छ । अब मण्डली दिनप्रति दिन झन् परिपक्क हुँदैं खीष्टको स्वरूपमा बदलिदैं जानुपर्छ । उमेर थपिएर केवल बुढी भएको तर परिपक्क नभएको मण्डली, स्वस्थ्य मण्डली र सामर्थी मण्डली



हजारौं अगुवा तालिम मध्येबाट बौद्धमा भएको तालिमको तस्वीर

बन्न सक्दैन । त्यसैले यो २५ वर्ष परिपक्कताको संकेत हो । जुन अब मण्डलीमा देखिनै पर्छ । परिपक्क मण्डलीलाई परमेश्वरले त्यसरी ठूला जिम्मा दिनुहुन्छ जसरी एक बुबाले परिपक्क र जिम्मेवार छोरालाई जिम्मेवारीहरू दिनुहुन्छ । जब मण्डलीले जिम्मेवारीहरू उठाउन थाल्दछ, उहाँले मण्डलीद्वारा ठूला–ठूला कामहरू गर्नु हुनेछ । काम गर्ने उहाँ नै हुनुहुन्छ र उहाँले काम उहाँको मण्डली (जो ख्रीष्टको देह हो, एफिसी १:२३) द्वारा नै गर्नुहुन्छ ।

परमेश्वरले महान् कामको सुरूवात गरिसक्नु भएको छ । फिलिप्पि १:६ अनुसार "जसले तिमीहरूमा एउटा असल काम सुरू गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ ।" ख्रीष्ट येशू प्रभुको उद्देश्य आफ्नो दुलहीलाई (मण्डलीलाई) दाग वा चाउरी नभएको एक प्रतापी मण्डली बनाउने नै हो । आफ्नो दुलहीलाई उहाँले सबै किसिमको आत्मिकी अलंकारहरू पहिराइ दिएर आफ्नो आगमनको लागि तयार पार्न चाहनुहुन्छ ।

म प्रभुको एक सेवक अर्थात् उहाँको भेडाहरूको रेखदेख गर्ने जिम्मा पाएको एक गोठालो तपाई होसन्ना चर्च परिवारलाई यो भनेर शुभकामना व्यक्त गर्न चाहन्छु, तपाईहरू "उहाँलाई पूर्णरूपले प्रशन्न पार्ने प्रभुको

**२५ वर्षको यात्रा अवश्य सहज भएन । धेरै आरोह अवरोह पार गर्दै जानु पर्दा उहाँले सुरक्षा दिनुभयो र परमेश्वरले यहाँसम्म आइपुग्न सहायता गर्नुभयो । होसन्ना मण्डलीका सदस्यहरूले भन्न सक्दछन् परमेश्वरले महान काम गर्नु भएको छ ।**

योग्य जीवन बिताउँदैं र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैं जान सकोस् (कलस्सी १:१०), र "उहाँको भलाई कति महान छ जो उहाँको भय मान्नेहरूका निम्ति उहाँले राख्नुभएको छ, जो उहाँको शरण पर्नेहरूलाई यहाँले मानिसहरूका सामुन्ने दिनु भएको छ ।" (भजन ३१:१९) । सो तपाईको जीवनमा भइरहेको छ र त्यो काम निरन्तर हुँदै जाओस् । परमेश्वरले तपाईहरूलाई आशिष देऊन र परमेश्वरको आशिष तपाईहरूद्वारा धेरै मानिसहरूसम्म बग्दैं गएको होस् । शुभकामना ।

# The Milestone Anniversary of the Hosanna Church

- Pastor Barnabas Shrestha

This year is a milestone for Hosanna Church as it celebrates its 25th anniversary. 1 Samuel 7:1-12 So the men of Kiriath Jearim came and took the ark of the Lord. They brought it to Abinadab's house on the hill and consecrated Eleazar his son to guard the ark of the Lord. The ark remained at Kiriath Jearim for a long time--twenty years in all. When the Philistines heard the Israelites of Mizpah, the rulers of the Philistines planned to attack them. Then Samuel cried out to the Lord on Israel's behalf, and the Lord answered him. The Lord thundered against the Philistines and threw them into such a panic that they were routed before the Israelites. The men of Israel rushed out of Mizpah and pursued the Philistines, slaughtering them along the way to a point below Beth Kar. Then Samuel took a stone and set it up between Mizpah and Shen. He named it Ebenezer, saying, "Thus far the Lord has helped us."

For the Israelites, the Ark of the Covenant signified the Lord's presence. During the 20 years of the Ark of the Covenant, God saved the Israelites from the Philistines, and gave them victory. In the same way, the Lord, through His mercy and grace, has brought Hosanna Church to its glorious present through His faithful guidance. Of course, the long journey of 25 years was not all easy. He provided protection for the Church through the lows and highs, and He helped it to get to where it is today. The members of Hosanna Church can say that God has done a great work. Just as Paul says in Ephesians 1:3, "Praise be to the God and the Father of our Lord Jesus Christ, who has blessed us in the heavenly realms with every spiritual blessing in Christ."

Hosanna Church is now 25 years old. There is passion. There is desire and aspiration to be more mature, to become transformed into the image of Christ. An old but immature church cannot be a healthy and able church to carry out the works of God. Praise the Lord that the 25 years of Hosanna Church are not simply signs of age but reflects maturity in Christ. God provides a mature church with great responsibility just as a father provides the mature and responsible son with responsibilities. We are heartened to see Hosanna Church continuing in passion and enthusiasm in the expanded work of God's Kingdom. When the church begins to take on responsibilities, God Himself will accomplish the great deeds through the church. He is the one who works, and He works through His church ("which is His body" Ephesians 1:23).

God has begun a great work and according to Philippians 1:6, "being confident of this, that he began a good work in you will carry it on to completion until the day of Christ Jesus." The purpose of Christ Jesus is to make His bride (church) a glorious church without wrinkles or blemishes. He wants His bride to be prepared and clothed with all kinds of spiritual garments, ready for His arrival.

I, a servant of the Lord and a shepherd looking after His sheep, would like to extend my best wishes to you, Hosanna Church, so that you may, "live a life worthy of the Lord and please Him in every way: bearing fruit in every good work, growing in the knowledge of God" (Colossians 1:10), and "how abundant are the good things that you have stored up for those who fear you, that you bestow in the sight of all, on those who take refuge in you" (Psalm 31:19). Hosanna Church is reflecting the reality of Col 1:10. I pray you continue to do so, to live worthy of the Lord and to please Him in every way and that your good work shall continue. May God bless you and May His blessings flow through you to many people.

> Of course, the long journey of 25 years was not that easy. He provided protection for the Church through the lows and highs, and He helped it to get here. The members of the Hosanna Church can say that God has done a great job.



HCM Central Church Service
एच.सि.एम. चर्चको आराधना संगती



■ रेभ. संगम केसी
आशा प्रेस्बिटिरियन चर्च, भैसींपाटी

# दर्शनको प्रभाव

मैले चिनेको मेरो मित्र पा.राजु सुन्दास र उनको सेवकाई लगायत होसन्ना मण्डलीप्रतिः

"हाम्रो होइन, हे परमप्रभु हाम्रो होइन, तर तपाईको करुणा र विश्वसनीयताको खातिर तपाईको आफ्नै नाउँको महिमा होस्" (भजनसंग्रह ११५:१) ।

स्वर्गका परमेश्वरलाई म धन्यवाद दिन्छु । करिब ३० वर्षअघि मैले परमप्रभु परमेश्वरको विश्वासयोग्य सेवक पाष्टर राजु सुन्दाससँग परिचित हुने मौका पाए । हाम्रो पहिलो भेट ज्ञानेश्वर चर्चमा बिल्लिग्राहम क्रुसडेमा भएको थियो । आफ्नो चर्च बेथानी अनुग्रहबाट ३ दिनको सेमिनारमा ज्ञानेश्वर मण्डलीमा जाँदा आदरणीय मित्र राजु सुन्दाससँग भेट भएको थियो । त्यस बखत हामी दुवैजना २२/२३ वर्षका लक्काजवान थियौं । तर हामी परमेश्वरको वचनको तिर्खा संगतिको भोका थियौं ।

२०४९ असार ६ गते तनहुँ खैरेनीटारको, खुर्सानीबारीस्थित खैरेनी चर्चमा मेरो पवित्र विवाह पोखरा–१५, नयाँ गाउँ मण्डलीकी सदस्य कल्पना गुरूङसँग भयो । त्यतिबेला ओएम नेपालबाट सु-समाचार प्रचारको सेवामा पाष्टर राजु सुन्दास र उहाँका समूहका साथीहरू खैरेनीटार पुग्नु भएको थियो । उहाँहरूले हाम्रो पवित्र बिवाहको मण्डप तयार गर्दै सजावट गरिदिएर सहायता गर्नुभएको गुण म कहिल्यै बिर्सन सक्दिन । असल साथीले निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गरिदिनु भएको घटना आजपनि मेरो मनमा ताजैं छ । त्यतिबेला मेरो सासु ससुरालाई विवाह मण्डप सजाउन सहायता गर्ने कोही पनि थिएनन् । म राजु सुन्दासप्रति यस कुरामा ऋणी छु ।

उहाँ र उहाँको बुवाले काठमाडौँको जोरपाटीमा मण्डली वा झुण्ड सुरू गर्नुभएको समाचार पछि थाहा पाउँदा म हर्षविभोर भए । जुन मण्डली आज होसन्ना चर्च मिनीष्ट्रिजले परिचित भएको छ । उहाँले मण्डली सुरू गर्नुपूर्व मसँग पनि मण्डली सुरू गर्दैछु भनी प्रार्थनामा सम्झना आग्रह गर्नु भएको थियो । आफ्नो साथीले प्रभुको राज्यमा आत्मा बचाउँने कार्यमा लाग्ने प्रण गर्दा म एकदम खुशी भएको थिए । समय

बित्दै गयो । मेरो आफ्नो घरायसी परिस्थितिले म विवाह पश्चात् पोखरामा बस्न थाले । काम विशेष बाहेक म काठमाडौं आवातजावत कम गर्न थाले । जसले गर्दा हाम्रो भेटमा पातलोपना आयो । तर साथीको लागि लगातार प्रार्थना गर्न छोडिन ।

एकपटक म काठमाडौं आउँदा उहाँले फोरस्क्वायर चर्चसँग आवद्ध भई रसियन कल्चर सेन्टरमा स्तुति आराधनाबारे सेवा आयोजना गर्नु भएको थियो । जसमा हाम्रा पुराना मित्र रुबेन शाहीले साङ्गिगितिक कोशेली पस्कदै उहाँको एल्बमका नयाँ किरणका गीतहरू गाएका थिए । कार्यक्रममा म पनि पुगेको थिए । साङ्गिगितिक कार्यक्रम सुरू भएपछि केही भेटी पनि उठाउँने पालोमा उद्घोषकको सेवामा व्यस्त राजुले भेटी उठाउनमा मलाई पनि बोलाएर उठाइएको भेटीको प्रार्थना गर्न लगाए । जसले गर्दा मलाई पनि त्यहाँ भएका कतिपय विश्वासीले चिन्ने मौँका पाए ।

पा.राजु सुन्दास र उहाँले होसन्ना मण्डलीमा पुऱ्याउनु भएको सेवाको सन्दर्भमा जति नै बयान गरेपनि कमी नै हुन्छ । सन् १९९६ मा जावलाखेलमा हाम्रो भेट हुँदा उहाँले आफ्नो सेवकाईमा परमप्रभुको हात रहेको तथ्यलाई बुझाउँनु भएको थियो । परमप्रभुले कसरी प्रार्थना सुन्नुभयो र सेवामा अनगिन्ति आशिष दिनुभयो भन्ने कुरालाई मसँग बाड्नुभएको अझैं सम्झना छ । त्यतिबेला पा.राजु सुन्दासले भन्नुभएको एउटा वाक्य मलाई अझैं पनि कण्ठस्थ छ, दर्शन परमेश्वरले दिनुहुन्छ अनि त्यो दर्शनमा स्थिर भएर लाग्ने काम हाम्रो हो । यस देशमा प्रभुको काम गर्न अरू कसैले नभएर स्वयम प्रभु येशू ख्रीष्टले नै हामीलाई त्यो महान् बोलावट दिनुभएको हो । त्यसर्थ हामी ख्रीष्टका भएका हुनाले आफूले प्राप्त गरेको दर्शनमा अडिग रही ख्रीष्ट येशूकै सेवा गरौं । आज उहाँको अथक परिश्रम र निरन्तर आफ्नो दर्शनमा अडिग रही सेवामा तल्लिन हुनुभएको कारण होसन्ना मण्डलीको २५ औं रजत् उत्सव मनाउँदै हुनुहुन्छ । यो आनन्द र रमाहटको कुरा हो । परमेश्वरले आफ्नो सेवकलाई आशिष मात्र दिनुभएन उहाँले आफ्नो राज्यविस्तारको लागि उहाँलाई नेपालमा र नेपालबाहिर पनि अनवरत रूपमा चलाइरहनु भएको छ ।

**आज उहाँको अथक परिश्रम र निरन्तर आफ्नो दर्शनमा अडिग रही सेवामा तल्लिन हुनुभएको कारण होसन्ना मण्डलीको २५ औं रजत् उत्सव मनाउँदै हुनुहुन्छ । यो आनन्द र रमाहटको कुरा हो । परमेश्वरले आफ्नो सेवकलाई आशिष मात्र दिनुभएन उहाँले आफ्नो राज्यविस्तारको लागि उहाँलाई नेपालमा र नेपाल बाहिर पनि अनवरत रूपमा चलाइरहनु भएको छ ।**

परमेश्वरको सेवामा आफ्नो जीवन समर्पण गर्ने व्यक्तिले मूख्यतया दुईवटा कुरामा स्पष्ट हुन जरूरी छ । पहिलो पाष्टरीय सेवामा बोलावट पाउनुपऱ्यो र बोलाइएको व्यक्ति आत्मामा तयार हुनुपऱ्यो । दोस्रो पाष्टरीय सेवाको लागि व्यक्ति तयारी अवस्थामा छ तर उसलाई परमप्रभुले बोलावट दिनुभएको छैन । जसले गर्दा आज नेपाली मण्डलीमा आशिष र जागृति आएको छैन । तर मेरा मित्र पा.राजु सुन्दासलाई परमप्रभु परमेश्वरले पाष्टरीय सेवामा बोलाउनु भयो अनि उहाँ सेवामा समर्पित भई लाग्नुभयो । फलस्वरूप आज होसन्ना चर्च एण्ड मिनिष्ट्रिजले नयाँ उचाई र दिशामा फड्को मारेको छ । एच.सि.एम. अर्थात् होसन्ना चर्च मिनीष्ट्रिजले शिक्षाको क्षेत्रमा, सामाजिक सेवाको कार्यमा, आराधना सेवामा, हाल आएर लामो समयबाट पब्लिकेशनमा र मिडियाको क्षेत्रमा पनि सहभागी हुँदै लगातार सेवामा तल्लिन भईराखेको छ । एउटा व्यक्तिको दर्शन र बोलावटमा परमेश्वरले कसरी काम गर्नुहुन्छ भन्ने जीवित उदाहरणको नाम हो पा.राजु सुन्दास । आफ्नो आत्मीय मित्र र साथीको जीवनबाट परमप्रभुको नाम महिमित भइराखेको खबर सुन्नु पाउनु मेरो लागि ठूलो आशिष र गर्वको महसुश भएको छ ।

नेपालमा परमप्रभुले विभिन्न माध्यमबाट सु-समाचारीय कार्य गर्दै हुनुहुन्छ। आज लाखौँ मानिसले ख्रीष्टमा नयाँ र अनन्त जीवन प्राप्त गर्दैछन्। मानिसको आत्मा बचाउने कार्य द्रुतगतिमा बढिरहेको छ। यसमा होसन्ना चर्च मिनीष्ट्रिजले पनि ईट्टा थप्ने काम गर्दैछ। यो नेपाली मण्डलीको लागि आशिष र गर्वको कुरा हो। मण्डलीमा पाष्टरको रूपमा सेवा गर्नुहुने पा.राजु सुन्दास साँच्चै नै लोकप्रिय र परमप्रभुको डर र भयमा जीउने व्यक्ति पनि हुनुहुन्छ। उहाँको धर्मपत्नीले पनि निश्चित रूपमा आफ्नो श्रीमानको सेवामा निरन्तर प्रार्थना गर्नुभएको हुनुपर्छ। जसको कारण आज पा.राजु सुन्दास ढुक्क भएर प्रभुको सेवा गर्दै हुनुहुन्छ।

अन्त्यमा, होसन्ना चर्च एण्ड मिनीष्ट्रिजको यो २५ औँ रजत् साँठगाँठमा म हृदयदेखि नै परमेश्वरलाई धन्यवाद भन्दछु। साथै पा.राजु सुन्दासप्रति मेरो उच्चसम्मान र प्रार्थना छ। अझैँ भविष्यमा पनि उहाँको जीवनमा परमेश्वरले प्रशस्त मात्रामा आशिष दिनुभएको होस्। साथै पा.राजु सुन्दास र उहाँले सेवा पुऱ्याउने होसन्ना मण्डलीलाई परमप्रभु परमेश्वरले प्रशस्त आशिष देऊन्। २५ औँ रजत्मा साँठगाँठको हार्दिक बधाई तथा शुभकामना।

# The Impact of Vision

- Sangam KC

**To my friend Pastor Raju Sundas, his service and the Hosanna Church:**

***"Not unto us, O Lord, not unto us, but unto thy name gives glory, for thy mercy, and for thy truth's sake" (Psalm 115:1).***

I give thanks to our Heavenly Father for His goodness and faithfulness. About 30 years ago, I had the opportunity to meet Pastor Raju Sundas, a faithful servant of the Lord. Our first meeting was during the Billy Graham Crusade at the Gyaneshwor Church. I met him when I was at Gyaneshwor for a three-day seminar



Raju Sundas with his best friend Lazrus Thulung and Pradeep Das at Cincinnati, USA

from Bethani Anugraha Church. At that time, we were both 22-23 years old and we were both thirsty for fellowship with God.

On July 20, 1992, I was married to Kalpana Gurung at the Khaireni Church, Khursanibari, Tanahu. Kalpana Gurung was a member of the Nayagaon Church, Pokhara-15. At that time, Pastor Raju Sundas and his group of friends had reached Khairenitar from OM Nepal to do evangelism work. The role he played during our wedding as a friend is still fresh in my mind. At that time, there was no one to help my parents-in-law decorate our wedding pavilion. Raju Sundas and his friends stepped up and spent time decorating the pavilion so that we can have a wonderful wedding. I will never forget this generous act of kindness and friendship. I will always feel indebted to Raju Sundas for this.

I was thrilled when I learnt that he and his father had started a church in Jorpati, Kathmandu. The church is now known as Hosanna Church Ministries. He had shared with me about the future church, and had asked me to remember him in my prayers. I was very happy when my friend made a commitment to work to save souls for the Lord's Kingdom. Time passed and due to personal reasons, I started to live in Pokhara after my marriage. I came to Kathmandu less often and subsequently saw less of my friend Raju. But I didn't stop praying for him.

> A person who dedicates his life to God's service needs to be clear about two things. First, he has to be called to the first pastoral service, and he has to be ready in spirit. Second, the person is preparing for the second pastoral service, but the Lord has not called him yet. This is the reason that blessing and awakening have not reached the Nepali Churches today.

On one of my visits to Kathmandu, Raju, who was affiliated with the Foursquare Church then, had organized a praise service at the Russian Cultural Center. Our old friend Ruben Shahi sang the songs from his album-Naya Kiran (New Ray) during the service. I was at the service. After the musical program started, Raju, who was earlier busy as an announcer, called me to collect the donations, and asked me to pray for the collected donations. It was an unexpected honor that my friend bestowed on me.

No amount of words can express the praise and gratitude for the wonderful works that Raju and Hosanna Church have accomplished. When we met in Jawalakhel in 1996, he explained to me that his Ministry is in God's hand. I still remember him explaining to me how the Lord listened to his prayers and bestowed blessings upon him. I remember clearly one sentence he said, "God provides

us with vision, and it is our job to be anchored by that vision." God has called us to work for Him in this country. Therefore, since we belong to Christ, let us stand firm in the vision we have received, and serve Him. Today, Hosanna is celebrating its Silver Jubilee. This is possible because of Raju's obedience to the Lord's call on his life, his hard work and perseverance to serve, even in the face of unimaginable challenges. It is wonderful for the body of Christ to rejoice and celebrate this gift that God has given to Nepal to build His Kingdom. God not only blessed His servant, but He is still constantly using him in Nepal and abroad for the expansion of His Kingdom.

An effective servant of the Lord is someone whom the Lord has called to ministry and who is ready in his spirit to obey and do all it takes. My friend Pastor Raju Sundas is such a person. He was called by the Lord to the pastoral service, and he responded immediately by dedicating himself to the service. That's why today Hosanna Church and Ministries (HCM) has gone on to new heights and direction. Hosanna Church and Ministries (HCM) has been involved in education, social service, worship, publication and the media for a long time. Pastor Raju Sundas is a living example of how God works through a person's vision and calling. It has been a great blessing and pride for me to know that the name of the Lord is being glorified through my friend Raju Sundas.

In Nepal, the Lord is carrying out the ministry of sharing the Gospel through various means. Today, millions of people are receiving new and eternal life in Christ. The work of saving human souls is increasing rapidly. Hosanna Church and Ministries have made significant contribution in this endeavor in Nepal. Pastor Raju Sundas who steers this ministry has remained a humble and God-fearing person even though he has grown in stature and popularity amongst people. I believe his wife must have been a constant prayer support in her husband's ministry. And with the prayers of many others, Pastor Raju Sundas continues to serve the Lord with confidence.

Finally, I thank God with all my heart for the Silver Jubilee celebration of Hosanna Church and Ministries (HCM). I continue to have great respect for Pastor Raju Sundas and continue to pray for him and his ministry. May God bless him. May the Lord bestow blessings on Hosanna Church. Congratulations and best wishes for the Silver Jubilee.

# होसन्ना चर्च - सुन्दरीजल, नयाँपाटी वडा नं.-५ मा स्थापित पहिलो संगतीको भवन



First place where we worshipped Jesus for the 1st time as HCM Church family.



■ **Dr. Geoff Waugh**
**Australia**

# The Church's influence has gone Global

As mission teams from Australia, we were blessed to meet Pastor Raju at the beginning of Hosanna Church in the 1990s. Pastor Raju organized most of our visits. We first met him as a young evangelist, already persecuted but on fire with love for God. Raju, with his wife Samita, began Hosanna Church in Kathmandu, now one of the largest Churches in the nation. Each time we visited them we found they had expanded their premises. They planted many other Churches across Nepal, Tibet, India, and in refugee communities from Bhutan and networked with hundreds of other Churches. Ten years previously it took a decade to add 100 people to a Church. That now happens in a month or less. Their Church prays. A lot. I visited their 24 hours prayer room where many of their people were fasting and praying. They believe in miracles, and see many. I was deeply moved to visit their "upper room" prayer room, open for prayer all the time, and they usually had people there praying and fasting.

Their outreaches included feeding hundreds of street children in their 'Jesus Kitchen' and they have been actively helping people in need, especially in crisis times like earthquakes and the pandemic. We saw many leaders filled with the Spirit, many people healed, and many gifts of the Spirit poured out, including revelations and visions as their teams visited many districts. In West Nepal,

especially, we saw deeply committed pastors and leaders touched powerfully by the Spirit as we talked with them and prayed for them. Many there had visions of an open heaven and God's Spirit anointing and empowering them. Similarly in East Nepal we saw God's Spirit move powerfully upon them all with anointing, empowering, healing and spiritual gifting. We were blessed indeed to be with them and encourage them. They inspired us with their dedication and willingness to lay down their lives for their Lord and the Gospel.

Their vision has included empowered evangelism, continual social service and education including schools, training programs, and Bible Schools. Now Pastor Raju's ministry and the Church's influence has gone global with their very effective use of the internet for evangelism and training. We continue to pray for God's mighty blessing on Hosanna Church and all your ministries and service for God's great glory.

> I was deeply moved to visit their "upper room" prayer room, open for prayer all the time, and they usually had people there praying and fasting.

First time in Australia with Bob & Jill





Raju Sundas speaking at the training program at Cincinnati, USA.




# Global Impact of HCM Ministries, Nepal

## HCM चर्च सेवकाईको विश्वव्यापी प्रभाव


ARCTIC OCEAN
SVALBARD (NORWAY)
RUSSIA
SWEDEN
FINLAND
NORWAY
ESTONIA
LATVIA
LITHUANIA
DENMARK
UNITED KINGDOM
BELARUS
POLAND
GERMANY
UKRAINE
MOLDOVA
ROMANIA
BULGARIA
FRANCE
SPAIN
ITALY
GREECE
TURKEY
KAZAKHSTAN
MONGOLIA
UZBEKISTAN
TURKMENISTAN
AFGHANISTAN
CHINA
NORTH KOREA
SOUTH KOREA
JAPAN
PACIFIC OCEAN
SYRIA
IRAQ
IRAN
PAKISTAN
INDIA
SAUDI ARABIA
OMAN
YEMEN
ERITREA
MOROCCO
ALGERIA
LIBYA
EGYPT
MALI
NIGER
CHAD
SUDAN
BURKINA FASO
NIGERIA
CÔTE D'IVOIRE
GHANA
CENTRAL AFRICAN REPUBLIC
SOUT SUDAN
ETHIOPIA
SOMALIA
CAMEROON
GABON
CONGO
DEMOCRATIC REPUBLIC OF THE CONGO
UGANDA
KENYA
TANZANIA
ANGOLA
ZAMBIA
ZIMBAWE
MOZAMBIQUE
MADAGASCAR
NAMIBIA
BOTSWANA
SOUTH AFRICA
SEYCHELLES
COMOROS
MAURITUS
REUNION (FRANCE)
MYANMAR (BURMA)
LAOS
THAILAND
CAMBODIA
TAIWAN
PHILIPPINES
GUAM
MALAYSIA
INDONESIA
PAPUA NEW GUINEA
SOLOMON ISLANDS
VANUATU
FIJI
NEW CALEDONIA (FRANCE)
INDIAN OCEAN
AUSTRALIA
NEW ZELAND
FRENCH SOUTHERN AND ANTARTIC LANDS (FRANCE)
HEARD ISLAND (AUSTRALIA)
SOUTHERN OCEAN




एच.सि.एम.को एकल प्रयास तथा साझेदारीमा ४७२ वटा चर्च स्थापना
472 Churches planted in our own initiative and in partnership.

एच.बि.टि.सि.का विद्यार्थीहरुले सेवा प्रदान गरिराख्नुभएको स्थानहरु
HBTC students serving the Lord in different locations of Nepal.

नोटः होसन्ना सेवकाई नेपालबाट हुर्काइएका एक जना परमेश्वरका महान सेवक रेभ.पा. राजु लामाज्यूले मात्र १० वर्षको अन्तरालमा ३०० भन्दा बढी चर्च स्थापना गर्नुभएको छ ।
Note: One of the disciples of HCM Church, Rev.Ps. Raju Lama have planted 300 Churches during 10 years of time interval.

# Nationalwide Impact of HCM Ministries & HBTC training

## HCM चर्च तथा HBTC तालिमको राष्ट्रव्यापी प्रभाव

20 Churches

11 Students

17 Churches

Gandaki Province 4

23 Students

25 Churches

| Districts | Churches | Students |
|---|---|---|
| Dolpa | 3 | 3 |
| Gulmi | 4 | - |
| Pyuthan | 7 | - |
| Lamjung | 5 | 3 |
| Gorkha | 3 | 8 |
| Rasuwa | 5 | 10 |
| Dhading | 10 | 8 |
| Chitwan | 7 | 10 |
| Parsa | 5 | 5 |
| Makwanpur | 10 | 20 |
| Nuwakot | 5 | 10 |
| Sindhupalchok | 5 | 10 |
| Dolkha | 5 | 15 |

| Districts | Churches | Students |
|---|---|---|
| Kathmandu<br>Lalitpur<br>Bhaktapur | 59 | 70 |
| Ramechhap | - | 10 |
| Sindhuli | 3 | 10 |
| Sarlahi<br>Mahottari | 15 | 35 |
| Solokhumbhu | 5 | 5 |
| Okhaldhunga | 5 | 10 |
| Sankhuwasabha | 6 | 7 |
| Taplejung | 6 | 15 |
| Khotang | 5 | 10 |
| Bhojpur | 3 | 25 |
| Panchtar | 2 | 10 |
| kavre | 5 | 20 |
| Bara | 5 | 15 |
| Udayapur | 5 | 20 |
| Rautahat | 5 | 12 |

**Total Church Planted 472**

**Total Student Trained 680**





■ दिनेश सिग्देल

# हामी आफै बाधक बनेर उभिएका हुन्छौं

हाम्रो समाज यस्तो सामाजिक संरचनाले घेरिएको छ जुन संरचनाको सीमारेखाभन्दा बाहिर सोच्यो भने तपाई सामाजिक व्यक्ति होइन, उपेक्षित र घृणित पात्र बन्नुहुन्छ । भनिन्छ, नेपाली समाजको वर्ण व्यवस्था हेर्ने हो भने जीवनमा उन्नती प्रगती गर्नलाई उच्चजात र सम्पन्न परिवारमा जन्मनु पर्दछ ।

हाम्रो समाज सङ्कुचित विचार तथा गरीब मानिसकताले गुज्रिएको छ । यस्तो परिवेशले प्रगती गर्नलाई बाधा पुऱ्याएको उदाहरणहरू हामीले पाउँछौं । वर्तमान अवस्थामा पनि हाम्रा वरिपरिको परिस्थितिले यही कुरालाई पुष्टि गरिरहेका छन् । सामान्य परिवारमा जन्मियौं भने हाम्रो भविष्यको लक्ष्य, सपना, इच्छा र अकांक्षाहरू साधारण जीवन बाँच्न पाउँनु नै हुन्छ । ठूलो सोच राख्नु मुर्खता जस्तै हुन्छ । किनकी ठूलो सोच राख्नु भनेको आफ्नो पहुँचभन्दा माथिको बुझिन्छ । जमिनमा बसेर आकाशलाई छुने प्रयास गर्नु जस्तै बुझिन्छ ।

नेपाली समाजमा फरक सोच लिएर अगाडि बढ्ने प्रयत्न गर्नु भनेको समाज र परिवारबाट बहिष्कृत हुनु जस्तै हो । त्यसैले कतिपय युवाहरूले आफ्नो सोचलाई मारेर समाजले निर्धारण गरेको परम्परागत विचारलाई पछ्याएको देखिन्छ । तर मेरो परिवेश फरक थियो । म भिन्न सोचविचार राखेर हिड्ने र केही गर्ने इच्छा भएको व्यक्ति थिए ।

म यस्तो परिवारमा जन्मिए जहाँ हिन्दु धर्मप्रति अत्यन्त गहिरो आस्था राखिन्थ्यो । मेरो युवा अवस्था हिन्दु धर्मको कर्मकाण्ड पछ्याउँदै बितेको थियो । हिन्दु धर्मको प्रभावले होला, मेरो दैनिकी धेरैजसो यसैको रितिरिवाज पछ्याएर अगाडि बढ्दैं थियो । कामको सिलसिलामा भारतको नागाल्याण्डमा पुगेको थिए । त्यहाँ साथीभाईसँग एक दिन चर्च जाने मौँका पाए । मण्डली प्रवेश गर्दा मलाई अलिक फरक वातावरणमा आएको अनुभव भयो । जहाँ प्रेम सद्भाव र आत्मीयताको अनुभूतिले मलाई खिच्यो । त्यहाँ गरिएको कृयाकलापले मोहित बनायो । अन्ततः सन १९८४ मा मैले प्रभु येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गरे ।

मलाई महसुश भयो कि, मैले प्रभु नचिने पनि उहाँले मलाई चिन्नु भएको रहेछ । उहाँको योजना

भएका कारण उहाँलाई चिन्ने मौँका पाए । येशूलाई चिन्नुभन्दा अघिल्ला दिनहरूमा धर्मकर्मप्रति तल्लीन भएता पनि कुनै शान्तिको अनुभूति गरेको थिइन । तर येशू खीष्टको प्राप्तिपछि नयाँ शान्ति र आनन्दको अनुभूतिको सुरूवात जीवनमा हुन गयो । खीष्टको आगमनले मेरो जीवनप्रति हेर्ने दृष्टिकोण नै परिर्वतन हुनुको साथै व्यवहारिक पक्षमा सकारात्मक परिवर्तनको सुरूवात हुन थाल्यो । जीवनको त्यो मोडमा थाहा भयो साँचो आत्मिक अनुभव भनेको खीष्टसँगको सम्बन्धमा रहेछ ।

म काठमाडौंमा श्रीमती र दुई छोरीसँग बस्न सुरू गरे । मेरो जागीर थिएन । व्यापार पनि थिएन । तर जीवनमा केही गर्नुपर्छ भन्ने सोच चाहिँ मरेको थिएन । यो सोच त्यत्ति बेला झन् बालियो भएर आयो जब येशू मेरो जीवनमा आउनुभयो । म विभिन्न बैंकमा शेयर हाल्ने काम गर्दै थिए । धेरथोर आर्थिक जोहो गर्ने काम हुन्थ्यो । म जोरपाटिस्थित होसन्ना मण्डलीको सक्रिय सदस्यमात्र होइन अगुवाको भूमिकामा पुगिसकेको थिए । मण्डलीको हौसला र प्रेरणाले केही गर्नुपर्छ भन्ने सोचमा मलजल गर्ने काम गरिराखेको थियो ।

उद्योगधन्दाको बारेमा बनाएका योजना पुरा नहुँदा धैरै पटक नआत्तिएको होइन । तर प्रभुले र होसन्ना मण्डलीको अटल साथ र समर्थनले (सम्भवत नेपालमा पहिलो) साथीहरूको सहकार्यमा किबी खेती गर्ने निश्कर्षमा पुगे । खेती सुरूवात गर्ने निर्णय त गरियो तर यसको प्राविधिक पक्ष भने जटिल र प्रक्रिया गाह्रो देखिन थाल्यो । हामीले सुनिआएको भनाईलाई यहाँ जोड्न चाहान्छु रात जति नै अन्धकार भएपनि बिहानी अवश्य आउँछ । यही भनाईको  सत्यता मेरो जीवनमा प्रमाणित भयो । अन्ततः २०६९ सालमा सिन्धुपाल्चोकको बोटेचौरमा जग्गा भाडामा लिएर किबी खेतीको सुरूवात गरियो ।

थप सङ्घर्ष र परिश्रमको सुरूवात त्यही दिनबाट सुरूभयो । जुन सङ्घर्ष मैले सहर्ष स्वीकार गरे । मित्रहरूसँग हातेमालो गरेर सपना पुरा गर्न लागि पर्‍यौं । यो परिश्रम र सङ्घर्षको बीचमा होसन्ना मण्डलीको प्रार्थनाले दियोमा तेल सकिएको बेला तेल थप्ने काम गरिरहेको थियो । नभन्दै हामीले सुरू गरेको किबीको व्यापार वृद्धि हुन थाल्यो । विस्तारै बजारमा माग बढ्न थाल्यो । यो उत्पादनले हामी सबैलाई हौसला दियो । यसलाई वृद्धि गरेर अझ बृहत रूपमा अगाडि बढाउने निर्णय भएकोले अहिले ३ सय रोपनी जग्गामा उत्पादन सुरू गरिएको छ । उत्पादनको साथै हाम्रो कामको कदर सरकारले पनि गरेको छ । जुन प्रेरणाले हामीलाई अझ हौसला मिल्यो । काममा लगनशील भएर अगाडि बढिरहेका छौं ।

**म यस्तो परिवारमा जन्मिए जहाँ हिन्दु धर्मप्रति अत्यन्त गहिरो आस्था राखिन्थ्यो । मेरो युवा अवस्था हिन्दु धर्मको कर्मकाण्ड पछ्याउँदै बितेको थियो ।**



किबीको व्यापार फस्टाउँदै गयो । हाम्रो उत्पादनले बजारको धैरै माग ओगटेको छ । हामीले थौरै मात्रामा उत्पादन गर्ने सोच बनाएका थियौं । तर अहिले राष्ट्रियस्तरको उत्पादन हुन पुगेको छ । यो प्रगतिको र उन्नतीको श्रेय हाम्रो एकमात्र परमेश्वरलाई जान्छ । मेरो कमजोर र दुर्बल अवस्थामा बैसाखी भएर होसन्ना मण्डली उभिएको कारणले आज सिन्धुपालचोकमा मलाई "किबीको राजा" भनेर सम्बोधन गर्दा त्यो दिनको याद आउँछ, जुनदिन मसँग परमेश्वर र केही गर्छु भन्ने सोचबाहेक केही थिएन ।

म आग्रह गर्न चाहान्छु । तपाईसँग केही छैन भने केही गर्नको लागि खीष्टलाई पक्रिएर केही गर्न सक्छु भन्ने सोच लिएर जहाँ हुनुहुन्छ त्यहीबाट उठ्नुस् । तपाईको प्रगति र उन्नतीको बाधक कोही पनि छैन । धेरैपटक हामी आफैं बाधक बनेर उभिएका हुन्छौं । नपत्याए आफैंलाई नियाल्नुस् त एक पटक !

# We Become Our Own Obstacles

**- Dinesh Kumar Sigdel**

Jeremiah 29:11 For I know the thoughts that I think toward you, says the LORD, thoughts of peace and not of evil, to give you a future and a hope.

Our society is based on a social structure that defines who you are according to where you're born within that structure. If you are born outside the acceptable boundaries of that structure, you are considered a worthless, insignificant person. You are an outcast and there is no chance for you or your family to make any progress in life.

Our society has sadly been shaped by narrow minds and poor mentality. We find several examples of social hindrances that thwart its progress. The situation around us confirms this. One's future goals, dreams, desires and aspirations for life are defined for you, at birth, according to which household you are born into. If you are born into a simple family, then you can only expect to live a simple, insignificant life. According to our society, it would be foolish to think big because thinking big is beyond your reach.

Anyone who tries to move forward with a different mindset in the Nepali society would be excluded from society and the family. So some young people let their dreams die, and returned back to the traditional ideas set by society. I was born into such a simple family, but I had a different mindset and a strong desire to do something.

I was born into a Hindu family. My youth was spent dutifully following Hindu rituals. Then later in my youth, I traveled to Nagaland, India for some work. There I had an opportunity to go to a church with some friends. As I entered the church, I felt something different – there was a sense of peace and joy. I was drawn to the feeling of love, harmony and intimacy. I was fascinated by the church services, and the messages I hear about God's love for me. Finally, in 1984, I accepted the Lord Jesus as my Savior.

Now that I know God and His love for me, I realize that the Lord always knew me, even if I didn't know Him. He has good and wonderful plans for my life, and the greatest of this plan is for me to know Him. Before I knew Jesus, I had not felt any peace even though I was immersed in religion and religious activities. But, after inviting Jesus Christ to be my Lord and Master, a new experience of peace and joy filled my heart. My coming to Christ changed my outlook on life, and it also brought positive changes in my behaviors. I realized then that true spiritual experience exists only in a relationship with Christ.

I started living in Kathmandu with my wife and two daughters. I didn't have a job, but

had a desire to do something outstanding with my life. This desire strengthened when Jesus entered my life and I knew He has good plans for me. I was investing in shares of different banks and making a decent income. I was also an active member as well as a leader of Hosanna Church, Jorpati. Encouraged and inspired by the church, I aspired to achieve my dream of doing something special with my life.

I panicked many times when my plans for businesses were not fulfilled. But, with the unwavering support of the Lord and Hosanna Church, I decided to start a Kiwi farm (probably the first in Nepal) with the help of some friends. I had made the decision, but the technical issues became complicated and the process difficult. After much struggles and challenges, finally, in 2012-13, we started Kiwi farming in Bhotechaur, Sindhupalchowk. This adage has proven true in my life —"No matter how dark the night is, the morning will come for sure."

More struggles and hard work came after we started farming. I gladly accepted the struggles and we were determined to fulfill the dream by working together. In the midst of this, the prayers of Hosanna Church added oil to our lamp when it was running out. Kiwi farming started to prosper. Gradually, the demand increased. This encouraged us all. To meet the increased demand, we expanded our capacity and soon we had 300 ropanis of farming land. The government also acknowledged our work. And this inspired and encouraged us to keep moving forward with diligence.

> **I was born into a family which had a deep faith in Hinduism. My youth was spent by duly following the Hindu rituals.**

The Kiwi farming business continued booming. Our production was able to meet the large demand of the market. We had thought of producing only in small quantities. But, our farm was producing kiwi fruits to meet the demands at the national level. The credit for this progress and prosperity goes only to our God! Today when I am called the "King of Kiwi" in Sindhupalchowk, I am reminded of that day when I had nothing but God, and the knowledge that He has good plans for my life and the thought of doing something.

If you feel like you are not achieving or not going anywhere with your life, remind yourself that you can do excellently by beholding Jesus and seeing that He has already given you victory at the cross. With God all things are possible. Therefore if you hold on to Him, trust and depend on Him, He will do all things for you and through you. With Christ on your side, you will be able to overcome all obstacles to your progress and prosperity. Often times, we limit ourselves and therefore limit what God can do for us. Remember, He only has good plans for you and in Christ, your path will be brighter and brighter!



■ विन्देश्वरी राना मगर 'सानु'

# सोच बदलौं, आँट गरौं

जीवनका पाइलाहरू अगाडि बढाउँदै गर्दा कहिलेकाही बाटो बिराइदो रहेछ। बिराएका बाटोले जीवनको पाटोलाई बदल्दो पनि रहेछ। जीवनको गतिमा पूर्णविराम लगाईदिदो पनि रहेछ। मोडिएका पाइलालाई सही बाटोतर्फ फर्काउँन अदम्य साहस र आँटको खाँचो हुँदो रहेछ। साहसको लागि एउटै कुराले भूमिका खेल्दो रहेछ। त्यो हो जीवनमा लिएको निर्णय। निर्णय नै जीवनरूपी डुङ्गाको चालक रहेछ, जसले दिशानिर्देश गर्दो रहेछ।

बुवाआमासहित् हामी स्वयम्भुमा बस्थ्यौं। १४ वर्षको उमेरमा प्रेम विवाह भयो। बालापन त्यागेर परिवारको ठूलो जिम्मेवारीलाई बहन गर्नुपर्दा मेरो कलिलो मानस्पटलमा बोझको आभास भयो। बुवाआमा मेरो भविष्यलाई सुनिश्चित गर्न चाहानु हुन्थ्यो। तर मैले सानै उमेरमा विवाह गरेपछि द:खित् हुनुभयो। मेरो श्रीमान आर्थिक रूपमा गरीब भएकाले बुवाले मेरो वास्था गर्न छोड्नु भएन। विवाहको तीन महिनापछि मेरो गर्भमा प्रेमको निशानी पनि आइसकेको थियो। २०५८ पुस ९ गते छोरीको जन्म भयो। छोरी जन्मेको खबर सुनिसकेपछि मेरो निर्णयबाट दु:खी हुनुभएको बुवा खुसी हुनुभयो। उहाँ मलाई समय समयमा आफ्नो भविष्य त बिगारिस् छोरीको भविष्यचाहिँ सुनिश्चित गर्नु भनेर सम्झाउनु हुन्थ्यो। उहाँले मलाई डाक्टर बनाउँने इच्छाले पूर्णता नपाएकोले गर्दा छोरीलाई उचित् शिक्षादिक्षा देओस् भन्ने चाहनु हुन्थ्यो।

समयले बुवाको मप्रतिको प्रेमलाई देखिसहेन। २०६३ सालमा हृदयघात्‌बाट बुवाको देहान्त भयो। मैले राखेको भरोसा ढल्यो। पिडाले विच्छिप्त तुल्याँयो। घरको आर्थिक भार श्रीमानले डकर्मी काम गरेर धान्नु हुन्थ्यो। बुवालाई गुमाउँनुको पिडासँगै समस्याको आँधी हुरी जीवनमा आउन रोकिएनन्।

मेरो श्रीमान्‌को शरीरलाई दुष्टआत्माले पक्रेको थियो। उहाँलाई समय समयमा छोप्ने गर्थ्यो। छोप्दा उहाँको अधिकांश शरीरका अङ्गहरू बटारिन्थे। छोड्छ कि भनि संक्रान्ति, औंशी, पूर्ण, मसान्त जस्ता तिथिमा विजेश्वरी माताको मन्दिरमा

भाँकलको भाग लिएर जान्थ्यौं । श्रीमानलाई झारफुक गर्ने ठाउँमा लिएर जान्थे । छोप्न छोडेपछि १०२ डिग्रीसम्म ज्वरो आउने । शरीर आँगो जस्तो हुने भएकोले रातभरी हम्किएर राख्नुपर्थ्यो । मैले ममी र ठूलो ममीलाई भेट्न आउँने बेला योङ्गीता लामाले मलाई भन्नुभयो ' नानी शनिबार चर्चमा आएर हेर्नु, मनमा शान्तिको महसुश हुन्छ ।' म सोच्थे, किन जानु बेकारमा । म जाँदिन भन्थे । तर मनमनै सोच्थे किन ठूलो हुनु बोलाएको मात्र हो, मानको अपमान किन गर्नु । जान्छु भन्ने सोचले म आउँथे । तर आउने बेला बाटोमा गणेशको मन्दिरमा टिका लगाएर आउँथे । २०६५ सालमा होसन्ना मण्डली आउँदै जाँदा मैले सोचे चर्चमा आयो भने मेरो श्रीमानको व्यथा हट्छ कि ?

मण्डलीका पाष्टरज्यूलाई सबै कुरा बताएपछि उहाँले भन्नुभयो 'नानी विश्वास गर्नु अवश्य छुट्कारा पाउँनु हुन्छ ।' सबै कुरा श्रीमान्लाई बताए । शनिबारको आराधनामा परिवार नै चर्च गयौँ । केही समयपछि मैले र श्रीमानले प्रभु येशू ख्रीष्ट हाम्रो मुक्तिदाता हुनुहुन्छ भनी ग्रहण गऱ्यौँ । श्रीमानलाई छोप्ने व्यथाबाट छुट्कारा होस् भनि हामी निरन्तर प्रभुमा अगाडि बढ्यौँ । देख्दा या सुन्दा यो स्वार्थको निम्ति गरिएको निर्णय जस्तो लाग्न सक्थ्यो तर वास्तवमा त्यही नै यथार्थ थियो ।

**मेरो श्रीमान्को शरीरलाई दुष्टआत्माले पक्डेको थियो । उहाँलाई समय समयमा छोप्ने गर्थ्यो । छोप्दा उहाँको अधिकांश शरीरका अङ्गहरु बटारिन्थे ।**

परमप्रभुको अनुग्रह र कृपाद्वारा मेरो श्रीमान निको हुनुभयो । श्रीमान् निको भएपछि मलाई अझ धेरै कुरा सिक्ने इच्छा लाग्यो । २०६६ सालमा होसन्ना मण्डलीद्वारा बाइवलीय तालिम सञ्चालन भएको थियो । तालिममा सहभागी भएँ । त्यसपछि मैले होसन्ना चर्चमा सेवा गर्न थाले ।



घरेलु चर्च बलचौर, कैलाली

काम गर्ने क्रममा केहीले पढाई त्यति रहेनछ भन्थे। अनि त्यस्तै व्यवहार गर्थे। सय पटक लडे पनि म हिड्न छोड्ने छैन भनेर मैले पढ्ने निर्णय गरे। तर सजिलो रहेन। घर परिवारको जिम्मेवारी अनि पढाई। मैले ३० वर्षको उमेरमा फेरी बिद्यालय जाने निर्णय लिए। मेरो निर्णय सुनेर कतिले त ‘छोरीलाई पढाउँने बेला के आफू पढेको, उमेर गइसकेपछि पढेर कोही उभो लाग्दैन’ भन्थे। सहमत हुनेहरूले पढाईमा निरन्तरता दिनुपर्छ भनेर उत्साह दिए।

मानिसहरूको निराशावादी कुरा सुन्न छोडेर मैले २०७२ सालमा एस.एल.सी दिए। सोचेको थिइन पास हुन्छु भनेर, तर भएँ। प्रभुले नसोचेको मानिसहरूलाई जुटाएर पठन्पाठनमा सहायता गर्नुभयो। हाल म बि.ए. तेस्रो वर्षको नतिजाको प्रतिक्षामा छु। बिगतमा बटुल्न नपाएका खुसीका अनुभवहरूलाई बटुल्ने मौंका पाएँ।

प्राय: महिलाहरू सोच्ने गर्छन गृहणी भएपछि केही गर्न सकिदैंन। तर मैले त्यस्तो सोचाईलाई गलत प्रमाणित गर्न सफल भए। म जस्ता धेरै गृहणीहरू जसले आफूलाई घरधन्दामा व्यस्त बनाएका छन्। उनीहरू आफ्नो क्षमतालाई सही तवरबाट पहिचान गर्न वञ्चित भइरहेका छन्। त्यसैले सबैले आफ्नो सोच बदलौं, केही गरेर देखाउन सक्छु भनेर आँट गरौं।

मलाई उत्साह दिने मेरो श्रीमान् र होसन्ना मण्डलीका अग्रजहरूप्रति म अत्यन्तै धन्यवादी छु। यद्यापि मेरो श्रीमान्को पढाई नभएता पनि मलाई र छोरीलाई पढ्नु पर्छ भनेर सधैं उत्साह दिनुहुन्छ।

**परमप्रभुको अनुग्रह र कृपाद्वारा मेरो श्रीमान निको हुनुभयो। श्रीमान निको भएपछि मलाई अझ धेरै कुरा सिक्ने इच्छा लाग्यो। २०६६ सालमा होसन्ना मण्डलीद्वारा बाइवलीय तालिम सञ्चालन भएको थियो। तालिममा सहभागी भए। त्यपछि मैले होसन्ना मण्डलीमा सेवा गर्न थाले।**

परमेश्वरलाई धन्यवाद दिन्छु। परमेश्वरको वचन अनुसार हितोपदेश १६:३ ले भन्दछ “तैंले गर्ने जुनसुकै कुरा परमप्रभुलाई सुम्पिदे र तेरा योजनाहरू सफल हुनेछन।” मैले आफ्ना योजनाहरू परमप्रभुमा राखे त्यसमा उहाँले मेरा कदमहरूलाई सफल बनाउँनुभयो। साथै होसन्ना मण्डलीका अग्रजहरू, सहकर्मी साथीहरू र मेरा शुभचिन्तकहरू जसले मलाई पढाईप्रति उत्प्रेरित गर्नु भयो सबैलाई धन्यवाद दिन चाहन्छु।



बादि समुदायको कामको लागि अध्ययन गर्ने क्रममा नेपालगंजमा खिचिएको तस्विर

# Be Brave, Change the Mindset

- Bindeshwari Rana Magar 'Sanu'

The paths we take, or decided for us can change the course of our life, cause us to be lost and filled with regrets. It can rob us of the simple joys and meanings of life. It takes indomitable courage, fortitude and wisdom to make the decision and all the necessary changes to go on the right path.

We used to live with our parents in Swayambhu. When I got married at the age of 14, I felt a great burden in my young mind. I was giving up my childhood to shoulder the big responsibility of a family. My parents had wanted to ensure my future. And they did so by arranging for me to be married at a very young age. But I was very sad. As my husband was financially poor, my father didn't stop caring for me.

After three months of marriage, I already had a gift of love in my womb. My daughter was born on December 26, 2001. My father was happy to hear the news of my daughter's birth and believed he did the right thing to marry me off. He would remind me from time to time to ensure the future of his granddaughter. He wanted me to give her a proper education as his desire for me to become a doctor was not fulfilled.

Time robbed me of my father's love. In 2007, he died of a heart attack. My faith was shattered and it took a while for the pain to dissipate.

My husband used to support the family by working as a carpenter. My husband was frequently possessed by an evil spirit. During each episode, his body would curl up. We used to go to the Bijeshwori Temple on Sankranti (first day of a lunar month), Aushi (new moon), Purne (full moon) and Masanta (last day of a lunar month), and worshipped for his health. I used to take him to the shamans. Whenever the evil spirit dispossessed his body, his temperature would rise up to 102

> My husband's body was frequently possessed by an evil spirit. During possession, his body would curl up.

degrees. As his body used to be hot like fire, I would have to look after him all night.

One day, my mum and aunt visited me, and Yongita Lama said to me, "Come to church

on Saturday, you will find peace." I used to reject the idea of going to church. But as Yongita asked me, I felt no reason why I shouldn't go. So I started visiting church. While on the way to church, I would go to a Ganesh temple and put tika on my forehead. During my visits to Hosanna Church in 2008, I would wonder if my husband could be delivered if he came to church.

After sharing my problems with the Pastor, he said, "Believe in God. He can heal and your husband will recover." Our family continued going to church to worship on Saturday. We learnt more and more about the Lord Jesus and His sacrifice for us at the cross. After a few months, my husband and I accepted the Lord Jesus as our Savior. We constantly went to the Lord to ask for my husband to be set free from possession.

> **After telling all my problems to the Pastor, he said, "Believe in God, he will recover."**

Praise be to the Lord, my husband was finally set free and healed. After he recovered, I wanted to learn more about God. I participated in the Bible training sessions conducted by Hosanna Church in 2009-10. Thereafter, I began to serve in the church.

At work, I hear murmurings that my education was not enough. Some would treat me accordingly with little respect .This prompted me to finally decide to study again, at the age of 30. It was not easy to study and handle the household responsibilities. On top of that, I faced criticism for my decision; "Why are you studying at this age when your own daughter is also attending the school?", "It is difficult to make progress studying at this age."  I am thankful to the people who supported my decision and who continue to encourage me.

I stopped listening to the pessimistic nay-sayers, and sat for the SLC examination in 2015. I was not confident of passing, but I did! I thank the Lord for through Him all things are possible! I thank Him for His help with my studies. Currently, I am a third year B.A. student waiting for my result and I am so grateful to have this opportunity to experience the triumphant moments in my life which I did not have in the past.

Many women think that there is nothing they can do after becoming a housewife. Women like me are busy with household and family chores and are deprived of the opportunity to realize their potential. But, let's change our mindset, and let's dare to do something because God is for us! I am very grateful to my husband and the leaders of Hosanna Church for encouraging me. Even though my husband is not educated himself, he always encourages me and my daughter to study.

Above all, I would like to thank God. According to Proverbs 16:3, "Commit to the Lord whatever you do, and he will establish your plans." I put my plans to the Lord, and He made me successful. I would also like to thank the leaders of Hosanna Church, colleagues, and my well-wishers who inspired me to study.

# होसन्ना चर्च सुन्दरीजल, नयाँपाटी वडा नं. ५ बाट स्थानान्तरण भई संगती सुरु गरिएको दोस्रो भवनको दोस्रो तल्ला



जोरपाटी स्थित लामा पेट्रोल पम्प अगाडीको भवन



■ सन्तोष गुरुङ

# प्रभुमा राखेको आशाले निराशा गराउदैंन

सन् १९९४ मा दक्षिण कोरिया गएको थिए । सुवन सिटीस्थित सुवन बल्व ग्लास कम्पनीमा कार्यरत थिएँ । कामबाट फुर्सद हुंदा साथीहरूसँग कम्पनी नजिकैका ठाउँहरूमा घुम्न जान्थ्यौं । सँगै काम गर्ने साथीको जन्मदिनमा हामीले उत्सवमा गर्‍यौं । त्यही क्रममा मेरो थाईल्याण्डको एक युवतीसँग परिचय भयो । नियमित रूपमा फोन मार्फत् कुरा गर्दै हामी नजिकियौं । प्रेम भयो । प्रेमलाई विवाहमा परिणत गरियो । विवाह भएको तीन वर्षपछि सन् २००२ मा मेरो परिवारमा मैले जानकारी दिए । तर उनले आफ्नो परिवारमा जानकारी दिइसकेकी थिइन् । उनको परिवार विश्वासी भएकाले सहर्ष स्वीकार गर्नुभयो ।

सन् २००६ मा उनी आफ्नो जन्मभूमि थाइल्याण्ड फर्किइन । सन् २००८ को जुलाईमा म नेपाल फर्किए । सेप्टेम्बरमा थाइल्याण्ड गए । थाइल्याण्डको ख्रीष्टियन रितिरिवाज अनुसार त्यहाँ हाम्रो पुनः विवाह भयो । हामी नेपाल फर्कियौं । मैले उनलाई मेरो घर पोखरा लगे । त्यस पश्चात् म र श्रीमती काठमाडौंको नारायणटारमा घर किन्यौं । श्रीमती विश्वासी भएकाले चर्च जाने इच्छा गरिन् । सोध-पुछ गर्दै हामी होसन्ना मण्डलीमा आयौं । होसन्ना मण्डलीकै सेवा संगतिमा आवद्ध भयौं ।

मैले माइक्रो बसको व्यवसाय सुरू गरे । काम गर्दै जाँदा कसैले मलाई प्रश्न गर्‍यो । दाई हजुरको बच्चाबच्ची छैनन ? उत्तर दिए, छैनन् । दिन बित्दै जाँदा यी प्रश्नहरू कानमा गुन्जिदैं गए । सुरूमा त ती प्रश्न सामान्य लागेको थियो । तर एकपछि अर्को व्यक्तिका प्रश्नले मलाई असामान्य लागि सकेको थियो ।

सन्तानको इच्छा थियो तर भइरहेको थिएन । साथीभाईको छोराछोरी देख्दा रहर नलागेको होइन् । विवाह भएको धेरै वर्ष भइसकेको थियो । सन्तानको सुखचाहिँ प्राप्त भएको थिएन । हाम्रो पारिवारिक सरसल्लाह समय समयमा हुन्थ्यो । धेरैले पटक–पटक प्रश्न दोहोर्‍याउँदा त्यही प्रश्न मेरो मनमा काँडा बनेर बिझिसकेको थियो । मानिसका अस्वभाविक प्रश्नले आफ्नै पुरुषत्वमाथि प्रश्न खडा गरिसकेको

थियो । समाजले मेरी श्रीमतीलाई बाँझी नामाकरण गरिसकेको थियो । दिदीबहिनीले थारै बस्छिन कि भनेर व्यङ्ग गर्दथे । प्यारालाइसिशले थलिएकी आमाको पनि नातिनातिनाको मुख हेर्ने ठूलो इच्छा थियो ।

हामी काठमाडौँका नाम चलेका अस्पतालहरूमा गयौँ । चिकित्सकका शरण पर्‍यौँ । ओँम अस्पताल पुग्यौँ । चिकित्सकको सल्लाह अनुसार पाठेघरको नलीमा केही जाम भएकोले बच्चा नभएको थाहा पाएपछि शल्यक्रिया गर्‍यौँ । तर ६ महिनासम्म पनि बच्चा भएन । सन् २०१० मा ओँम अस्पतालमै ७ पटकसम्म IUI गर्‍यौँ । सन्तान गर्भमा आएन । अस्पतालमा झन्डै ४ लाख रुपियाँ खर्च भयो । सन् २०११ मा ग्लोबल अस्पतालमा IVF गरियो । तर बच्चा भएन । हाम्रा सम्पूर्ण प्रयासहरू निरर्थक भए ।

सहयोग मागेका सबै ढोकाहरू मेरा निमित्त बन्द भएकाले म भित्रैदेखि थाकिसकेको थिए । जब मैले परमेश्वरको वचनको "हे सबै थाकेका र बोझ्ले दबिएका हो, म कहाँ आओ, म तिमहिरूलाई विश्राम दिनेछु" भन्ने खण्डलाई स्मरण गरे । नयाँ आशा उत्पन्न भयो । परमेश्वरप्रतिको विश्वास्ततालाई शिरोपर गर्दै प्रत्येक आराधना संगतिमा मण्डलीमा उपस्थित भए । निरन्तर प्रार्थनाद्वारा आफ्नो विन्ति जाहेर गरेँ । उहाँको शान्त पानीको छेउ र धार्मिकताको मार्गमा डोरिदैँ गएँ ।

परमेश्वरसँगको सम्बन्धलाई प्रगाढ् बनाउँदै गर्दा पीडाको पर्खालमा अर्को ईट्टा थपियो । सन् २०१२ मा पक्षघातले थलिएकी आमा एक्कासी लड्नु भयो । मेडिकेयर अस्पतालमा लग्यौँ । शरीरमा क्यान्सरको दबाई चलाइयो । ४ पटकसम्म केमो दिइयो । तर शरीरको अवस्था बिग्रिदैँ गयो । अस्पतालको उपचारबाट कुनै लछारपाटो लाग्ला जस्तो नदेखेपछि ललितपुरको चाइनिज् अस्पतालमा लग्यौँ । बिरामीको अवस्था हेरेर उनीहरूले घरायसी तवरबाट तयार पारेको औषधी दिए ।

कतैबाट आशा पलाउने ठाउँहरू देखिएन । प्रभुप्रतिको मेरो र श्रीमतीको दृढ भरोसा भने पूर्ण हटिसकेको थिएन । श्रीमती मलाई बेलाबेलामा प्रभुले हाम्रो

**सन्तानको इच्छा थियो तर भइरहेको थिएन । साथीभाईको छोराछोरी देख्दा रहर नलागेको होइन् । विवाह भएको धेरै वर्ष भइसकेको थियो । सन्तानको सुखचाहिँ प्राप्त भएको थिएन ।**

जीवनमा आश्चर्यको काम गर्नुहुन्छ, मानिसहरूले हाम्रो जीवनबाट परमेश्वरका महिमित कामहरू आषिशको झरीझैँ बगेको देख्नेछन्, तपाई हतास् नहुनु भनि प्रेरणा दिन्थिन । म विश्वासमा अझैँ दरिलो बन्थे । हामी परमेश्वरमा लिन भयौँ । मण्डलीका अगुवाहरू लगायत अन्य विश्वासीहरूको निरन्तर प्रार्थना र संगतिले मेरो आमाको स्वास्थ्यमा सुधार हुँदै गयो । वर्षौंदेखि जीर्ण शरीर आफैँ उठेर नित्यकर्म गर्नसक्ने भयो । परमेश्वरलाई स्तुति होस् उहाँको कृपा आमाको जीवनमा देखियो ।

मण्डलीले तीन दिने सेमिनारको आयोजना गरेको थियो । उक्त सेमिनारमा भारतबाट पा. रविचन्द्र आउनु भएको थियो । श्रीमती पनि सेमिनारमा सहभागी भइन् । सेमिनारको अन्तिम दिनमा पा. रविचन्द्रले



सन्तोष गुरुङ्ग आफ्नो परिवारका साथमा

सम्पूर्णलाई प्रार्थना गर्दै जाँदा मेरी श्रीमतीको शरीरमा हात राखेर अबको तीन महिनाभित्रमा तपाईको सन्तान गर्भमा आउँने छ भनि अगमवाणी गर्नुभएछ। श्रमितीले बेलुका घर आएपछि बेलिविस्तार लगाइन। कहिलेकाही मण्डलीका अगुवाहरू भेटघाट हुँदा, सन्तान हुनेभयो बधाई छ हैं भन्ने गर्थे। लाग्थ्यो अब हास्यव्यङ्ग्य गर्न मण्डलीकाहरूले पनि बाँकी नराख्ने भए।

केही समयपछि श्रीमतीले महिनावारी रोकिएको कुरा बहिनीलाई व्यक्त गरिन। नन्द भाउजुको सल्लाह अनुसार नजिकैंको औषधी पसलबाट गर्भ जाँच गर्ने यन्त्र ल्याएर जाँच गर्दा नतिजा पोजिटिभ आएछ। अर्को दिन औँम अस्पतालमा गएर जाँच गऱ्यौं। नतिजा सकारात्मक नै आयो। खुसीको सीमा नै भएन। वर्षौंदेखि लाजले घोप्टो परेको शीर त्यसै दिन ठाँडो भएको थियो। साँघुरिएको मेरो छाती फुलेर चौँडा भएको थियो।

यी सम्पूर्ण कुराको श्रेय परमप्रभुलाई नै जान्छ। किनकि उहाँले पीडितको दुःखलाई तुच्छ ठान्नुभएको छैन। न घृणाको दृष्टिले हेर्नुभएको छ। सहायताको निम्ति पुकार गर्दा उहाँले सुन्नुभएको छ। सन् २०१५ सेप्टेम्बर ७ मा छोराको जन्म भयो। हामीले हाम्रो विश्वासको प्रतिफल पायौं। प्रतिक्षा गर्न निकै नै गाह्रो भएको थियो तर परिवारमा छोराको जन्मले गर्दा १५ वर्षको पर्खाइ पनि छोटो लाग्यो। छोराले बाबा–बाबा भनि बोलाएको आवाज कानमा पर्दा अनेकौं प्रश्नले बनेको खिल पनि पुरिदैं गयो। परमेश्वरले दिनुभएको आशिषको लागि उहाँलाई महिमा भएको होस्। होसन्ना मण्डलीका

**सहयोग मागेका सबै ढोकाहरु मेरा निमित्त बन्द भएकाले म भित्रैदेखि थाकिसकेको थिए। जब मैले परमेश्वरको वचनको “हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमहिरूलाई विश्राम दिनेछु” भन्ने खण्डलाई स्मरण गरे।**

अगुवालगायत सम्पूर्ण विश्वासीलाई सधन्यवाद जजसले मेरा व्यक्तिगत जीवनका निम्ति खुरन्धारसँग प्रार्थना गरि दिनुभयो। मेरो जीवनमा होसन्ना मण्डलीले खेलेको भूमिकाप्रति फेरी पनि हृदयदेखि नै नमन गर्न चाहान्छु। धन्यवाद।

# Hope in the Lord Does Not Disappoint

**- Santosh Gurung**

I went to South Korea in 1994 to work for Suwon Bulb Glass Company in Suwon City. In our free time, we visited places near the Company. We once went to a friend's birthday party where I got acquainted with a Thai girl. We grew close as we talked on the phone regularly. We fell in love and got married. I only informed my family in 2002, after three years of marriage. She had already informed her family, and they had gladly accepted us because they were believers.

In 2006, she returned to her home in Thailand. In July, 2008, I came to Nepal, and then in September, to Thailand where we got remarried in a church. We returned to Nepal and I took her to my home in Pokhara. Thereafter, we bought a house in Narayantar, Kathmandu. Being a believer, she wanted to go to church. We made enquiries about a church in the neighborhood and ended up at Hosanna Church where we attended the service fellowship.

I started to operate a microbus. While working, someone asked me, "Don't you have a baby?" I answered, "No". As the days passed, the question kept ringing in my ears. At first, these questions seemed normal, but the repetition of the question by many people started to make me feel uncomfortable.

> I was tired inside as all the doors we knocked on seemed closed. When I remembered the passage of God's Word, *"Come to me, all you who are weary and burdened, and I will give you rest" (Matthew 11:28-30), I found a new hope.*

We wanted a baby but my wife couldn't conceive even after we were married for many years. We would discuss the matter with the family from time to time. However, when people kept asking the same question, it began to pierce my heart like a thorn. I felt like the question raised doubts my manhood. Society had deemed my wife as barren. It was

more painful because my paralyzed mother longed to see her grandchildren.

In our efforts to conceive, we went to Kathmandu and to Om Hospital. The doctor concluded that there was a blockage in my wife's fallopian tube. Even after surgery to remove the problem, my wife still could not conceive a baby six months later. In 2010, we visited Om Hospital seven times. We spent around 400,000 rupees. In 2011, we went to Global Hospital. All our efforts were in vain, as she still couldn't conceive.

I was growing tired as all the doors we knocked on seemed closed. Then I was reminded of this scripture, "Come to me, all you who are weary and burdened, and I will give you rest" (Matthew 11:28-30). This scripture gave me a new found hope. Putting faith in God, I started attending every worship service and put my petitions before God fervently.  I learnt to rest on Him and stay calm by trusting Him.

As my relationship with God deepened, another brick was added to the wall of my suffering. In 2012, my already paralyzed mother suddenly fell ill. We took her to the Medicare Hospital. She was diagnosed with cancer. She was given chemotherapy for up to four times but her condition continued to deteriorate. We went to the Chinese hospital in Lalitpur, and they gave us some home-made medicine.

> We wanted a baby but my wife couldn't conceive one. It is not that we didn't aspire to have a child when we looked at our friends' children.

The situation seemed hopeless, but my wife and I kept our faith in the Lord. My wife used to tell me that the Lord works by bringing wonders in our lives, and people would see the glorious deeds bestowed upon us like showers of blessings and see that God is good. She used to encourage me not to despair. My faith was strengthened. We fully embraced the Lord. My mother's health started to improve with continuous prayer and the fellowship of the church and other believers. Gradually, she started to get up on her own, and started to perform daily activities. Praise be to God, His blessing was seen in the healing and restoration of my mother.

Around this time, the church organized a three-days seminar. Ravichandra, a Pastor from India, had come to minister at the seminar. On the last day of the seminar, Pastor Ravichandra took my wife's hands, and prophesied that she would conceive within the next three months. When she came home in the evening, she described what the Pastor had said to her. When meeting with the leaders, they would congratulate us for our future child. I thought the believers too had started to crack jokes about me!

After some time, my wife told my sister that her period had stopped. When my wife and my sister bought a test kit, and ran a test, the result was positive. The next day, we went to Om Hospital for the checkup. The result was positive. Our happiness knew no bounds. I could finally hold my head high without shame or condemnation and my chest swelled with pride.

All the credit goes to the Lord because he doesn't despise the suffering of His beloved children. Neither does he look down on them with contempt. He has heard our cry for help and He has responded. Our son was born on September 7, 2015. Our son is the reward for our faith. Waiting was difficult, but the birth of a son in the family made the 15-year wait bearable. When I hear my son calling me Baba, the wounds caused by the questions people used to ask earlier started to heal. May God be glorified and magnified at all times. I would like to thank Hosanna Church, including all the believers who fervently prayed for my personal life. I would like to once again pay my respects to the role played by Hosanna Church in my life. Thank you!

> The credit for all this goes to the Lord because he doesn't despise the suffering of the victim. Nor does He look down at the victim with contempt. He has heard the cry for help. Our son was born on September 7, 2015.



सन्तोष तिरुवा, सानु राई र एलिजा बराईली सुन्दास परिवारसँगै रहेको अवस्थाको तस्विर

हाल आएर सन्तोष तिरुवाज्यूले संगीत मार्फत संसार भर विशाल प्रभाव पारिरहनु भएको छ।
Sanu, Santosh & Chandra was staying at Sundas' family from Bhutanese community.



सेवक सानु कान्छा तामाङ्ग

# मेरो जीवन गाथाः मृत्युको मुखबाट फर्कन गाह्रो रहेछ

कहाँ पुग्नु थियो, पाइलाहरू कहाँ लम्किए पत्तै भएन । ९ वर्षको उमेरमा अनेकौं सपना बोकेर २०३० सालमा पहिलो पटक काठमाडौंतर्फ पाइला बढाए । लाग्थ्यो, काठमाडौं पैसा फल्ने रूखहरूले भरिएको छ । जहाँ म आफ्नो पोल्टा सजिलै भर्न सक्छु । घरको कमजोर आर्थिक अवस्थालाई उकासेर सुखका दिनहरू ल्याउन सक्छु । तर, काठमाडौं सोचे जस्तो रहेनछ । यो त सपना बोकेर आउँनेहरूको आश्रय स्थलमात्र रहेछ । कामको खोजी गर्दै शहरका गल्ली चहारे । वर्षौंको प्रयासपछि नारायणटारस्थित खम्बला कार्पेट कारखानामा काम सुरू गरे । १९ वर्षको उमेरमा सँगै काम गर्ने युवतीसँग विवाह गरे । २ वर्षको अन्तरालमा हाम्रो छोरा र छोरी भयो । तीन छोराछोरी, म र श्रीमतीको ५ जनाको परिवार सामान्य चलिरहेको थियो ।

कान्छो छोरा ३ वर्षको छँदा एक्कासी विरामी पऱ्यो । पेट सुन्निने, ढाँडिने र निरन्तर ज्वरो आउने भयो । औषधी गरियो निको भएन । एक वर्षसम्मको बिमारीले छोरो लखतरान पऱ्यो । कारखानामा हामीसँगै बस्ने मेरो भेना मानबहादुरले भन्नुयो 'तिम्रो छोरालाई चङ्गाई गर्ने एकमात्र व्यक्ति येशू खीष्ट हुनुहुन्छ, उहाँले नै निको पार्नहुन्छ ।'

हामी शनिबारको आराधना संगतिमा सहभागी भयौं । त्यहाँ भएका सेवकहरूले मेरो परिवारलाई पनि अरू मानिसहरू भएतिर बसाए । हामी पनि उहाँहरूकै तालमा ताल मिलाउँदै आए नआए पनि भजन, कोरष र प्रार्थना गर्न थाल्यौं । संगति सकेपछि मण्डलीका पाष्टर हाम्रो नजिक आउनुभयो अनि छोरा विवेकको शिरमा हात राखेर प्रार्थना गरिदिनुभयो । परमेश्वरसँगको निरन्तर प्रार्थना गरेकोले छोरा निको भयो ।

त्यही महिमित कामले प्रभुलाई नजिकबाट चिन्ने मौंका पायौं । मण्डलीका अगुवाद्वारा प्रभुलाई ग्रहण गऱ्यौं । पानीको बप्तिष्मा पनि लियौं । हाम्रो जीवनमा भएको काम देखेर कारखानाका मानिसहरूले पनि परमेश्वरलाई पछ्याउँन थाले । करिब ४०/४५ जना भइसकेका थियौं । मण्डलीबाट कारखानाका विश्वासीहरूको बीचमा घरेलु संगति चलाउने जिम्मा पाएको थिएँ । कहिलेकाहीं कामबाट फुर्सद पाएको समयमा मण्डलीको काममा सहयोग गर्न जान्थे । कान्छी छोरीको जन्मपछि ६ जनाको मेरो परिवारलाई

आर्थिक संकष्टले पिरोल्दैं थियो । ऋणहरू पनि बढ्दैं थियो । मण्डलीका अगुवाहरूले मेरो अवस्थालाई सुधार्न सरसल्लाह गर्दै हुनुहुँदो रहेछ ।

**पाष्टर ज्यूले सोध्नुभयो, बच्चाबच्ची कति छन् ?**
मैले उत्तर दिए, ४ जना ।
**के गर्ने विचार छ ?**
विदेश जाने विचार गर्दैछु ।
**पासपोर्ट छ त ?**
छैन ।
**अनि, कसरी जाने विदेश ?**
ओठ लेपऱ्याउँदै उत्तर दिए, खोई ।

पाष्टरज्यूले तुरुन्तै ३ हजार रूपियाँ दिनुभयो र भन्नुभयो पासपोर्ट बनाउँने अनि विदेश लागिहाल्ने । म पनि पैसा समाएर गाउँतर्फ हिडिहाँले । घरपुग्दा त खानेकुरा केही रहेनछ । भोकले छट्पटाएर पिँढीमा मलाई कुरेर बसिरहेका थिए मेरा लालाबाला । बाबुले के ल्याउँला र खाउँला भनि कुरेको अवस्थामा पासपोर्टको भन्दापनि खानेकुराको पो आवश्यकता देखे । त्यो ३ हजार रूपियाँले परिवारको आवश्यकता पूरा गरे । केही समयपछि परिवार लिएर काठमाडौं फर्किए । पुरानै कामकाजमा लाग्ने उद्देश्यले फेरि कारखानामा काम सरू गऱ्यौं । तर मण्डलीमा के मुख लिएर जाने दोधारमा थिए । संगतिमा जाने क्रममा पाष्टरज्यूसँग भेट भयो र पासपोर्ट बन्यो भनि सोध्नुभयो । मैले आफ्नो सम्पूर्ण बेलिविस्तार लगाँए । ल ठीकै छ भनि उहाँ जानुभयो ।

अर्को दिन उहाँले बोलाउनु भयो र भन्नुभयो, 'भाई हाम्रो मण्डलीको दर्शन येशूलाई चिन, चिनाऊ र चेला बनाऊ' हो । देशको पश्चिमी क्षेत्रमा पनि परमेश्वरको राज्य विस्तार गर्ने योजना राखेका छौं । के सहायता गर्नुहुन्छ त ? साथै बालगृहको पनि हेरचाह गर्नुपर्छ, गर्नुहुन्छ त ?' मैले गर्छु भनिदिएँ । पाष्टरज्यूले झोलीकुम्लो बोक्ने, लागि हाल्ने भन्नुभयो । म कारखानामा आएँ र श्रीमतीलाई पाष्टरज्यूले भन्नुभएको कुरा सुनाएँ । सहमत भइन् । मण्डलीका अगुवाहरूले मलाई डिकनमा अभिषेक गरे र जान अनुमति दिए । म, श्रीमती र दुई छोराछोरी लिएर सुर्खेततर्फ लाग्यौं ।

## आफ्नोभन्दा दयनीय अवस्था

सोचेको थिएँ सुर्खेत जिल्ला निकै नै विकसित होला । हामी जुन पाष्टरको घरमा जादैं थियौं त्यहाँ राम्रै सत्कार होला र आनन्दसँग बस्न पाइएला । तर विपरित भयो । आफ्नो भन्दा दयनीय अवस्था देख्दा आँसुका ढिक्का खस्न थाल्यो । त्यो दिन जसोतसो कट्यो ।

> **पाष्टरज्यूले तुरुन्तै ३ हजार रूपियाँ दिनुभयो र भन्नुभयो पासपोर्ट बनाउँने अनि विदेश लागिहाल्ने । म पनि पैसा समाएर गाउँतर्फ हिडिहाँले । घरपुग्दा त खानेकुरा केही रहेनछ । भोकले छट्पटाएर पिँढीमा मलाई कुरेर बसिरहेका थिए मेरा लालाबाला । बाबुले के ल्याउँला र खाउँला भनि कुरेको अवस्थामा पासपोर्टको भन्दापनि खानेकुराको पो आवश्यकता देखैं ।**

भोलिपल्ट हामी होसन्ना मण्डलीले सुरू गरेको लाइट हाउस बालगृहमा लाग्यौं । हामीले त्यहाँ २५ जना बालबालिकाको रेखदेख गर्नुपर्ने थियो । बालबालिकाहरूको रेखदेखको काम त ठीकै थियो । तर मण्डली निर्माणको काम भने निकै चुनौतीपूर्ण थियो । विद्यालयमा कालोपाटी कतातिर फर्केको हुन्छ भन्ने थाहा नभएका हामी बुढाबुढीले बाइबल हेरेर प्रचार गर्नु त आकाशको तारा झार्नु जत्तिकै थियो । म त कनीकुथ्थी पढ्थे तर श्रीमतीलाई भने पहाड फुटाँए जतिकै थियो । उनले पढ्दा लाग्थ्यो शिशु कक्षाका विद्यार्थीले अक्षर चिन्न खोज्दै छ । तर पनि रामघाट, भेरीखोलाको किनारमा रहेको मण्डलीमा सेवासंगति दिन भने छोडेनौं । पाष्टर मानसिहं र म पालैंपालो वचन प्रचार गर्थ्यौं ।

मेरो श्रीमती दिदीबहिनीहरुको संगति सम्हाल्थिन् । करिब तीन सयदेखि पाँच सय विश्वासीको बीचमा हामी सेवकाई गर्ने गर्थ्यौं । सुरूवाति समयमा निकै कम थिए । तर पछिल्लो समयमा वृद्धि भएर त्यति पुगेको थियो । हिउँदमा जान त त्यति समस्या थिएन तर वर्षात्मा खोलाको किनारमा बच्चा लिएर जान निकै

अफ्ठ्यारो पर्दथ्यो । त्यसैले रामघाटको मण्डली पाष्टर मानसिंहको जिम्मा लगाएर हामीले बालगृहमा संगति सुरू गऱ्यौं । नयाँ ६ जना व्यक्तिहरूलाई परमेश्वरमा ग्रहण गरायौं । छिन्चुमा वन विभागले बनाएको घरमा नगरसँग अनुमति लिएर १५० जनाको झुन्डमा संगति सुरू गऱ्यौं । नजिक घर भएका मानिसहरूले रोकावट गरेकाले लामो समयसम्म संगति गर्न सकेनौं । फेरी वन विभागले बनाएको अर्को घरमा सुरू गऱ्यौं । त्यहाँ पनि लामो समयसम्म रहन सकेनौं । पक्कै पनि परमेश्वरको राज्य विस्तार गर्ने काम सजिलो थिएन । कही न कहीबाट रोकावटहरू भइरहन्थे ।

मत्ति २८:१९ पदको महान आज्ञाअनुसार आफ्नो कर्तव्यको बाटोमा हिड्दा के दुःख, के सुख, जस्तोसुकै परिस्थितमा पनि लक्ष्य प्राप्तिको लागि डटिरहे । होसन्ना मण्डलीले साढे ६ रोपनी जग्गामा छुट्टै मण्डली र बालगृहको सुरूवात गऱ्यो । केही समय संगति गऱ्यौं तर सरकारको निर्देशन अनुसार बालगृहमा मण्डली सञ्चालन गर्न नमिल्दो रहेछ । होसन्ना मण्डलीले दिएको साढे ३ लाख र विश्वासीबाट उठाएको पैसा मिलाएर ६ लाखको १ रोपनी जमिन किनेर नयाँ मण्डलीको सुरूवात गऱ्यौं । करिब एकसय जना विश्वासीबाट सुरू गरेको मण्डली वृद्धि भई ३५० जना विश्वासीको भयो । त्यहाँ पनि प्रभुको अचम्मित कामहरू भए । पाष्टर मानसिंह रामघाटमा भएको मण्डली अर्को व्यक्तिलाई जिम्मा दिई हामी भएको ठाउँमा आउनुभयो । हामीले केही समयसँगै सहकार्य गऱ्यौं । हामीले बालगृहमा नै पूर्णकालीन काम गर्नुपर्ने भएकाले पाष्टर मानसिंहको जिम्मामा नै मण्डली छोडिदियौं ।

२०७४ सालमा हामी पाष्टर लालबहादुर वि.क.ले मसिनामा सुरू गर्नुभएको मण्डलीमा गयौं । त्यहाँ उहाँको परिवारका सदस्यमात्र थिए । मण्डलीका मानिसद्वारा सतावट आएकाले त्यहाँका विश्वासीहरू भाँडिएका थिए । पाष्टरज्यूसँग सल्लाह भएअनुसार हामीले त्यहाँका अगुवाहरू बोलायौं तर सबै आएनन् । आएका केही अगुवाहरूसँग सरसल्लाह गऱ्यौं । मण्डलीलाई पुनः सुचारू गऱ्यौं । एक परिवारबाट सुरू गरेको मण्डलीमा एकसय जना विश्वासी भए । भेरीगंगा नगरपालिकाले पनि मण्डली बनाउन २ लाख रूपियाँ नगद सहयोग गऱ्यो । त्यसमा विश्वासीको दशांश र भेटीको पैसा जम्मा गरी साढे ४ लाखको जग्गा खरिद गरेर मण्डलीको भवन निर्माण गऱ्यौं । परमेश्वरले यस मण्डलीमा पनि अचम्मित काम गर्नुभयो ।

**म त छाँगाबाट खसेँ । मेरो शरीर शिथिल भयो । बसेको ठाउँबाट उठ्न सकिन । मुख छोपेर डाँको छोडी रूने इच्छा थियो । तर घरको मूलीले नै आफूलाई नसम्हाले अरूको के होला भन्ने डर थियो । घरमा उसको आमालाई भन्ने आँट नै आएन । मन दह्रो बनाउँदै खबर गरिदिए । आमाको मन त हो, सुन्ने वित्तिकै भुईमा बझाँरी हालिन् ।**

परमप्रभुको अनुग्रहद्वारा हामीले दैलेख, सल्यान र सुर्खेत जिल्लाको बोडेचौर, मटेला, रामघाट, झुप्रा, मसिना जस्ता ठाउँहरूमा होसन्ना मण्डलीका शाखा मण्डलीहरूमा सेवाकाई गर्ने मौका पायौं । त्यहाँका मानिसहरूलाई प्रभुमा बलियो बनाउँन सफल भयौं ।

यूहन्ना १४:१२ “साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ र तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु ।”

लाईट हाउसले बालगृहमा भएका बालबालिकालाई काठमाडौंमा ल्याएर पढाउने निर्णय गऱ्यो । २०७५ सालमा हामी काठमाडौं फर्कियौं । टुसालमा भएको शाखा बालगृहमा रहेर काम गर्न सुरू गऱ्यौं ।

## म त छाँगाबाट खसेँ

२०७५ साल माघमा कान्छो छोरा विवेक एक्कासी बिरामी भयो। पहिले पनि सामान्य बिरामी भइरहन्थ्यो। तर त्यसरात अत्ति नै छट्पटिएकाले स्तुपा अस्पताल लग्यौं। अस्पतालमा सम्पूर्ण जाँच गरायौं। डाक्टरले 'तपाईको छोराको दुवै मृगौला काम नगर्ने भएको छ तुरुन्त उपचार गर्नुपर्छ' भन्नुभयो। म त छाँगाबाट खसेँ। मेरो शरीर शिथिल भयो। बसेको ठाउँबाट उठ्न सकिन। मुख छोपेर डाँको छोडी रूने इच्छा थियो। तर घरको मूलीले नै आफूलाई नसम्हाले अरूको के होला भन्ने डर थियो। घरमा उसको आमालाई भन्ने आँट नै आएन। मन दह्रो बनाउँदै खबर गरिदिए। आमाको मन त हो, सुन्ने वित्तिकै भुईमा बझ्याँरी हालिन्। रिपोर्टप्रति विश्वास नलागेकाले उपचारको लागि भोली ल्याउँला भन्दै डाक्टरले लेखिदिएको औषधी लिएर मनमा अनेकौं प्रश्न बोकेर बालगृह फर्के।

भोलिपल्ट निदान अस्पताल गयौं । पुनः जाँच गऱ्यौं, त्यही रिपोर्ट आयो। भक्तपुरको मानव अङ्ग प्रत्यारोपण अस्पताललाई रिफर गरियो। मलाई निराशाले भित्रभित्रै खाँदै थियो। छोरालाई मृगौला मैले दिने निर्णय गरे। बाहिर औषधी र उपचारको लागि करिब ६ लाख सिध्याइ सकेका थियौं। डाक्टरहरूसँग सल्लाह गर्न गयौं। ट्रान्सप्लान्ट गर्ने निर्णय भयो। मृगौला प्रत्यारोपण गर्न अघिल्लो दिनमा रगतको क्रस म्याच गर्नुपर्ने रहेछ। जसको लागि ५२ हजार खर्च हुँदो रहेछ। तर हाम्रो ४२ हजारमै भयो। अप्रेसनको क्रममा अङ्ग लिने व्यक्तिलाई ३ वटा सुई लगाउनु पर्थ्यो। जसमा एउटा सुईको मुल्य ४५ हजार थियो। तर मेरो छोरालाई दुईटा सुईले नै तीनवटा सुईको डोज पुगेको थियो।

१० घण्टा लगाएर चिकित्सकहरूले मृगौला प्रत्यारोपण गरे। हामीसँगै प्रत्यारोपण गर्ने अन्य व्यक्तिहरू खाटमा छट्पटिरहेका थिए। तर म र मेरो छोरा प्रत्यारोपण पश्चात् आनन्दका साथ आराम गरिरहेका थियौं। हेरचाह गर्ने परिचारिकाहरू पनि हामीलाई देखेर छक्क पर्दथे। भन्थे तपाईहरूले विश्वास गर्नुभएको परमेश्वरले तपाईहरूलाई हात्हातै थाम्नुभएको छ।

मेरो जीवनमा हर्ष र उल्लासको उत्सव सुरूभयो। पूर्णभरोसा गर्न योग्य परमेश्वरले आजको दिनसम्म सम्पूर्ण परिस्थिति र खाँडलहरूबाट उठाई ल्याउनु भएको छ। आगामी दिनमा पनि उहाँले आफ्नो अनुग्रही हात ममाथि राखि नै रहनु हुनेछ।

सेवक सानु कान्छा तामाङ्ग आफ्नो परिवारसँग



# My Life Story: It is Difficult to return from the Jaws of Death

**- Sanukanchha Syangtan**

In 1973-4, I came to Kathmandu at the age of nine. I thought Kathmandu was the place where money grew on trees, and I could easily pick some and become rich. I thought I could bring about happiness and prosperity for my family. But I found out quickly that Kathmandu was not what I had expected. It was a place of refuge for those who came here with dreams and many were disappointed, unable to find work. I wandered through the streets of the city in search of work. After years, I started working at the Khamba La Carpet Factory. At the age of 19, I married my coworker. Within the next two years, we had a son and a daughter. Our family of five including three children was normal.

Our youngest son suddenly fell ill when he was three years old. He had abdominal swelling, bloating and continuous fever. Medicine did not help him. He was bed-ridden for a year. My brother-in-law Man Bahadur, who used to work with us in the factory said, "Jesus Christ is the only one who can heal your son. He will heal him."

We started to participate in Saturday worship service at Hosanna Church. The leaders of the church asked my family to sit where other believers were sitting. We started singing hymns, chorus and prayers with them. After the service, the pastor of the church approached us, placed his hand on the head of our son, Bibek, and prayed. Our son was healed after the prayer. Praise God!

> The Pastor immediately gave me 3,000 rupees, and asked me to get a passport, and go abroad. I grabbed the money, and went to my village. When I got home, there was nothing to eat. My children were waiting for me. They were waiting for what their father would bring to them. I found the need for food rather than the passport. I spent 3,000 rupees to meet the family needs.

This glorious healing inspired us to draw closer to the Lord Jesus and to know Him

more. Soon we fully embraced the Lord Jesus as our Lord and Master. We got water baptized. Seeing the positive changes in our life, other workers at the factory were now also pursuing the Lord. There were already about 40 to 50 of us. Hosanna Church had entrusted me with the responsibility to conduct a house fellowship among the believers in the factory. Sometimes when we had free time, I went to assist with the church service.

After the birth of my youngest daughter, my family of six began to experience financial hardship. Debts were increasing. The church leaders discussed ways to help improve my situation.

Pastor Raju asked me, "How many children do you have?"

I answered, "four."
"What is your plan?"
"I am thinking of going abroad."
"Do you have a passport?"
"No."
"So, how do you think you will go abroad?"
Pursing my lips, I said, "I don't know."

Pastor immediately gave me 3,000 rupees, and asked me to get a passport, and go abroad. I grabbed the money, and went to my village. When I got home, there was nothing to eat. My children were waiting for me. They were waiting for what their father would bring to them. I found the need for food more urgent than the need for a passport. I spent 3,000 rupees to meet the family needs. After some time, I returned to Kathmandu with my family. We started working in the factory again. But, I was not sure how I would show my face at the church. One day on the way to the church, I met Pastor Raju, and he asked me if I had gotten the passport. I told him everything. He said simply said, "Fine." and was not upset or angry with me.
The next day, he called me and said, "Brother, the vision of our church is to know God, make Him known, and make disciples of Jesus. We also plan to expand the Kingdom of God in the western part of the country. How can you support? You can also take care of the children's home. Would you?" I said, "Yes." I came to the factory and told my wife what the Pastor had told me. She agreed. The church leaders anointed me as a deacon, and allowed me to go. My wife and I and two children then set off to Surkhet.

More miserable situation than mine

I had thought Surkhet district was a very developed area. I had thought that we would get good hospitality and live comfortably at the pastor's house. But, what I saw was the opposite of what I had expected. When I saw the miserable condition, I couldn't hold back my tears.

The next day, we went to Lighthouse Hostel, run by Hosanna Church. We had to take care of 25 children. The children were well cared for. But, building the church was very challenging. My wife and I didn't even know where the black boards should be placed and preaching with the Bible was like shooting at a star in the sky. I struggled to study, but it was an uphill climb. My wife read like a kindergarten student learning the alphabet.

However, we didn't stop giving services to the church on the banks of Ramghat and Bherikhola rivers. Pastor Man Singh and I took turns to preach.

There were very few in the beginning but we eventually were preaching to around 300-500 believers. My wife used to take care of the fellowship for the sisters. It was not a problem to go out in the winter, but by the rainy season, it was very difficult to bring the children to the riverbank. So, we started a fellowship in the hostel, entrusting it to Pastor Man Singh. We embraced six new believers. Soon, with permission of the city, we started a fellowship with 150 people in a house built by the Forest Department, Chhinchu. However, we couldn't continue with the fellowship because people from the nearby houses blocked us. Expanding the Kingdom of God was certainly not an easy task. Obstacles kept coming from different areas.

But in spite of continued obstacles, Hosanna Church started a separate church and hostel on six and a half ropanis of land. We conducted fellowship in the children's home for some time, until the government considered it not appropriate to conduct fellowship in a children's home.

We started a new church by buying one ropani of land worth Rs. 600,000. Hosanna Church had provided Rs. 350,000, and we collected another Rs. 250, 000 from the believers. We started the church with 100 members and this number later rose to 350. The Lord accomplished wonderful deeds. Pastor Man Singh entrusted another person to take care of his church in Ramghat, and came to us. We collaborated for some time. Since we had to work full time at the children's home, we left the church in the good care of Pastor Man Singh.

In 2017-18, we went to a church started by Pastor Lal Bahadur BK in Masina. His family members were also there. The believers in the church were divided because of persecution. In consultation with Pastor, we called the leaders. Not everyone came. We discussed the matter, and decided to resume the church. The church started with a single family and soon became a congregation of 100 believers. Bheriganga Municipality provided cash assistance of Rs 200, 000 to build a building. We purchased the land with ten percent contribution from the believers. The rest of the gifts and donations came to Rs 450, 000 which was used to build the church building. And God did miracles in that church.

By the grace of the Lord, we had an opportunity to serve in the branch churches of the Hosanna Church in places like Bodechaur, Matela, Ramghat, Jhupra and Masina in Dailekh, Salyan and Surkhet districts. We succeeded in growing the people to become strong in the Lord.

John 14:12 “Very truly I tell you, whoever believes in me will do the works I have been doing, and they will do even greater things than these, because I am going to the Father.”

In 2018-19, we returned to Kathmandu as Lighthouse decided to bring the children to Kathmandu. We started working at the Tushal Children’s Home.

## I fell off the cliff

In 2018-19, my youngest son Bibek suddenly fell ill. He used to get sick frequently. But, that night, we had to rush to the Stupa Hospital. The doctor said, “Both of your son’s kidneys have failed, we have to treat him immediately.” When I heard that, my whole body went numb and I couldn’t get up from where I was sitting. I wanted to cry. But, as the head of the family, how could I console others if I myself couldn’t face the situation? It was very difficult to tell my wife about our son’s diagnosis and when I finally did, and she collapsed on the floor. I returned to the children's home thinking that we would run the test again. I took the medicine and told the hospital that we would come again the next day.

The next morning, we went to Nidan Hospital. They came to the same conclusion. He was referred to the Bhaktapur Human Organ Transplant Center. I was in despair. I decided to give my son a kidney. We had already spent about 600, 000 rupees for medicine and treatment. We went to consult the doctor. We decided to have a transplant. Blood cross-matching is required before the transplant. The cost was 52, 000 rupees but with a discount, we did with 42, 000 rupees. During the operation, the organ receiver had to take three injections. One injection cost around 45, 000 rupees. But, my son received three doses with two injections.

> The doctor said, “both of your son’s kidneys have failed, we have to treat him immediately.” It felt like I fell off the cliff. My body weakened.

The transplant operation took more than 10 hours but praise the Lord, it was a success! While other patients were writhing in pain on their beds, my son and I were resting happily after the transplant. Nurses were surprised to see us happy. They told us that the God we believed was holding our hands.

I was filled with joy and happiness at the success of the operation and how smoothly it went. To this day, God, who is fully trustworthy, has brought us out of all challenging situations and despair. He will continue to lay His gracious hands on me in the days to come.



■ रेभ.पा. मुकुन्द शर्मा
बेथेल ए.जी. चर्च, भक्तपुर तथा
अध्यक्ष, रुपान्तर नेपाल

# होसन्ना एक नमुना मण्डली

होसन्ना मण्डलीको २५ औं रजत् महोत्सवको शुभ अवसरमा आफ्ना केही प्रोत्साहित शब्दहरू व्यक्त गर्न पाउँदा म आफैँलाई गौरवान्वित ठान्दछु। यस महान अवसरमा होसन्ना मण्डलीका सम्पूर्ण विश्वासी तथा अगुवा जनहरूलाई म अनि मेरो मण्डली बेथेल एजी चर्चका तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

सानो संख्याबाट सुरू भएको होसन्ना मण्डली प्रभु येशू ख्रीष्टको महान आज्ञाप्रति समर्पित भई, धर्मशास्त्र शिक्षाको महत्वलाई शिरोपर गरी अघि बढिरहेको ख्रीष्टियन समाजमा एउटा नमुना मण्डली बन्न पुगेको छ। परमेश्वरको बोलावटको कदर गरी संकष्टको समयमा पनि विश्वासयोग्य भएर निरन्तर सेवामा लागिपरेको साक्षी म आफैं छु। मण्डलीमा सांसारिक अनि राजनितीक कुराले हावी पारेको कारण परमेश्वरको साँचो बोलावट के हो र साँचो मण्डली के हो भन्ने कुरा बिर्सिएका छन्। यस्तो अवस्थामा पनि मण्डलीका विश्वासी तथा अन्य विश्वासी जनहरूलाई परमेश्वरको साँचो मार्गमा हिडाउँन सक्ने एक मण्डली होसन्ना मण्डली पनि हो।

परमेश्वरको वचनको प्रतिज्ञा पछ्याई, दर्शन बोकेर यस मण्डलीले नेपालमा सु-समाचारलगायत विभिन्न आत्मिकी तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ। परमेश्वरको धर्मशास्त्र कलस्सी अध्याय १ को २८ मा लेखिएको छ "प्रत्येक मानिसलाई चेतावनी दिदैं र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी उहाँलाई घोषणा गर्दछौं, यस हेतुले कि प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्क बनाई प्रस्तुत गर्न सकौं।"

आज यही वचनलाई पालना गरेर धेरै आत्माहरू बचाई ख्रीष्टमा परिपक्क बनाउँने काम यस मण्डलीले गरेको छ। म विश्वास गर्दछु कि यो उद्देश्यलाई उहाँहरूले निरन्तर पछ्याएर परमेश्वरको राज्यविस्तारमा ठूलो भूमिका खेल्नु हुनेछ।

२५ औं बर्षसम्म आईपुग्दा कति चुनौती अनि परिक्षाको सामना गर्नुपऱ्यो होला। तर  परमेश्वरमा दृढ भरोसा राखी नयाँ जोश अनि उमङ्ग लिएर आफ्ना अथक पाइलाहरू बढाइरहेको छ। आउँदा दिनहरूमा पनि जतिसुकैं संकष्ट आइपरे पनि परमेश्वरको राज्यविस्तार गर्न र धेरै आत्माहरू बचाउँन निरन्तर

अगाडि बढिरहनेमा विश्वस्त छु । म यो प्रार्थना गर्दछु कि यस मण्डलीमा परमप्रभुको अनुग्रह सदैव भई अझैं प्रभावशाली र शक्तिशाली बन्दैं जाओस् । परमेश्वरको वचन उत्पति १ को २८ अनुसार यो मण्डली नेपालमामात्र नभएर धेरै देशहरूमा फल्दै फुल्दैं र वृद्धि हुँदैं जाओस् ।

अन्त्यमा, यस ऐतिहासिक अवसरमा परमेश्वरको बोलावटलाई सुनेर बुझेर अगाडि बढिरहेको यो मण्डली आज २५ औं बर्षको खुसी, आनन्द र परमेश्वरको आषिश सम्पूर्ण माँझ राख्न पाएकोमा म अनि मेरो मण्डली हृदयदेखि बधाई ज्ञापन गर्न चाहन्छौं । यस्तै आशिषमय र यस मण्डलीका ऐतिहासिक कुराहरू सुन्न र देख्न पाउँ भनी हामी हाम्रो जीवित परमेश्वरसँग प्रार्थना गर्दछौं ।

**प्रभु येशू ख्रीष्टको महान आज्ञाप्रति समर्पित भई, धर्मशास्त्र शिक्षाको महत्वलाई शिरोपर गरी अघि बढिरहेको ख्रीष्टियन समाजमा एउटा नमुना मण्डली बन्न पुगेको छ । परमेश्वरको बोलावटको कदर गरी संकष्टको समयमा पनि विश्वासयोग्य भएर निरन्तर सेवामा लागिपरेको साक्षी म आफैं छु ।**




प्रमुख अतिथि स्व. रेभ.पा. रोवर्ट कार्थक दिक्षित विद्यार्थीहरु बचनबाट उत्साह प्रदान गर्दै ।



सयौंको संख्यामा भएको तालिम समापन कार्यक्रम मध्येबाट एउटा तालिमको तस्विर

प्रमुख अतिथि
स्व. ज्ञानी शाह दिक्षित विद्यार्थीहरु प्रमाणपत्र वितरण गर्न पर्खिरहेको अवस्था ।



# Hosanna, A Model Church

**Rev. Pastor Mukunda Sharma**
**Bethel Assemblies of God Church, Bhaktapur**
**President Transform Nepal**

On the auspicious occasion of the Silver Jubilee of Hosanna Church, I am happy to share some encouraging words. My Bethel A.G. Church and I would like to extend my heartfelt congratulations and best wishes to all the believers and leaders of Hosanna Church.

Hosanna Church which started with a small number of believers has now become an exemplary church among the Christian community. It is possible because the church firmly dedicated itself to the Great Commission of the Lord Jesus and fully embraced scriptural teaching. I am a witness of the church which responded to God's calling, and continued with faithful service even in hard times. Because of material and political influence, many have forgotten what true calling from God is and what a true church should be like. Hosanna Church is one of those churches that has remained faithful to, and who can shepherd its believers and others in the truth of God.

The church has made considerable contributions in both the spiritual and social sectors of Nepal, and especially in the ministry of the Gospel, duly following God's words and Biblical precepts. Colossians 1:28 states: "He is the one we proclaim, admonishing and teaching everyone with all wisdom, so that we may present everyone fully mature in Christ."

The church has saved many souls, and has matured them in Christ by teaching and following His word and embracing His vision. I believe the church will continue to follow His word and play a major role in the expansion of the Kingdom of God.

One can imagine the numerous challenges the church must have faced and the many tests it must have taken before it reached the age of 25. But, by keeping strong faith in God, the church is moving forward with new zeal and enthusiasm. I am confident that in the coming days, the church will become even more powerful and influential with God's full blessings, in accordance with Genesis 1:28, "Be fruitful and increase in number, fill the earth and subdue it."

Finally, my church and I would like to extend our heartfelt congratulations to Hosanna Church on the occasion of its 25th anniversary. We pray that we will continue to hear and see the blessing and the achievements of the church for many years ahead. God bless you.









भुतपूर्व सम्माननीय प्रधानमन्त्री तथा पार्टी अध्यक्ष के.पि. शर्मा ओलीज्यूलाई छोरी हन्ना बादी आफ्नो पुस्तक हस्तारण गर्दै ।

Hanna Badi & Raju Sundas with Former Honorable Prime Minister & President of UML KP Sharma Oli.



■ कमला श्रेष्ठ

# नेपाली मण्डलीमा तालिमको महत्व

नेपाली मण्डलीमा तालिमको महत्व नेपाली मण्डलीको इतिहास निक्कै पिडादायी कालखण्ड पार गरेर हालको अवस्थामा आएको छ। यो यात्रामा मण्डलीले धेरै सतावट, दु:ख, पिडा पार गर्दै आफ्नो जग बसाल्न सफल भएको हो। परमेश्वरको अनुग्रह र उहाँको कार्यप्रति समर्पित दासहरूले आफ्नो जीवनको प्रवाह नगरि बलिदान गरेका कारण नेपाली मण्डली यो स्थानमा आएको हो। हृदयबाट ती परमेश्वरका दासहरूमा उच्चसम्मान गर्दै धन्यवादका साथ तपाईहरूको योगदानको होसन्ना मण्डली कदर गर्दछ।

हिजोका दिनमा नेपाली मण्डलीको अवस्था कठिन थियो। पञ्चायत कालबाटै मण्डली अगाडि बढिरहेको थियो। तर, इसाई भनेर परिचय दिनसमेत त्रासपूर्ण वातावरण थियो। त्यो समयमा मण्डली सुरू गर्नु भनेको आफैँमाथि समाजको तिरस्कार र शारिरीक तथा मानसिक यातना निम्त्याउनु थियो। समाजबाट बाहिस्करणमा पारिएको थियो। समाजको कुनैपनि क्रियाकलापमा सहभागी हुन नपाइने अवस्था थियो। तर प्रभुको दर्शनप्रति समर्पित भएर मण्डली अगाडि बढेको कारण नेपाली मण्डली इतिहास आजको अवस्थामा पुगेको हो। यो इतिहासलाई बलियो र मजबुत बनाउन धेरैले आफ्नो जीवन गुमाएको तथ्यलाई नकार्न सक्दैनौँ।

नेपाली मण्डलीको इतिहास मजवुत भएर तीव्र बढेको छ। नेपाली मण्डलीको इतिहासले सन् २००८ देखि तीव्रता लियो। पहिलो पटक नेपालमा मण्डलीहरू एकीकृत भएर खीष्टमसको आयोजना गरे। त्यो समारोह नेपाली मण्डली इतिहासको ठूलो उपलब्धि मान्न सकिन्छ। किनकि, नेपाली मण्डली इतिहासमा खीष्टमसलाई नेपाल सरकारले सार्वजनिक बिदा घोषणा गऱ्यो।

नेपाली मण्डली इतिहासमा नयाँ आयाम थपिनुको साथै सु-समाचारको लहर मजबुत हुँदै गयो। तर राष्ट्रबाट घरी-घरी नेपाली मण्डलीलाई आक्रमण नभएको होइन। सार्वजनिक रूपमा धर्म प्रचार गर्न बन्देज लगाएर होस् या खीष्टियनलाई विनाकारण झ्यालखानामा हालेर होस्। तर

नेपाली मण्डली जस्तोसुकैं अवस्थामा पनि मजवुत भएर अगाडि बढिरहेको छ। मण्डलीलाई बलियो बनाउँने काम त्यतिबेला मात्र सम्भव हुन्छ जब मण्डलीका विश्वासीहरू बाइवलीय शिक्षामा पोख्त हुन्छन्। अशिक्षित, तल्लो जातकाले मान्ने धर्म भनेर पनि विभिन्न आक्रमण भइरह्यो।

मण्डलीको आवश्यकता बाइवलीय तालिमको देखिन्छ। नेपाली मण्डली जुन गतिमा अगाडि बढिरहेको छ, त्यही गतिमा बाइवलीय तालिमप्राप्त अगुवा निर्माण हुन सकेनन् भने यसको विकासलाई सम्हाल्न गाह्रो हुनेछ। औंलामा गन्न सकिने अगुवाले नेपाली मण्डलीलाई सम्हाल्न गाह्रो हुनेछ। यो आवश्यकतालाई मध्यनजर गरिएन भने दुर्घटना व्यहोर्नु पर्ने हुनुसक्छ।

यही आवश्यकतालाई मूल्याङ्कन गर्दै होसन्ना मण्डलीले विगतका वर्षदेखि तालिम उपलब्ध गराइ अगुवा निर्माण कार्यमा सक्रियता देखायो। होसन्ना मण्डलीले लामो समयदेखि विभिन्न तहमा नेपाली भाषी चर्चलाई विश्वव्यापी रूपमा सुसज्जित गर्ने काममा योगदान दिइरहेको छ। दुई दशकदेखि होसन्ना मण्डलीले नेपालका विभिन्न जिल्लाहरूका पाष्टरलाई राजधानीमा बाइवलीय तालिम उपलब्ध गराउदैं आएको छ। सन् २००९ मा काठमाडौंमा पाँच महिने तालिम सम्पन्न भयो। तालिम नेपाल, भारत र भुटानका अगुवालाई प्रदान गरिएको थियो। परमेश्वरको राज्यमा योगदान गर्नसक्ने ५० जना अगुवा र पाष्टरको छनौट गरी तालिम दिइएको थियो। विभिन्न समयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा सम्मेलनको आयोजना गरी हजारौं अगुवा नेपाल र नेपाल बाहिरबाट ल्याएर शिक्षा दिने काममा पनि होसन्ना मण्डली सक्रिय छ। होसन्ना मण्डलीले तीन तरिकाबाट संसारमा छरिएका नेपाली भाषी मण्डलीलाई तालिम प्रदान गरिरहेका छ। पहिले पाँच महिने तालिमद्वारा, दोस्रो नेपालको विभिन्न स्थानमा पुगेर र विभिन्न समयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा सम्मेलन गरेर तालिम प्रदान गरिरहेको छ।

होसन्ना मण्डलीले निर्माण गरेका अगुवाहरू हिमालदेखि तराईसम्म प्रभुको सेवकाईमा तल्लीन भएको पाइन्छ। खाडीका विभिन्न मुलुकदेखि अमेरिका, युरोप र अष्ट्रेलिया जस्ता विकसित मुलुकमा समेत तालिम लिएका अगुवाद्वारा चर्चलाई मजवुत बनाएको पाउँछौं। होसन्ना चर्चबाट तालिम प्राप्त अगुवाहरू आफ्नो चर्चमा फर्किएपछि सय गुणा वृद्धि गरेका उदाहरणहरू हामी देखेका छौं। अनि यो वृद्धि कुनै एउटा निश्चित क्षेत्रमा मात्र नभई समग्र क्षेत्रमा अगुवाहरू हुनुहुन्छ।

**सन् २००९ मा काठमाडौंमा पाँच महिने तालिम सम्पन्न भयो। तालिम नेपाल, भारत र भुटानका अगुवालाई प्रदान गरिएको थियो। परमेश्वरको राज्यमा योगदान गर्नसक्ने ५० जना अगुवा र पाष्टरको छनौट गरी तालिम दिइएको थियो।**

एउटा उदाहरण सर्लाहीका अगुवा काजीमान तामाङ हुनुहुन्छ। उहाँ हाम्रो पाँच महिने तालिममा सहभागी हुनुभयो। तालिममा आउँदा तामाङ बाइवलीय ज्ञानमा धेरै नै पछाडि रहेको हामीले पायौं। जब उहाँले तालिम लिनुभयो त्यसपछि जुन काम उहाँद्वारा प्रभुले गर्नुभयो यो अत्यन्तै आदरणीय र आश्चर्यजनक छ। उहाँको मण्डली सय गुणा वृद्धि भएको छ। उहाँको अगुवापन यत्ति प्रभावकारी भयो कि अहिले जिल्लाकै ख्रीष्टियन समाजलाई अगुवाइ गरिरहनु भएको छ। हामी परमेश्वरप्रति आभारी छौं। हामीलाई तालिम दिने कार्यमा प्रयोग गर्नुभयो। उहाँका मानिसहरूलाई प्रयोग गर्नुभयो।

अन्त्यमा, होसन्ना मण्डली आउने वर्षहरूमा पनि अगुवा निर्माण गर्ने कार्यमा यसरी नै अविरल अगाडि बढिरहने छ। परमेश्वरको मण्डलीलाई बाइवलमा मजवुत बनाइ सुसज्जित बनाउने काममा अग्रसर भई त्यो भूमिकामा तल्लीन हुने छ भन्ने बाचा पनि गर्दछु। आजको दिनसम्म परमेश्वरले गर्नु भएका सम्पूर्ण कामप्रति प्रभुलाई श्रेय दिदैं आगामी दिनहरूमा यसरी नै प्रभुको काम बढिरहने छ।

# The importance of training in the Nepali Churches

- **Kamala Shrestha**
**Hosanna Bible Training Center (HBTC)**

The history of the Nepali church is at its present situation after going through a very painful period. In this journey, the church has succeeded in laying its foundation by overcoming much persecution, sorrow and pain. The Nepali church has come to this place by the grace of God and the sacrifices made by His servants who are dedicated to His work, even at the expense of their own lives. In appreciation of your contributions, Hosanna Church extends a heartfelt thanks to these servants of God.

The situation of the Nepali churches had been difficult. Since the Panchayat regime, churches have been active and moving ahead. However, many believers were full of fear to even introduce themselves as Christians. Starting a church at that time was an act of self-denial, opening oneself to physical and mental anguish. Many Christians were socially excluded; there were times where Christians were not able to participate in national social functions. The history of the Nepali church has come to this point through sheer dedication and consecration to the vision the Lord has given them. Many leaders have made great sacrifices to make this history filled with glory.

The Nepali church went through a stage in history where they were strong and able to move ahead fast. The church saw an increase in momentum in 2008, where for the first time in Nepal, churches united, and organized a Christmas celebration program. The program was considered a great achievement in the history of the Nepali church because the Nepal government declared Christmas as a public holiday for the first time for Christians.

> In 2009, five-months training was organized in Kathmandu. Leaders from Nepal, India and Bhutan had provided training for 50 leaders and pastors who could contribute to the expansion of the Kingdom of God.

A new dimension was added to the history of the church, and it started a new wave of the Gospel ministry. From being attacked by the nation in the past, whether through banning the sharing of the Gospel in public or putting Christians in prison without reason, the Nepali church has moved forward every time by being resilient. Strengthening the church is possible when believers are proficient in the Bible. This is especially so when the church came under attack on false grounds that our religion is the religion of the uneducated and lower castes.

The Church needs Biblical training for its members. It would be difficult to sustain the development of the church if it cannot equip more Biblically trained leaders at all levels. Just a handful of trained leaders could not take on the full responsibility of all the Nepali churches. If we don't recognize this need, we might end up stagnating or worse deteriorate.

Recognizing this need, Hosanna Church has been active in leadership training for the last many years. Hosanna Church has been preparing Nepali-speaking churches at different levels for a long time to prepare them with a global perspective. For two decades, Hosanna Church has provided Biblical training in Kathmandu for pastors from different districts of Nepal. In 2009, a five-months long training was organized in Kathmandu. Leaders from Nepal, India and Bhutan provided training for 50 leaders and pastors who could contribute to the expansion of the Kingdom of God. Hosanna Church is also active in organizing national and international training and conferences from time to time by bringing thousands of leaders from Nepal and abroad to provide Biblical education. In summary, Hosanna Church provides training to Nepali-speaking believers in three ways. First, through a five-month long training program, secondly, training at the different locations in Nepal, and thirdly, by organizing national and international training and conferences.

The leaders trained by Hosanna Church are immersed in the ministry of the Lord across Nepal, from the mountains to the plains.

> **The leaders trained by the Hosanna Church are immersed in the service of the Lord across Nepal, from mountains to the plains. The trained leaders are in the Gulf and developed countries like the US, Europe and Australia, and are strengthening the Nepali Churches.**

Trained leaders come from the Gulf, and developed countries like the US, Europe and Australia, and are strengthening the Nepali churches. We have seen examples of leaders being trained at Hosanna Church who are

adding believers by the hundreds in their churches. This growth is not only seen in isolated areas but across the whole country.

One example is Kajiman Tamang, a leader from Sarlahi who participated in our five-months long training. When he came to the training, he was lacking in Bible knowledge. The work that the Lord did through him when he was trained is extremely noble and wonderful. His church has grown a hundredfold! His leadership has been so effective that he is now leading the whole Christian community in the district. We are thankful to God and humbled that He used us to train His people.

Finally, we know that Hosanna Church will continue to train leaders in the years to come. We also promise to take the lead in strengthening God's church in His word. I would like to give glory to the Lord for all His work, what He has done to this day, and the work He will continue to do in the coming days.




Highlights of Bible School Graduation Cememony









Highlights of Bible School
Graduation Cememony








Church service



■ पा. अंकध्वज मोते
लाईफ ईन क्राईष्ट मण्डली
प्रकाशक, अर्थ सवाल साप्ताहिक
निर्देशक, हाम्रो छिमेकी सेवा
सदस्य, राष्ट्रिय खेलकुद परिषद्

# मेरो नयाँ जीवन

प्रभु येशू खीष्टको नाममा जयमसीह । म अंकध्वज मोते । घर उदयपुर बबला, ७ । हाल काठमाडौं जोरपाटीमा बस्दैं आएको छु । प्रभुका जनपाठक वर्गसामु मेरो वास्तविक जीवन गवाही र आशिष लिएर तपाईहरूको माँझमा आउने जमर्को गरेको छु । परमेश्वरलाई महिमा होस् । होसन्ना चर्चका आदरणीय पाष्टर अगुवाप्रति हृदयदेखि धन्यवाद दिन चाहान्छु । मण्डलीको २५ औं बार्षिक उत्सवको अवसरमा प्रकाशित पुस्तक (स्मारिका) मा मेरो जीवन गवाही लेख्ने मौंका दिनु भएकोमा होसन्ना मण्डलीप्रति आभारी छु ।

प्रभु येशू खीष्टलाई मेरो मुक्तिदाता भनि २०५७ मङ्सिर ११ गते ग्रहण गर्ने मौंका पाएको थिए । खीष्ट येशूलाई ग्रहण गर्नुभन्दा पहिला धेरै दुःख कष्टले बाँचेको थिए । म सानै हुँदा बुबाले हामीलाई सधैंभरिको लागि छोडेर जानुभयो । परिवार निम्न वर्गको भएकाले निक्कै दुःखसँग आमाले हुर्काउँनु भयो । आमाको दुःखलाई पैसा कमाएर सहायता गर्ने योजनाले १२ वर्षको उमेरमा काठमाडौं आए । तर पैंसा कमाएर घरको आवश्यकता पूरा गर्न सकिन । सहरमा दुःख र कष्टसँग सङ्घर्ष गर्दैगर्दा ठूलो उपलब्धीको रूपमा खेलकुदबाट दाम नभए पनि नाम, इज्जत, साथीसँग हासिल गर्ने मौंका पाएको थिएँ ।

सानैदेखिको मेरो चाहना सेना/प्रहरीमा जागीर खाने थियो । हाम्रो गाउँमा हरेक घरको एकजना सेना/प्रहरीमा जागीरे थिए । त्यसकारणले जागीर खाने ठूलो रहर थियो । काठमाडौंमा लामो समयको बसाईपछि घरमा गएर नागरिकता लगायतका सम्पूर्ण कागजपत्रहरू बनाए । घर सल्लाहा नगरिकनै म सेनामा भर्ती भएँ । रहर पूरा गर्ने अवसर पाएँ । तर तालिमपछि स्थिर हुन सकिन । सिपाहीको जागीरबाट भागे । त्यो समयमा घरको न घाटको जस्तै भएको थिएँ । माओवादी युद्धको समय थियो । आफ्नो पल्टनमा आत्मसमर्पण गर्ने कुनै 'आईडिया' नै भएन । माओवादीको डरले घरमा पनि जान सकिन ।

आफन्तहरूले बास नदिने । बास दिनेलाई पनि माओवादीले दुश्मनी

गर्ने हुँदा कसैले बोलाउँदैनथ्यो । घर, समाज सबैबाट अपहेलित भएको महसुश हुन्थ्यो । सधैं लुकेर बस्नुपर्ने आफन्तबाट टाढा बस्नुपर्ने, डर र त्रासमा रूमलिएर बाँच्नु परेको थियो । त्यही समयमा सबै प्रकारका कुलत्पनहरू र निराशाले दिनप्रति दिन जीवन मृत्यूतिर धकेलिरहेको थियो । बाँच्नको लागि केही न केही गर्नुपर्थ्यो । काम खोज्दै जाँदा साँग्रीला गलैंचा उद्योग जोरपाटीमा काम पाएँ । अत्याधिक लागूपदार्थ सेवन गर्थे । ममा कुनै अनुशासन, मर्यादा थिएन । त्यसैले होला त्यहाँ सबैबाट अपहेलित भएको महसुश गरेँ । एकजना दिदी निरूमाया तामाङले भने सबैले हेला गरेपनि आमाले जस्तैं मलाई माया गर्नुभयो । कुनै पनि कुराहरूमा मलाई छुट्टाउनु भएन । मलाई उहाँले प्रभु येशू ख्रीष्टको बारेमा सुनाउँदै सिकाउँदै चर्चमा डोऱ्याउनु भयो । उहाँले भन्नुहुन्थ्यो "तिमीलाई सबैले त्यागेता पनि सृष्टि गर्नुहुने परमेश्वरले कहिल्यै त्याग्नु हुन्न भाई ।"

उहाँले गर्नु भएको प्रेम ख्रीष्टको प्रेम रहेछ । उहाँले होसन्ना मण्डली परिवारमा मलाई जोड्नुभयो । मलाई प्रभुमा डोऱ्याउँनु हुने मेरो आदरणीय दिदीलाई धन्यवाद दिन्छु । मण्डलीको वातावरण साह्रै राम्रो थियो । त्यहाँभित्र कुनै जात, धर्म, धनी या गरीबको भेदभाव थिएन । एकले अर्कालाई उत्साह, प्रेम, सहायता गर्ने परमेश्वरको प्रेमलाई व्यवहारमा प्रकटीकरण भएको मैले देख्थे । सोचेको परिवार मैले मण्डलीमा पाए जस्तो लाग्यो ।

एकदिन मण्डलीको पाष्टर बुबाले वचन बाँड्दै हुनुहुन्थ्यो । मत्ती ११:२८ "हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । प्रकाश २१:४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्णरूपले पुछिदिनु हुनेछ र फेरि मृत्यु नै हुने छैन र शोक र पीडा पनि हुने छैन । किनकी पहिलेका कुराहरू बितिसकेका छन् ।" (२ कोरिन्थी ५:१७) यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।

**एकजना दिदी निरुमाया तामाङले भने सबैले हेला गरेपनि आमाले जस्तैं मलाई माया गर्नुभयो । कुनै पनि कुराहरुमा मलाई छुट्टाउनु भएन । मलाई उहाँले प्रभु येशू ख्रीष्टको बारेमा सुनाउँदै सिकाउँदै चर्चमा डोऱ्याउनु भयो ।**

यो वचनबाट मेरो जीवनमा ठूलो परिवर्तन आयो । पुराना सबै कुराहरू बिर्सिदिए । निराशालाई त्यागेर ख्रीष्टमा नयाँ आशामा जीउने निर्णय गरेँ । उद्धार मुक्ति पाए । तर सुधारचाहिँ मैले पाउन बाँकी नै थियो । मेरो जीवनमा


पा. अंकध्वज मोते आफ्नो परिवारका साथ

सुधारको छडि चलाउने, मलाई काँटछाँट गर्ने, मेरो गल्तीहरूलाई क्षमा गर्दै अगाडि बढ्ने मौका दिनुहुने आदरणीय पाष्टर राजु सुन्दासलाई म धन्यवाद दिन्छु। मेरो घर, परिवार, जीवनमा उहाँको आत्मिक, आर्थिक, भौतिक प्रार्थनाको ठूलो लगानी छ। ख्रीष्टमा जीउने क्रममा परमेश्वर र मण्डली अगुवाहरूको दृष्टिमा म धेरै पटक चुकेको थिएँ। तर पनि मलाई सच्चिने मौँकाहरू दिनुभयो। शिक्षा, संगतीको कुराहरूमा निरन्तर मलाई डोऱ्याउनुभयो। बाइवल स्कूलदेखि विभिन्न ठाउँहरूमा मलाई सिफारिस गरी अगाडि बढ्ने मौँका दिनुभयो। प्रभुमा उहाँले गर्नुभएको यो ठूलो लगानीको कारणले आज म यो स्थानमा छु।

सधैँ मेरो हृदय उहाँप्रति धन्यवादी छ। यो सबै कुराको इनाम परमेश्वरले उहाँलाई दिनुभएको होस् भनि प्रार्थना पनि गर्दछु। परमेश्वरले

**शिक्षा, संगतीको कुराहरूमा निरन्तर मलाई डोऱ्याउनुभयो । बाइवल स्कूलदेखि विभिन्न ठाउँहरूमा मलाई सिफारिस गरी अगाडि बढ्ने मौँका दिनुभयो । प्रभुमा उहाँले गर्नुभएको यो ठूलो लगानीको कारणले आज म यो स्थानमा छु ।**

उहाँलाई जुन अनुग्रह दिनु भएको छ, त्यो मेरो जीवनमा आवश्यक महसुश गरेको छु। परमेश्वर र मेरो अगुवाप्रति म धेरै पटक चुकेको छु र चित्त पनि दुखाएको छु। म क्षमा माग्न चाहान्छु। एकदिन मेरो पारिवारिक जीवनमा यस्तो खालको समय आयो। उत्पत्ति १२:१ परमप्रभुले अब्राह्मलाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तलाई देखाउँछु त्यहाँ जा।"

अब्राहमको जीवनमा जस्तै मेरो जीवनमा पनि आवाज आयो। म मलेसिया हुँदा त्यहाँ नेपाली सेवासंगती सुरू भएको थियो। त्यहाँका स्थानीय पाष्टरले श्रीमान् श्रीमतीलाई नै सेवकाईमा आऊ भनेर सिफारिस गर्नुभएको थियो। त्यसैले आजभन्दा १० बर्षअघि विदेशमा सेवकाई गर्न जाने भनेर मण्डलीको पाष्टर अग्रजहरूबाट आशिर्वाद लिएर प्रार्थनासहित म विदा भएको थिए।

मण्डली फुटाएर, बिरोध या झैँझगडा मनमुटाव गरेर म होसन्ना मण्डलीबाट टाढा भएको होइन। प्रभुको इच्छा नै त्यो समयमा यस्तै भयो। तर दु:ख लाग्दो कुरा विदेश जाने क्रममा आजभोली भन्दाभन्दैं, घरपरिवारको व्यवहार मिलाउदा मिलाउँदै समय बितिसकेको थाहै भएन। भिषाको म्यादहरू पनि सकिएको हुँदा न त विदेश जान पाइयो, न मण्डली फर्केर जान सकियो। एउटा ठूलो कष्टको समय आयो। निर्णय गर्न धेरै गाह्रो भयो। त्यही समयमा प्रभुसँग प्रार्थना गऱ्यौं र आफ्नो कोठाबाट पारिवारीक रूपमा सेवासंगती प्रार्थना गर्न सुरूभयो।

एक्लोपनसँगै टुहुरोपनको महसुश भइरहेको थियो। तर पनि परमेश्वरको वचनलाई मैले सम्झे। मत्ती ६ : ३३ "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर र यी सबैथोक तिमीहरूका निम्ति थपिने छन्।" उहाँको राज्यमा म एक पवित्र जाति हुँ र उहाँको राज्यको खोजी मैले गरिनैं रहनु पर्छ भनेर प्रभुमा मैले संकल्प गरे।

निरन्तर प्रभुको सेवामा लागिरहेको छु। कुनै पनि संघसंस्थामा भर नपरी पिता, पुत्र र पवित्र आत्माको सत्यतामा उहाँले दिनुभएको दान बरदानमा मण्डली अगुवाई गर्दै अगाडि बढिरहेको छु। अबका दिनहरूमा प्रभुले दिनु भएको दर्शन पूरा गर्न होसन्ना मण्डलीका पाष्टर तथा अगुवाहरूको सरसल्लाह, प्रार्थनाको अपेक्षा पनि गर्दछौं। यो सबै कुराहरूबाट प्रभुको महिमा भएको होस्। उहाँको राज्य आएको होस्। होसन्ना मण्डली परिवारलाई हृदयबाट धन्यवाद दिन्छु।

# My New Life

**- Pastor Ankadhwoj Mote**

All praise and glory to our Lord Jesus Christ! I am Ankadhwoj Mote. My home is at Udayapur Babala-7. I am currently living in Jorpati, Kathmandu. I have come before you, the Lord's people, with my life story and His blessing. Glory be to God! I would like to express my heartfelt thanks to the pastors of Hosanna Church. I am grateful to the church for giving me the opportunity to write my life testimony on the occasion for this 25th anniversary of the church.

I received the Lord Jesus Christ as my Savior on November 26, 2000. Before I accepted Him, I lived in pain and misery. When I was a little child, my father left us. Born in a lower-class family, my mother raised me with great pain. I came to Kathmandu at the age of 12 with a plan to earn some money and help my mother but I couldn't. While struggling in the city, I had an opportunity to earn a name, respect and friends through sports. It was a great achievement for me.

From a young age, I wanted to work in the army or with the police. In our village, there were army personnel or policemen in every household. I wanted to get a job badly, so after a long stay in Kathmandu, I went home, gathered all the necessary documents and joined the army. I did so without consulting my family. I was fulfilling my dreams, yet after the training, I felt totally uneasy about everything. So I ran from the job and went missing. I felt like I was in the midst of life and death. This was during the Maoist war and I didn't know what to do - whether I should surrender to the platoon or go back to my home because of the fear of the Maoists.

> I would like to thank Pastor Raju Sundas for giving me the opportunity to improve my life, to correct me, to forgive for my mistakes, and to move forward.

I became an outcast - relatives would not let me stay at their homes because the Maoists were hostile to those who gave shelter to people like me. I felt despised at home and in society. I was forced to live far from my

family and relatives in fear and terror. At the same time, different addictions and frustrations were driving me towards death. I had to do something to survive so I got a job in Jorpati. I was taking drugs and didn't have any discipline or self-worth. And I felt despised by everyone. Except for Sister Nirumaya Tamang who loved me like a mother. She didn't let me feel left out. She shared about the Lord Jesus Christ with me and took me to church. She used to say, "Even if everyone abandons you, God, who created you, will never abandon you, brother."

Her love helped me to experience the love of Christ. She introduced me to Hosanna Church. I would like to thank my dear sister for leading me to the Lord. The atmosphere in that church was very uplifting. There was no discrimination based on caste and religion, or between rich and poor. I saw God's love manifested in the behaviors of believers. They encouraged, loved and assisted each other. I found my family in the church.

One day, the pastor was preaching and sharing several Bible verses:

- Matthew 11:28, *"Come to me, all you who are weary and burdened, and I will give you rest."*
- Revelation 21:4, *"He will wipe every tear from their eyes. There will be no more death, or mourning or crying or pain, for the old order of things has passed away."*
- 2 Corinthians 5:17, *"Therefore, if anyone is in Christ, the new creation has come: The old has gone, the new is here!"*

These words made a big difference in my life! I forgot the past and decided to give up my pessimism, and find new hope in Christ. I invited Jesus to be the Lord and Master of my life. But the improvement was yet to come. I would like to thank Pastor Raju Sundas for giving me the opportunity to grow in my life, correct me, forgive me for mistakes I made, and for helping me move forward. He has invested in my home, family and life through his spiritual, financial and material help. During my life as a believer, I often failed in the eyes of people and the leaders. Nevertheless, I was always given many chances to correct myself.

> **He has invested in my home, family and life through his spiritual, financial and material help. During my life as a believer, I often failed in the eyes of people and the leaders. Nevertheless, I was always given many chances to correct myself. Pastor Raju constantly supported me through education and fellowship.**

Pastor Raju constantly supported me through education and fellowship. He recommended me for various programs, like the Bible school, and gave me opportunity to move forward. I am in this place today because of the great investment he has made in my life.

My heart will always be grateful to him and I pray that God will reward him. I see that God has bestowed so many blessings upon him and that stirred me to also desire those blessings in my life. I have failed God and my leaders often, and I have hurt them many times, and I am sincerely sorry. I am so thankful to God for His grace and unconditional love, for continuing to love me in spite of my weaknesses.

One day, I felt a strong prompting just as Abraham did in Genesis 12:1, "The Lord had said to Abraham, 'Go from your country, your people and your father's household to the land I will show you.'"  A Nepali church in Malaysia was started at the time that I was there. The local pastor recommended that my wife and I join the church. So, 10 years ago, I left with the blessing of the pastor and the leaders of Hosanna Church to join the church in Malaysia.

I didn't leave Hosanna Church by a church split, or by protest or dispute. I knew God opened the opportunity for me, but, sadly, the time passed so quickly with the responsibilities that I had. And my visa had expired and I was not able to go abroad or return to Hosanna Church. A time of great tribulation came. It was very difficult, so we started to pray to the Lord in earnest.

I felt like a lonely orphan, but, I remembered God's words in Matthew 6:33: "But seek first His Kingdom and His righteousness, and all these things will be given to you as well." I am a holy nation in His kingdom, and I resolved with the Lord to seek His righteousness and kingdom.

I have constantly been in the service of the Lord and I continue to lead the church in the ways of the Father, the Son and the Holy Spirit. I look forward to the advice and prayers of the pastor and leaders of Hosanna Church to fulfill the vision given by the Lord. May the Lord be glorified in all these things; may His kingdom prevail. I would like to thank the Lord Jesus and the Hosanna Church family for helping me to finally fine purpose and meaning in my life.

# पहिलो पटक बालगृहमा सुर्खेत-झुप्राखोलाबाट


1


2


3


4


5


1


2


3


4


5

# ल्याईएका बादी समुदायका प्रिय छोरीहरू- उहिले र अहिले


6


7


8


9


10


6


7


8


9


10

# इतिहास आफै बोल्छ



# History speaks itself





■ पा. रामबहादुर तामाङ्ग

# होसन्ना मण्डलीको अतुलनीय योगदान

मेरो नाम रामबहादुर तामाङ्ग हो। २०३० सालमा परखनीपुर–९ सर्लाहीमा जन्मिएको हुँ। तामाङको आफ्नै धर्म र आस्था छ। मैले पितापूर्खाले मान्दै आएको धर्ममाथि आस्था राख्थे। २०५१ सालमा वेथलेहम मण्डलीमा प्रभु येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गर्ने मौंका पाएँ। त्यही मण्डलीमा नै पानीको बप्तिसमा लिए। २०५५ सालमा रोजगारीको लागि काठमाडौंको जोरपाटि, नारायणटार पुगें। त्यहाँ होसन्ना मण्डलीका पाष्टर ज्ञानु सुन्दाससँग भेट्ने मौंका पाए। होसन्ना मण्डलीमा मैले धर्मशास्त्रको शिक्षा सिक्ने अवसर पाएँ। त्यही समय मेरो जीवन निर्माण गर्ने अवसर बन्यो।

२०५७ सालदेखि ०५९ सालसम्म होसन्ना मण्डलीमा सेवकाई गर्ने मौका प्रभुले जुटाउनुभयो। त्यो समयले मेरो जीवन निर्माण गर्न टेवा पुऱ्यायो।

आर्थिक अभावका कारण परिवार र मण्डलीका अगुवाहरूको सल्लाहमा म दुबई गए। तीनवर्ष काम गरे। दुबईमा पनि सेवकाईको लागि प्रभुले ढोका खोलिदिनु भयो। एकदिन प्रभु मेरो हृदयमा बोल्नुभयो अब विदेशमा होईन स्वदेशमै सेवकाई गर्नुपर्छ भनेर। दुबई छाडेर गाउँ फर्किए।

दुबईबाट फर्किने बित्तिकै प्रभुको राज्यविस्तारका निम्ति आफ्नै घरको आँगनमा प्रेरितहरूले झैं मण्डली सुरू गरें। विश्वासीहरूको संख्या थपिँदै गएका कारणले आँगनमा संगति गर्न सहजता थिएन। हामीले आफ्नै जग्गामा काठ र जस्तापाताले सानो मण्डली भवन निर्माण गऱ्यौं। त्यसपछि हामीलाई संगति गर्न सहज भयो।

समयसँगै मण्डलीमा विश्वासीहरूको संख्या गुणात्मक वृद्धि भयो। जसको कारण हामीले बनाएको मण्डली भवन सानो भयो। ठूलो मण्डली भवनको लागि प्रार्थना गर्न थाल्यौं। साँच्चै प्रभुले हाम्रो प्रार्थना सुन्नुभयो। हामीले पुरानो भवनलाई भत्काएर ठूलो मण्डली बनाउन सुरू गऱ्यौं।

मण्डली भवन निर्माण गर्ने क्रममा रकम प्रशस्त थिएन। त्यसैले मण्डली भवन पुरा गर्न हामीलाई धेरै कठिनाई परिरहेको थियो। होसन्ना मण्डली र अगुवाजनहरूसँग मेरो र मेरो परिवारको धेरै समय अघिदेखि घनिष्टता थियो। उहाँहरूलाई हाम्रो मण्डलीको अवस्थाबारे सबै जानकारी

थियो । होसन्ना मण्डलीले हाम्रो मण्डली भवन बनाउन मुठ्ठी खोलेर सोचेभन्दा बढि सहयोग गऱ्यो । अगुवाजनहरू निर्माण गर्नको लागि पनि होसन्ना मण्डलीले समय समयमा पाष्टरीय तालिमहरूमा सहभागी गराउँथ्यो ।

हामीले आफ्नै मण्डलीमा १२ दिने तालिमको आयोजना गर्दा होसन्ना मण्डलीका अगुवाहरू आएर तालिम गराउन हुन्थ्यो । मण्डलीका युवाहरूलाई प्रभुको राज्यमा अगाडि बढाउन र ख्रीष्टप्रति समर्पित हुन पनि होसन्नाले अतुलनीय योगदान दिदैं आएको छ । होसन्नाले हाम्रो मण्डली वृद्धिको लागि उल्लेखनीय भूमिका खेलेको छ । अहिले हाम्रो आमा मण्डलीमा दैनिक आउने विश्वासीको संख्या १५० छ । कान्ति बजारको छोरी मण्डलीमा ५० जना, देनुशलीको छोरी मण्डलीमा ३५ जना र क्यानखोलाको छोरी मण्डलीमा २५ जना छन् । अहिले हाम्रो मण्डलीमा जम्मा २५० जना निरन्तर संगति आउने विश्वासीहरू छन् । प्रभुले प्रशस्त आशिष दिनुभएको छ । हामी विश्वास गर्छौ प्रभुले अझैं संख्या थप्दैं लानु हुनेछ । आशिषले भरिपूर्ण पार्नु हुनेछ । धन्यवाद ।

अहिले हाम्रो आमा मण्डलीमा दैनिक आउने विश्वासीको संख्या १५० छ । कान्ति बजारको छोरी मण्डलीमा ५० जना, देनुशलीको छोरी मण्डलीमा ३५ जना र क्यानखोलाको छोरी मण्डलीमा २५ जना छन् । अहिले हाम्रो मण्डलीमा जम्मा २५० जना निरन्तर संगति आउने विश्वासीहरु छन् ।



राजु सुन्दास
पा. रामबहादुर तामाङ्गसँग



सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको कार्यलयमा देवीसरा बादी (हन्नाह) को जीवनी पुस्तक लोकार्पण कार्यक्रमका झलकहरु ।









Right Honourable President Mrs Bidya Devi Bhandari launching a book of Devisara Badi (Hannah) at the President Office.

# The Incomparable Contribution of Hosanna Church

**- Pastor Ram Bahadur Tamang**

My name is Ram Bahadur Tamang. I was born in 1973 in Parkhanipur-9, Sarlahi. The Tamang community has its own religion and faith. I grew up in the religion of my ancestors. In 1994, in the Bethlehem Church, I had an opportunity to receive the Lord Jesus Christ as my Savior. I got baptized in the same church. In 1998, I came to Jorpati, Narayantar, Kathmandu. There I got an opportunity to meet Pastor Gyanu Sundas of Hosanna Church. At the church, I had the opportunity to go for Biblical training and this became the foundation to build my life.

From 2000 to 2003, the Lord provided me with the opportunity to serve Hosanna Church. That period helped to build my life. Due to financial constraints, I went to Dubai on the advice of family and church leaders - there I worked for three years. The Lord also opened doors for ministry in Dubai. Then one day, the Lord spoke to my heart that I should return to my homeland and serve there. I left Dubai, and returned to my village.

As soon as I returned from Dubai, I started a church in the courtyard of my own house for the expansion of the Kingdom of God. It was exciting as I felt I was living my faith like the apostles in the Book of Acts. As the number of believers increased, the courtyard became too small to hold services. So we built a small church building with wood. The building had a roof of corrugated zinc plates. Thereafter, we continued to fellowship and grow in the Lord.

> The Hosanna Church has made invaluable contributions to our youths to advance in the Kingdom of God, and to be devoted in Christ.

Over time, the number of believers in the church increased exponentially. Soon the building we had built felt too small. We prayed for a bigger building and the Lord heard our prayers. We demolished the old house, and started to build a bigger one.

However, we didn't have enough money to finish the church building. All this time, Hosanna Church and its leaders had been close to me and my family. They knew about the financial challenges we had in completing the building for our church. And without hesitation, Hosanna Church came forward with the finances to help us complete our building. They supported us more than we could imagine. Besides financial support, Hosanna Church also invited us to participate in the pastoral training from time to time to equip our leaders.

When we organized a 12-days training program in our church, leaders of Hosanna Church came to facilitate the training. Hosanna Church has made invaluable contributions to our youths to advance in the Kingdom of God, and to be devoted to Christ. Today, there are 150 believers in our mother church. There are 50 believers in the daughter church in Kanti Bazar, 35 in Denushali, and 25 in Kankhola. In total, we have more than 250 believers in our churches.

The Lord has bestowed us with abundant blessings. We believe that the Lord will continue to increase the number of believers. And He continues to fill us with His blessings. Praise the Lord Jesus from whom all blessings flow!

> **Today, there are 150 believers in our mother Church. There are 50 in the daughter Church in Kanti Bazar, 35 in Denushali, and 25 in Kankhola. In total, we have more than 250 believers in our Churches.**



HCM Church, Sarlahi





■ मदन सार्की

# येशूलाई चिन, चिनाऊ र चेला बनाऊ

नेपालको ऐतिहासिक चर्च होसन्ना मण्डलीको रजत् महोत्सवको पावन अवसरमा केही धन्यवादका शब्दहरू राख्न पाउँदा मलाइ सारै खुशी लागेको छ। नेपालमा सुरूवात समयदेखी नै येशूलाई चिन, चिनाऊ र चेला बनाऊ भन्ने मूख्य दर्शनका साथ होसन्ना चर्चले नेपालमा चेलापन निर्माण र सु-समाचारमा नेपालको दूरदराजमा समेत निकै प्रार्थना र उत्साहको लगानी गरेको छ।

मैले विगत लामो समयदेखि यो चर्चको सेवालाई नजिकबाट नियाल्दा र संगतिमा सहभागी भइरहँदा स्वर्गीय आशिषको अनुभुति गरेको छु। प्रभुको महान आदेश र हराएकाप्रति मण्डली निकै सम्वेदनशील रही निरन्तर आत्मा बचाउने सेवामा नेपालका थकित पाष्टर अगुवालाई बोलाइ उत्साहको भेलाहरूबाट पनि पुनःजागृति गराइ निरन्तर लागिपरेको छ।

समय निकै बितिसकेको रहेछ। रजत् महोत्सवसम्म आइपुग्दा नेपाली भाषीहरू माझ निकै उत्साहित साहसी आटले भरिपूर्ण एउटा दर्शन बोकेका अगुवा पाष्टर राजु गुरूबाबाट अनलाइन र प्रत्यक्ष रूपमा उहाँलाई पछ्याउँदै आएको छु। उहाँको वचनहरूबाट हजारौँ जवान तथा सबै खाले विश्वासी र अगुवाहरू सेवामा उर्जा पाइरहेका छौं। दूरदर्शितामा निपूर्ण आदरणीय पाष्टर राजु गुरूबाको प्रार्थनाको लगानी स्वयंम मेरो जीवनमा छ। जसको म ऋणी छु। प्रभुको राज्यका लागि सर्वश्व अर्पण गरी नेपालमा यति महान्

> रजत् महोत्सवसम्म आइपुग्दा नेपाली भाषीहरु माझ निकै उत्साहित साहसी आटले भरिपूर्ण एउटा दर्शन बोकेका अगुवा पाष्टर राजु गुरुबाबाट अनलाइन र प्रत्यक्ष रुपमा उहाँलाई पछ्याउँदै आएको छु।

सेवामा लागिरहँदा होसन्ना मण्डलीका विश्वासी अगुवाजन तथा उहाँको बुवा आदरणीय पाष्टर बुवा ज्ञानु सुन्दास र उहाँको समस्त परिवारको

लागि पनि हामी धन्यवादी हुनुपर्छ। उहाँको महान दर्शन नेपालको हरेक कुनाकन्दरामा चर्च स्थापना होस् भनेर उहाँले रातदिन हामीलाई उत्साह प्रदान गर्दै आउनु भएकोमा धन्यवाद दिन चाहन्छौं।

नेपालमा सबैभन्दा पिछडिएका वर्ग बादी समुदायको उत्थानका लागि जुन भूमिका निभाउनु भएको छ, मलाई लाग्छ यो कार्यको जति प्रसंशा गर्दा पनि कमै हुन्छ। आज बझाँङमा पनि धेरै बादी समुदायको अवस्था हेर्दा नाटकिय अवस्था छ। प्रायः सबै ठाउँ यस्तै थियो होला तर आज उहाँको दर्शनले त्यो दूरदराजको पीडालाई संबोधन गरेर नेपालका थुप्रै बादी बालबालिकाहरूले अभिभावक भएका छन्। नयाँ जीवन पाएका छन्। भविष्यमा देश निर्माणका लागि अग्रणी भूमिका प्रदान गर्न सक्षम देखिएको अवस्था छ।

होसन्ना मण्डली र आदरणीय पाष्टर राजु सुन्दास गुरूबाको अथक प्रार्थना, प्रयास र सामाजिक निरन्तरता जस्तो परिस्थितिमा पनि उत्साहित भएर नेपाली भाषी समुदायमा विश्वमै आफ्नो ख्याति कमाउनु भएको कारण उहाँको मानव सेवामा समर्पित हृदयले दविएकाहरूलाई उकास्ने कार्य हो जस्तो लाग्छ। उहाँको सेवकाईबाट निरन्तर उत्साह र जिउने र अघि बढ्ने प्रेरणा पाइरहेको छौं।

**होसन्ना मण्डली र आदरणीय पाष्टर राजु सुन्दास गुरूबाको अथक प्रार्थना, प्रयास र सामाजिक निरन्तरता जस्तो परिस्थितिमा पनि उत्साहित भएर नेपाली भाषी समुदायमा विश्वमै आफ्नो ख्याति कमाउनु भएको कारण उहाँको मानव सेवामा समर्पित हृदयले दविएकाहरूलाई उकास्ने कार्य हो जस्तो लाग्छ।**

रजत् महोत्सवसम्म आइपुग्दाको समयसम्म हजारौं चुनौतीको सामना गरेर हरेक पाइलामा आषिश बटुल्दै यहाँसम्म आउँदा साथ दिनुहुने अग्रजहरू विश्वासी परिवारको साथ र प्रार्थना अनि निडरताका साथमा काम गर्नु भएकोमा हामी धन्यवादी छौं। साथै, यो महान् समय प्रदान गर्ने जिवित प्रभुलाई धन्यवाद दिदै सम्पूर्ण मण्डली परिवारलाई हार्दिक बधाई तथा शुभकामना पनि व्यक्त गर्दछु।

चेलापन तालिम, हेटौंडा पवित्र चर्च, लामिडाँडा



# Know Jesus and Make Disciples

- **Madan Sarki**

I am very happy to share a few words of thanks on the auspicious occasion of the Silver Jubilee of Hosanna Church, a long established church in Nepal. Since its establishment, Hosanna Church has invested much on evangelism and encouragement even in the remote parts of the country with its vision to know Jesus, make Him known, and make disciples of the nations.

I have experienced a heavenly blessing in my long, close fellowship with them and as an observer admiring the services and work of the church. The church has been very faithful and meticulous in carrying out the commands of the Lord Jesus to go and make disciples.

Prior to the Silver Jubilee, I have followed Pastor Raju Sundas online and in person for many years. Through his words, thousands of youths and believers have been encouraged and energized to serve God. Pastor Raju Sundas has also prayerfully invested in my own life and I am indebted to him. We are thankful to the faithful leader of Hosanna Church, and Pastor Raju Sundas' father, Gyanu Sundas and his entire family for continuing to do such a great service for the Kingdom of God. We would like to thank him for encouraging us to build churches in every nook and cranny of Nepal.

> Pastor Raju Sundas' tireless prayers, efforts and enthusiasm have earned him a reputation among the Nepali-speaking community across the world.

We cannot praise him enough for the role he has played in uplifting the most backward Badi community. Even today, in Bajhang, the situation of many Badi families is desperate and drastic. The situation must have been similar in other remote areas. But because of his vision that addressed the misery of the people, and the follow-up work, now many Badi children have an education, a guardian, a future. They have found a new life. And there is no doubt that many of them will play leading roles in nation building in the future.

Pastor Raju Sundas' tireless prayers, efforts and enthusiasm have earned him a reputation

among the Nepali-speaking community around the world. That's the outcome of his and Hosanna Church's dedication to serve and help many people. We are constantly inspired by his service to help people and how he has influenced society to move forward.

We are thankful to the faithful families who have come here to support us every step of the way, courageously facing endless challenges, and praying fearlessly. Whilst thanking our Lord Jesus for providing us with a great time and giving Him all the glory, I would like to extend my heartfelt congratulations and best wishes to the entire church family.

> I have followed Pastor Raju Sundas online and physically for a long time. Through his words, thousands of youths and all believers have been encouraged and energized in the service to God.

One of the Mass Baptisms at Bardiya, Midwest Nepal





■ सागर बैजु
हाल संयुक्तराज्य अमेरीका

# कहिल्यै नथाक्ने राजु सुन्दास

मानिसको वास्तविक पहिचान उसको विचारबाट हुन्छ। मानिसले जस्तो सोच्दछ, ऊ त्यस्तै बन्दछ। त्यसैले असल मानिस हुन हरेक व्यक्तिले सकारात्मक सोच राख्नुपर्दछ। भनिन्छ "सकारात्क सोच नै मानिसको जीवनको उर्जा हो। बन्दुकको नालमाभन्दा सकारात्मक सोचमा हजारौं गुणा शक्ति हुन्छ।"

मैले जीवनमा धेरै मानिसहरूसँग सङ्गत गरैं। सेवा पनि गरैं। तर सबैमा छुट्टै मन उत्साह र मस्तिक भएका मानिसमा राजु सुन्दासलाई पाएँ। कहिले नकारात्मक कुरा नगर्ने। सबै कुरामा उत्साह थप्ने। आफ्नो जस्तै दुःखमा पनि हाँसेर विश्वासी, सेवकहरूमा सेवाको उर्जा थप्ने जोशजागर भएका सुन्दासलाई आजभन्दा करिब १८/२० वर्षअघि होसन्ना चर्च जोरपाटीमा भेटेको हुँ। भाडाको सानो हलमा सेवा गर्दै गरेका सुन्दास आज आफ्नै बिशाल भवन विश्वासीको ठूलो संख्या हजारौंको पाष्टर हुँदा पनि नमात्तिएको नआत्तिएको आत्मीय घनिष्ट मित्रको रूपमा लिएको छु।

मेरो निराशापनमा हात समातेर साथदिने कठिन परिस्थितिमा पाइला लर्बराएका बेला ढाड्स दिने आधा रातमा मेरो निम्ति प्रार्थना गर्न आइदिने सधैं उत्साह थप्ने असल मित्र र मानिसका रूपमा चिन्छु। सुन्दासले यस्ता शक्तियुक्त सकारात्मक सोचलाई सही ठाउँमा, सही समयमा, सही तरिकाले प्रयोग गर्ने जीवन र जगतको स्वरूपलाई अकल्पनीय सुन्दर बनाउन अग्रसर ती पाइला जसले होसन्ना सेवकाईको २५ औं वसन्त पुरा गर्न सकेकोमा हार्दिक बधाई।

बादी समुदाय दलित समुदायभित्र पनि अतिपिँधमा परेको समुदाय हो। ऐतिहासिक रूपमै आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिकलगायतका अधिकारबाट वञ्चितीकरणमा पारिदैं आएको अल्पसंख्यक समुदाय हो। सामाजिक आत्मासम्मान र पहिचानका लागि लामो समयदेखि काम गर्दै आउनु भएको कुरा उहाँको कामले देखाउँछ। बादी समुदायका बालबालिकाको अभिभावक भई सयौं बालबालिकालाई पारिवारिक वातावरणमा हुर्काउँन सफल उहाँ आज पनि लागिपर्नु भएको छ।

हरेक परिस्थितिमा अव्बल निर्णय गर्ने र कहिले नथाक्ने क्षमता भएका

सुन्दास, निराश मानिसहरूमा उत्साह थप्ने, उर्जा भर्ने कामदेखि कठिन परिस्थितिमा डटेर सेवामा अघि बढ्न प्रेरणा थप्ने गुणवान राजुको रोदन र प्रफुल्लित समय मैले देखेको छु। सन् २०१६ देखि २०१८ को अवधीमा कठिन परिस्थितिमा आफूसँग भएका सबै जिन्सी समान बेचेर बालबालिकाको लालनपालनमा खर्च गरेको र आफूले चढेको गाडी समेत् बेचेर पैदल हिड्दै सेवा सुचारू गर्दासम्म मैले उनमा हतोत्साहित कहिले देखिन। रूदै प्रार्थना गर्दै सबै परिस्थितिमा परमप्रभुलाई धन्यवाद दिँदै मित्रहरूलाई उत्साह थप्न कहिल्यै पछि परेनन्।

आफ्नै चर्चका विश्‍वासीले आफू विरुद्ध सहयोगी दातृसंस्थाका केही मानिससँग मिलेर पिडा दिने मानिसलाई सहयोग गर्न कहिल्यै नछोडेको घटनाहरू छन्। सर्वाजनिक रूपमा संस्थाको साधारण सदस्यबाट निस्काशन गर्दासम्म हाँसीहाँसी आफ्नो बदनामी गर्ने मानिसको भलो चिताउने राजुको उन्नतीको रहस्य उनको सकारात्मक सोच नै हो।

**हरेक परिस्थितिमा अब्बल निर्णय गर्ने र कहिले नथाक्ने क्षमता भएका सुन्दास, निराश मानिसहरूमा उत्साह थप्ने, उर्जा भर्ने कामदेखि कठिन परिस्थितिमा डटेर सेवामा अघि बढ्न प्रेरणा थप्ने गुणवान राजुको रोदन र प्रफुल्लित समय मैले देखेको छु।**

चर्चिल भन्छन "निराशावादी व्यक्ति हरेक अवसरमा समस्या देख्छ, तर आशावादी व्यक्ति हरेक समस्यामा अवसर देख्छ।" चर्चिलको यो भनाईले समस्या र अवसर भन्ने कुरा पनि अरू केही नभएर मानिसको सोचाई मात्र हो भन्ने देखिन्छ। भनिन्छ नी, समस्या मान्छेलाई लडाउँन होईन, बरू उठाउँन आउँछ। त्यसैले समस्या आउँदा खुट्टा लुलो होईन, दह्रो बनाउँनुपर्छ। सुन्दासका काम र अभियानसँग सकारात्मक सोच छ। जोसँग सकारात्मक सोच छैन, ऊ भाग्यलाई दोष दिएर टाउकोमा हात लाएर दिन गुजार्छ। असल सोच बोकेका मन्द मुस्कानका धनी राजु सुन्दासप्रति मेरो नमन छ।

२५ औं रजत् महोत्सवले सकारात्मक सोचौं, सकारात्मक बनौं। जीवनको सफलता यसैमा निहीत् छ। यो नै मानव जीवनको सार्थकता हो। सकारात्मक सोच र साथ सहयोग सधै बढ्दै जाओस् मेरो प्रार्थना र शुभकामना छ। "तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरूडझैं माथि–माथि उड्ने छन् र दगुरेर पनि तिनीहरू थाक्ने छैनन्।"

नेपाल भरिबाट आएका अगुवाहरुसँग तालिम पश्चात लिइएको एक तस्विर



# Raju Sundas Never Gets Tired

**- Sagar Baiju**
**From United States of America**

I have been associated with and served many people in my life. And Raju Sundas is a man with a different mind, enthusiasm and soul. He never talked negatively. He inspired enthusiasm to all. I met Raju at Hosanna Church, Jorpati about 18-20 years ago. He smiled even in grief and remained enthusiastic to energize the faithful servants of the Lord Jesus. Raju, who started serving in a small rented hall, today serves thousands of believers in his huge building. But in spite of his success, he is down to earth, and continues to be a close friend of mine.

I know him as a good friend and a person who always comes to pray for me even in the middle of the night, and to comfort me and hold my hands when I was struggling with despair. Congratulations to Raju for all the work he has done these last 25 years through Hosanna Church, using his powerful and positive attitude in the right place, at the right time, and in the right way to make the world and life more unimaginably beautiful.

The Badi community is the most marginalized community among the Dalits (the lowest caste). Historically, they have been deprived of economic, social, cultural, political, educational and other rights. In the last 12 years, Raju has worked tirelessly for this community to gain self-respect, identity and dignity. As a guardian of the children of the Badi community, he has succeeded in raising hundreds of children in a safe, warm and homely environment.

I have seen the ups and downs of Raju. He has remained resilient and maintained the ability to make excellent decisions in every situation, to never give up, to bring enthusiasm to the depressed people, and to motivate them to move forward. Between 2016 and 2018, he sold all his belongings and car to take care of his children. But, I never saw him discouraged. Crying and praying, thanking Jehovah in all circumstances, he never hesitated to encourage his friends.

There was a chapter when some believers of his own church, along with some members of a charitable organization set out to malign him. This incident caused him to be publicly ousted from a national church organization, but he

never thought badly about the persons who ousted him. And though feeling betrayed and deeply hurt, neither did he harbor any malice towards the person who had hurt him.

"A pessimist sees problems in every opportunity, but an optimist sees opportunities in every problem, " said Winston Churchill. Churchill's statement suggests that problems and opportunities are birthed from human thoughts. It is said that problems come to people not to knock them down, but to lift them up. When problem comes, we strengthen our resolve to endure. Raju is such a man with such a positive attitude – he does not allow problems to get him down but sees them as opportunities. When problems come, he strengthens himself in the Lord so that he can continue his work and ministry. He is certainly not someone who spends his days blaming his fate. I salute Raju Sundas, a man with good, strong, godly thoughts and a soft smile.

In Christ, we have His victory over the challenges and problems of life. In Him, we have His strength, wisdom and ability. Therefore, in Him, we can always stay positive. I pray that the church will continue to draw from Christ, to find strength and direction from Him. The strength of those who hope in the Lord will be renewed. They will fly up like eagles, and they will not get tired of running. With this, I congratulate Hosanna Church on its Silver Jubilee – may you continue to stay victorious in Christ, achieving fully all that Christ has prepared for you to do.

> I have seen the happy and sad times of virtuous Raju who has the ability to make excellent decisions in every situation, to never give up, to add enthusiasm to the depressed people, to motivate them to move forward.

Badi children are rejoicing to stay at their own property, Mulpani





■ कुवेर बस्याल

# मैले नयाँ जीवन पाएँ

जीवन यात्रा रहेछ । यात्राको उकाली ओरालीमा मैले धेरै सुख दुःखको सामना गरेको छु । मेरो जन्म २०१८ सालमा काठमाडौंको बेसीगाउँमा भएको हो । बाल्यकाल सामान्य तवरले बित्यो । २०३८ सालमा बैवाहिक बन्धनमा बाँधिए । घर गृहस्थीलाई अगाडि बढाउँन म बाँसबारी छाला कारखानामा कार्यरत भएँ । जागीरबाट घरको दैनिक गुजारा चलिरहेको थियो । मेरो आर्थिक र पारिवारिक अवस्था सामान्य चलेको थियो । परिवारमा खुसीका लहरहरू छाउँदै थिएँ । फलस्वरूप पहिलो सन्तानले जन्म लियो । तर हाम्रो अनुहारमा छाएको खुसी र रमाइलो लामो समयसम्म टिकेन । पहिलो सन्तान जन्मिएको तीन दिनपछि मृत्यु भयो । परिवार र आफूलाई सम्हाल्न निकैं कठिन भयो । आफू त जसोतसो सम्हालिए तर जन्म दिने शिशुको आमा भने दिनरात विरह पोखेर छट्पटिदा सम्हाली नसक्नु हुन्थ्यो । दिन बित्दैं गयो, चोटहरू पनि बिर्सिदैं गइयो । केही समयपछि दोस्रो सन्तान भयो । उनी पनि लामो समयसम्म हामी माँझ रहिनन् । तेस्रो सन्तानको पनि जन्मिएको केही घण्टापछि मृत्यु भयो ।

निरन्तर सन्तान गुमाएको पिडा, आर्थिक अवस्था कमजोर हुँदै गएको र जिन्दगीबाट हार खादैं गरेको अवस्थामा चौथो छोरी अंकिताको जन्म भयो । दुई वर्षपछि कान्छी छोरी संगीताको जन्म भयो । दुई छोरीको जन्मले फेरि नयाँ आशा र खुसी पलायो । कतै यी छोरीहरूले पनि केही वर्षमै मृत्यूलाई अंगाल्ने त होइनन् भन्ने डर रहिरहेको थियो । ओठमा हाँसो भएपनि मनमा चिसोपनले छोडेको थिएन । यसरी जीवनरूपी रथ चल्ने क्रम जारी थियो ।

**शरिरमा कुनै औषधीले काम गरेन । मेरो अवस्था झन् बिग्रिदैं गयो । धामी झाँक्री बोलाएर सयौं कुखुरा बलि दिइयो । मन्दिरहरु गयौं । तर ती निर्दोश पशुको बलीले मलाई कुनै सुधार ल्याएन ।**

अचानक म बिरामी भएँ । ज्वरोले ज्यान गलाउन थाल्यो । विस्तारै मेरो हातखुट्टा लुलो हुँदै गयो । नशाहरूमा रक्तसञ्चार हुन छाडे । मलाई अस्पताल लगियो । करिब २२ दिन अस्पतालमा बस्दा पनि कुनै सुधार आएन । हेर्ने र सुन्ने बाहेक केही गर्न नसक्ने भएँ । जिउँदो लास जस्तै न हिड्न सक्थे, न चल्न । बोली बन्द थियो, पिडाहरू मानिसका कानसम्म पुग्न निरर्थक थिए । मानिसहरू मेरो पिडा र भोगाई देखेर यसरी बाँच्नुभन्दा मरेको भए हुने भनेर जान्थे ।

शरिरमा कुनै औषधीले काम गरेन । मेरो अवस्था झन् बिग्रिदैं गयो । धामी झाँक्री बोलाएर सयौं कुखुरा बलि दिइयो । मन्दिरहरू गयौं । तर ती निर्दोश पशुको बलीले मलाई कुनै सुधार ल्याएन । पन्यु तताएर रातो पारी मेरो गालामा डामिएको थियो । म दुखाईले बोल्न समेत सक्दिनथे । कसैले त बाघको दुध खाएर निको हुन्छ म ल्याइदिन्छु भन्दैं १५ हजार रूपियाँ लिएर गए । मानिसहरूको खोक्रो आश्वासनप्रति भरोसा राख्दा पनि लछारपाटो लागेन । संसारमा मानिसहरू यति अवसरवादी रहेछन कि कसैको रोगबाट पनि आफ्नो फाइदा उठाउँने । त्यस्ता मानिसप्रति मैले विश्वास गरी राखे ।

उपचार गर्न श्रीमतीको गरगहना बेचैं । भएको सानो टुक्रा जमीन पनि बेचैं । भएको पैसा, झिटीझाम्टा सबै सकियो । केही सीप लागेन । मेरो शरिरमा सासबाहेक केही थिएन ।

श्रीमतीको काखमा दुई वर्षीय र छ महिनाको छोरीहरू, अनि उता मेरो यस्तो हालत । मपछि मेरो परिवारको हालत के होला भन्ने चिन्ता अनि शरिरको शिथिलताले आँखाबाट आँसु झार्न बाहेक के नै गर्न सक्थे र ।

दुई वर्षको कष्टपूर्ण र लाससरी जीवन बिताइ रहँदा मेरी ठूली आमाबाट मैले येशू ख्रीष्टको बारेमा सुन्ने मौका पाए । उहाँ येशू ख्रीष्ट हुनुहुन्छ, जसले सबै रोग र पापबाट मुक्ति दिनुहुन्छ भन्ने खबर पाएपछि मेरो जीवनमा नयाँ आशा पलाउँन शुरु भयो । त्यही विश्वासका साथ घर छेऊ रहनु भएका पाष्टर राजु श्रेष्ठलाई प्रार्थना गरी दिनुहुन अनुरोध गर्दै मेरी श्रीमती बोलाउन गइन् । परमेश्वरमा मात्र चङ्गाइ छ र उहाँले नै हामीलाई निको बनाउँन सक्नुहुन्छ भन्ने कुरा बताउँनु भयो । उहाँले बताएका कुराहरूप्रति विश्वास गर्नुबाहेक कुनै विकल्प थिएन । उहाँ मेरो निम्ति दैनिक प्रार्थना गर्न घरमा आउनु हुन्थ्यो । विस्तारै मैले मेरो शरिरमा परमेश्वरको कामको महसुश गर्न थाले ।

वर्षौंदेखि रोगले थलिएको मेरो शरीरमा परमेश्वरले आश्चर्यको काम

उपचार गर्न श्रीमतीको गरगहना बेचे । भएको सानो टुक्रा जमीन पनि बेचे । भएको पैसा, झिटीझाम्टा सबै सकियो । केही सीप लागेन । मेरो शरिरमा सासबाहेक केही थिएन ।

गर्नुभयो । स्थिर रूपमा रहेका मेरा शरीरका अङ्गहरू एकाएक चलायमान हुनथाले । खाँटमा थलिएको शरीरमा एकाएक आएको हलचलले मनमा बाँच्ने आशा उब्जाउदैं थिए । घर नजिकै रहेको होसन्ना मण्डलीमा, सेवक लुका बस्नेतको सहारामा लौरो टेक्दैं प्रत्येक शनिबार म र मेरो परिवार मण्डली जान थाल्यौं । मेरो निम्ति होसन्ना मण्डलीका पाष्टर लगायत अन्य अगुवाहरूले प्रार्थना गर्नुभयो । निरन्तर प्रार्थना र विश्वासले मेरो शरीरमा सुधार आउन थाल्यो । परमेश्वरको अद्भुत काम मैले देखे । प्रार्थनाकै क्रममा पवित्र आत्माको काम मेरो शरीरमा भयो । जाँदा लौरो र मानिसको सहाराले गएको म घर फर्किदा बिना लौरो नाच्दैं आएको थिए । साँच्चैं मैले नयाँ जीवन पाएँ । नियतिले ठगिएको मेरो जीवनमा परमेश्वरको आश्चर्यको काम प्रत्यक्ष देख्न पाउँदा उहाँ कति महान हुनुहुन्छ भन्ने कुरा थाहा पाएँ । व्याकुलताले भरिएको मेरो प्राणलाई उहाँले नै पुनर्जीवित पार्नुभयो ।

साँचो परमेश्वरलाई जब मैले विश्वास गरेँ तब म र मेरो परिवारले उहाँको अनुग्रह प्राप्त गरेको छ। उहाँमा विश्वास गरेकै खातिर म र मेरो परिवारको जीवनमा आशिषको वर्षा भएको छ। उहाँको कृपा, प्रेम म र मेरा परिवारप्रति अचुक छ। मेरो आर्थिक अवस्था र शारिरीक अवस्थालाई उहाँले नै उकास्नु भएको छ। मेरो जीवनमा देखिएको परमेश्वरको कृपाको कारण अहिले मेरा ७३ प्रतिशत आफन्तले परमेश्वर पाउनु भएको छ। आज तपाईहरूको जीवनमा पनि कति रोग र आर्थिक पिरलो होला तर हरेश नखानु परमेश्वरमा विश्वास राख्नुहोस्, परमेश्वरले भलो गर्नुहुन्छ।

परमेश्वरको अनुग्रह पाएर नयाँ जीवन पाउँदा अत्यन्त खुसी छु। मृत्युको अन्धकारमय घाँटी भएर जानुपरेता पनि हर समयसाथ दिने परमप्रभुलाई महिमा भएको होस्। मलाई नयाँ जीवन दिन अतुलनीय योगदान गर्नुहुने र निरन्तर प्रार्थना गर्नुहुने होसन्ना मण्डलीका पाष्टर अगुवालगायत सम्पूर्ण विश्वासीलाई धन्यवाद। यहाँहरू समक्ष निरन्तर कृतज्ञता प्रकट गर्न चाहान्छु।

महिलाहरुलाई सिपमुलक तालिम गर्नलाई स्थापित तालिम केन्द्रका केहि तस्विरहरु





# I Got a New Life

**- Kuber Bashyal**

I have experienced joys and sorrows in the highs and the lows of my journey in life. I was born in 1961 in Besigaun, Kathmandu. My childhood was normal. I got married in 1981. I worked in Bansbari Leather and Shoe Factory to support my family. I was earning a decent living from my job. My financial situation was stable. My family basked in happiness when our first child was born.

But the happiness and joy in our family didn't last long. Our first child died three days after birth. My wife was so sorrowful, and I could not console her. Time heals and as the days went by, we slowly forgot the pain and loss of our first child. After some time, our second child was born. But she too did not stay long with us. A third child also died a few hours after birth.

Following all these deaths, our fourth daughter, Ankita, was born. Our financial situation was deteriorating, and we were losing hope. Two years later, our youngest daughter, Sangita, was born. The birth of two daughters brought us new hope and happiness. However, we had a secret fear that they too would not survive and would leave us in a few years. Even though outwardly we were laughing, the fear remained in our hearts.

Then suddenly, I became sick. I had a fever that exhausted me. Gradually, my limbs started to become numb. My blood circulation was clogged and I was taken to a hospital. Even after staying in the hospital for 22 days, there was no improvement. I couldn't do anything but watch and listen to others around me. I was like a living corpse - I could neither walk nor talk. I couldn't share my pain with others because I couldn't speak. People used to visit me and from their

> The birth of two daughters brought us new hope and happiness. We had a fear that they would leave us in a few years. Even though we had laughter in our lips, the fear didn't leave my heart.

expression seeing my condition, I knew that they thought death would have been better for me.

No medicine worked for me and my condition worsened. We called shamans and sacrificed hundreds of chickens. We went to temples. But, the sacrifices of innocent animals did me no good. A shaman placed a hot, red iron on my cheeks and I couldn't speak after that because of the excruciating pain. Someone took 15, 000



Mr. Kuber Bashyal with his family

rupees from me to purchase tigress' milk. He said I would be cured by drinking the milk. I relied on all these people's promises but nothing happened. I was so desperate to be healed that I chose to trust those who were so opportunistic to take advantage of someone's illness for monetary gain.

I sold my wife's jewelry and a small plot of land for treatment. Even after all the money was spent, I was no better. My wife had to take care of our two year old and six months old daughters. The only thing I could do was to worry about what would happen to my family if I didn't get better. I felt helpless and could only cry.

> No medicine worked in my body. My condition worsened. We called shamans and sacrificed hundreds of chickens. We went to temples. But, the sacrifices of innocent animals did me no good.

After two years of a miserable life, I had the opportunity to hear about Jesus Christ from my aunt, the elder sister of my mother. I received new hope after learning that Jesus is my Savior – He not only forgives my sin but He heals my diseases. With the

same conviction, my wife went to call Pastor Raju Shrestha, who lived next door, to pray for me. He told us, "God alone can heal you". After all the unsuccessful medical treatment, I chose to believe what he said. He would come to our home daily to pray for me. Gradually, I felt God's healing work in my body.

God worked miraculously in my body even though I had been sick for years. All of a sudden, my limbs began to move. The sudden movement of the body, which was bed ridden for years, brought hope that I would get better. Thereafter, we started to attend Hosanna Church every Saturday. With the help of a servant, Luka Basnet, I began to walk slowly with a cane. The pastor and leaders of Hosanna Church prayed for me. My situation started to improve with faith in the Lord Jesus, and the constant prayers and encouragement of the church. I witnessed the miraculous work of God. At one service while we were praying, I felt the Holy Spirit worked through my body. After I came home relying on a cane and my helper, I started to dance by myself. I experienced a new life. The enemy had tried to steal my health and life from me, but God who works miracles is so much greater! He restored life and health to my troubled soul and body.

My family and I received His blessings when we believed in the true God. His grace and love for me and my family is unconditional. He restored my financial and physical conditions. Thanks to the blessings of God in my life, 75 percent of my relatives are now His believers. No matter how sick and how financially downtrodden you may be in your life today, don't just give up. Put your trust in God, and He will restore and bless you with the abundance of His glory. Phil 4:18-20 And my God shall supply all your needs according to His riches in glory by Christ Jesus. Now to our God and Father be glory forever and ever. Amen.

> God worked miraculously in my body even though I had been sick for years. All of a sudden, my limbs began to move. The sudden movement of the body, which was bed ridden for years, brought a hope of survival.

I am very happy to live a new life with God's grace. Blessed be the Lord Jesus, who at all times loves and supports us no matter how helpless and hopeless our situation, or how close we are to death. Rom 8:38-39 For I am persuaded that neither death nor life, nor angels nor principalities nor powers, nor things present nor things to come, nor height nor depth, nor any other created thing, shall be able to separate us from the love of God which is in Christ Jesus our Lord.

I would like to thank all the believers including Pastor Raju and leaders of Hosanna Church who made invaluable contributions to my new life and for their constant prayers. I would like to express my continuous gratitude to them.



■ आदरणीय एल्डर सुकुमान तामाङ्ग हाल इजराइल

# धन्यवादका शब्दहरू

के कर्मशील हातहरूले रोपेका बिऊहरूले जीवन्त पाउँला र ? सानो झुण्ड र चौंघेरामा सुरू भएको मण्डलीले स्थायित्व पाउँला भन्ने कुरा कुनै व्यक्तिको मानसपटलमा थियो होला ? मानवीय सोच र कर्मले त असम्भव थियो होला तर सारा सृष्टि गर्नुहुने परमेश्वरको निम्ति असम्भव थिएन । परमेश्वरको निगाँह पाएर रोपेको बिऊले आज जीवन्तता पाएको छ ।

होसन्ना चर्चले धेरै व्यक्ति, घर र परिवारको जीवनमा बिऊ रोपेको छ । रोपेका बिऊबाट प्रशस्तै फलहरू फलेका छन् । उर्वर भूमिमा रोपेको बिऊमध्ये म र मेरो परिवार पनि हो । म एउटा निम्न घराना र बुद्धिष्ट परिवारमा जन्मिएको थिएँ । त्यस समय म बेसीगाउँमा कोठा लिएर बस्दथेँ । गलैँचा कारखानामा काम गरेर गुजारा चलाउँथे । कारखाना नजिक एउटा लुगा सिलाउने पसल थियो । प्रायः बाटो हिड्दा मेरा आँखा त्यही पसलमा पर्दथ्यो । एकदिन काम लिएर सिलाइ पसलमा गए । कुराकानी हुने क्रममा त्यहाँको बा आमासँग राम्रै परिचय भयो । उहाँहरूले मलाई येशू खीष्टको बारेमा भन्नुभयो । सुन्दैगर्दा मलाई भित्रबाट प्रभुलाई चिन्न मन लाग्यो । मैले उहाँहरूबाट प्रश्नहरूको उत्तर पाइसकेपछि मैले येशू खीष्टलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गरेँ । पसलमा हुनु भएका बा आमा त मण्डलीको पाष्टर हुनुहुँदो रहेछ । उहाँहरू र मण्डलीका अन्य अगुवाहरूले मलाई प्रभुमा अगाडि बढ्न सधैँ नै उत्साह दिनुहुन्थ्यो ।

**म एउटा निम्न घराना र बुद्धिष्ट परिवारमा जन्मिएको थिएँ । त्यस समय म बेसीगाउँमा कोठा लिएर बस्दथे । गलैँचा कारखानामा काम गरेर गुजारा चलाउँथे ।**

२०४९ सालमा मैले होसन्ना चर्चबाट नै पानीको बप्तिष्मा लिएँ । समय बित्दै जाँदा मेरो आत्मिक र आर्थिक जीवनमा विस्तारै वृद्धि हुँदै गयो । चर्चको आवश्यकता अनुसार बप्तिष्मा लिएको करिब ७ वर्षपछि मलाई

अगुवामा अभिषेक गरियो । त्यसपछि म मण्डलीको सेवकाईमा लागिपरेँ ।

परमेश्वरले एक असल जीवन साथी जुटाउनु भयो । २०५२ साल जेष्ठ १७ गते याङ्चेन लमिनी नामक युवतीसँग विवाह भयो । मेरो जीवनमा आशिषका ढोकाहरू विस्तारै खोलिदैँ गए । हाम्रो परिवारमा दुई छोराहरूको जन्मभयो । परमप्रभूको अनुग्रही हात हाम्रो जीवनमा सदैव परिरह्यो । उहाँको कृपा अनुसार दुध र मह बग्ने देश इस्राएलमा जाने बाटो खुल्यो ।

विगत १४ वर्षदेखि म इस्राएलमा छु । हाल प्रत्यक्ष रूपमा मण्डलीमा सेवकाइ गर्न नपाए पनि अप्रत्यक्ष रूपमा सहयोग गर्न पाउँदा ज्यादै खुसी छु । विगतका ती कहालीलाग्दा दिनहरूमा सहकार्य गरेकोले होला, मण्डलीबाट टाढा हुँदा पनि नजिकै भए जस्तो लाग्छ । मण्डलीको सुरूवाति समयलाई नजिकबाट नियाल्ने मौका पाएकोमा र उर्जाशील व्यक्तिहरूसँग सहकार्य गर्न पाएकोमा आफूलाई सौभाग्यशाली ठान्दछु । आउने दिनहरूमा पनि प्रभू र मण्डलीको अधिनमा रहेर मण्डलीलाई अगाडि बढाउने जमर्को गरी नै रहने छु । मण्डली परिवारको प्रार्थनाको लागि म र मेरो परिवार सदैव कृतज्ञता प्रकट गर्दछौँ ।

उजाड स्थानदेखि प्रतिज्ञाको मुलुकसम्मको यात्रालाई तय गर्न सहयोग गर्नुहुने परमेश्वर र सम्पूर्ण मण्डलीका विश्वासीजनलाई धन्यवाद भएको होस् । मेरो आत्मिकी जीवन वृद्धि गराउनुका साथसाथै मेरो व्यक्तिगत जीवनलाई उकास्न मण्डली परिवारले खेलेको भुमिकाको पनि म उच्चकदर गर्दछु । यसरी होसन्ना मण्डलीले म लगायत धेरै व्यक्ति घर परिवारलाई प्रभुमा हुर्काउँदै आएको छ । धेरै मनिसका आत्माहरूलाई बचाउन सफल भएको छ होसन्ना मण्डली । फलस्वरूप मण्डली भौतिक रूपमा पनि वृद्धि हुँदै आएको छ ।

**परमेश्वरले एक असल जीवन साथी जुटाउनु भयो । २०५२ साल जेष्ठ १७ गते याङ्चेन लमिनी नामक युवतीसँग विवाह भयो । मेरो जीवनमा आशिषका ढोकाहरु विस्तारै खोलिदैँ गए ।**

परमेश्वरको महान आज्ञा मत्ती २८:१९ "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाऔं, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिष्मा देओ" भन्ने आज्ञालाई शिरोपर गर्दै जाँदा होसन्ना मण्डलीले २४ वर्षको खुड्किला पार गरी २५ वर्षमा पाइला टेकेको छ । प्रत्येक विश्वासीहरूको परमेश्वरप्रतिको पूर्ण विश्वास र उहाँको अनुग्रहको कारण होसन्ना मण्डलीले २५ औं वार्षिक उत्सव मनाउँदै गर्दा अत्ति नै गर्वले भरिएको छ । यस खुसीको अवसरमा मेरो हृदय निकै आनन्दित भएको छ । २५ औं वर्षको उत्सवको उपलक्ष्यमा म र मेरो परिवारको तर्फबाट होसन्ना मण्डली परिवारलाई शुभकामना दिन चाहान्छु ।



एल्डर सुकमान तामाङ्ग इजरायलमा भएको नेपाली संगतीमा सहभागी

# Words of thanks

**- Respected Elder Sukuman Tamang (Currently in Israel, Holy Land)**

Does anyone expect that a church started by a small group of poor, struggling individuals would grow in size, and become so well established and influential at the national level? Is it possible for seeds sown by human hands to produce such life? It would have been impossible with just human thought and action, but nothing is impossible with God, the Creator. Seeing the achievement of Hosanna Church today, I can say that the seeds that were sown under God's care have come to fruition.

Hosanna Church has sown seeds in the lives of many individuals, families, whole villages and communities. The sown seeds have produced abundant fruit. My family and I are among the fruits of the seeds sown in fertile land.

I was born into a lower-class Buddhist family. At that time, I was living in a rented room in Besigaun. I made a living by working in a carpet factory. There was a tailor shop near the factory. I used to look at the shop as I walked to and from the factory. One day, I needed something sewn and went to the shop. While talking to them, I got acquainted with the couple who owned the shop. They told me about Jesus Christ. As I listened to them, I wanted to know more about the Lord. After receiving answers from them, I accepted Jesus Christ as my Savior. I came to know that the couple was pastor of a church. These leaders in the church always encouraged me to move forward in faith, to grow in knowledge of Christ, to draw close and walk close to Him.

In 1992-93, I was baptized by Hosanna Church. Over the years, my spiritual and financial life prospered. Seven years after I was baptized, I was anointed as a leader and became involved in the ministry.

> I was born into a lower class Buddhist family. At that time, I was living in a rented room in Besigaon. I made a living by working in a carpet factory. There was a tailor shop near the factory.

God brought me a good life partner. I got married to a young woman named Yangchen Lamini on May 31, 1995. The blessings of God on my life kept on flowing. Two sons were born to our family. The Lord's gracious hand is always on our lives. His grace opened a way for me to go to Israel, the Biblical land flowing with milk and honey.

I have now been in Israel for the last 14 years. I am very happy to be able to help the church

indirectly even though I am not able to serve physically. I consider myself fortunate to have had the opportunity to serve the church earlier for which I feel so close even if I am physically far from it. In the days to come, I will continue to help the church move forward, and stay submitted to the Lord and the church. My family and I are always grateful for the prayers of the church family.

Thank you Heavenly Father and thank you to all the believers of the church for helping us to take this journey from the wilderness to the Promised Land! I greatly appreciate what the church family did to help me grow in my spiritual as well as personal life. In this same way, Hosanna Church has been raising many people and families in the Lord. And that is why the church has grown and continues to grow.

Hosanna Church has crossed the 24-year mark, and has entered the 25th year, in obedience to God's Great Commission, Matthew 28:19 "Therefore go and make disciples of all nations, baptizing them in the name of the Father and of the Son and of the Holy Spirit." I am filled with great joy and pride as Hosanna Church celebrates its 25th anniversary, in full submission to the Lord, and as it helps each member to grow in faith in God and His grace. On the occasion of the 25th anniversary, on behalf of me and my family, I would like to extend my best wishes, blessings and prayers for the Hosanna Church family.

Respected Elder Sukuman Tamang, Kul Bdr. B.K.
with Ps. Gyanu Sundas





■ सुरेश तामाङ्ग

# क्रान्तिबाट फर्किए

जीवनको यात्रालाई फर्किएर हेर्दा कहाली लागेर आउँछ। सोच्छु, मैले जीवनमा यति धेरै कष्ट र पिडाको यात्रा गरेकै हो र ? कुनै समय क्रान्तिको दन्किएको आँगोमा होमिएर देशमा परिवर्तन गर्छु भनेर हिडेको आफैं सदाको लागि परिवर्तन भएर क्रान्तिबाट फर्किएँ। म विश्वास गर्थे समाज रूपान्तरण क्रान्ति र लडाईबाट मात्र सम्भव छ। तर रुपान्तरणको गलत बुझाइले मलाई गलत बाटोमा पुऱ्याइदिएको थियो। हुनपनि युद्धको इतिहासलाई नियालेर हेर्ने हो भने क्रान्ति र युद्धले परिवर्तन भन्दापनि विनाश, पिडा, कष्ट र रोदन्बाहेक केही दिएको छैन।

मेरो घर हेटौंडा–१६ त्रिशूली मकवानपुर हो। परिवारमा बुवा, आमा, बहिनी र दुई भाइ सहित ६ जना छौं। सामान्य गतिमा जीवन बढिरहेको थियो। सामान्य परिवारमा जन्मेकाले ठूलो आशा र सपना लिएको थिएन। नेपालमा जनयुद्धको माहोल बुलन्द भइराखेको थियो। उत्पिडित जनताको हितको लागि युद्ध गरेर देशलाई परिवर्तन गर्नुपर्छ भन्ने नाराले धेरै जवानहरूलाई जनयुद्धमा आकर्षित गरिराखेको थियो। हाम्रो गाउँमा पनि धेरै जवानहरू जनयुद्धमा सहभागी हुँदै थिए। म साथीभाइको लहलहैमा माओवादीको जनयुद्धमा प्रवेश गरेको थिएँ।

२०५२ साल फागुन १ गते नै मैले औपचारिक रूपमा जनयुद्धको लागि जीवन सुम्पिएको थिए। हामीलाई विभिन्न तालिम गर्न आवश्यक थियो। मलाई लाग्थ्यो, अब हाम्रो नेपाली समाजामा रहेको विभिन्न विकृतिको अन्त्य हुनेछ। देशले विकास र निकास पाउने छ। सम्पूर्ण नेपालीको उत्थान हुनेछ। जनयुद्धका क्रममा नेपालको विभिन्न स्थानमा खटिदा नेपालीको अवस्था अवलोकन गर्दा कति कठिन जीवन रहेछ भन्ने तथ्य

> त्यो दिन मैले आफै भास्सिएको दलदले हिलोबाट निकालेको अनुभव भएको थियो । पाष्टरको प्रश्न नै मेरो जीवन परिवर्तन गर्ने एउटा कडिँ बनेर उभियो । त्यही प्रश्नले नै मलाई प्रभु येशूप्रति आकर्षित गऱ्यो ।

पनि नियाल्दैं थिए । नेपालीको अवस्था र देशको झन् माया लागेर आउँथ्यो र देशको लागि केही गर्नुपर्छ भन्ने उर्जा मिल्थ्यो । मेरो मन यति कठोर हुँदै गयो कि देशको लागि कि मर्छु कि मार्छु । सोच बदलिएका कारण मनमा माया, दया भन्ने थिएन । मभित्र आक्रोश र रिसमात्र भरिएर आएको थियो । मनमा एउटै कुरामात्र थियो देशको लागि कि मर्छु कि मार्छु । हामीलाई तालिम पनि सोही किसिमले प्रदान गरिएको थियो ।

मेरो जनयुद्धको यात्रा २०५२ देखि २०६३ सालसम्म चल्यो । जनसेनाको कमाण्डर तालिमको क्रममा थिए । त्यही समय एकजना पाष्टरले मलाई एउटा प्रश्न गर्नुभयो “ए भाइ एक जना मान्छे मारेर दशजना रुवाउनु असल कि एक जना बचाएर दशजना हसाँउनु असल ?” यो प्रश्नले मलाई हृदयमा वाण हानेको अनुभूति भयो । घोरिएर सोच्न बाध्य बनायो । प्रश्नले म निसासिएँ । मनमा थप प्रश्नहरू उब्जिन थाले ।

मैले सही बाटो पछ्याइ रहेको छु कि गलत ? म कता जादैं छु ? म के गर्दै छु ? के म देश बचाउने क्रममा देशलाई खोक्रो त बनाई राखेको छैन ? जनयुद्धमा भएका दु:ख लाग्दा घटनाहरू छर्लङ्ग भइ आँखा टिलपिल भएका थिए । मन भारी भयो र भक्कानो फुटेर रून मन लाग्यो ।

गहभरी आँशु टल्पलाउन थाले । कत्तिको परिवारको छोरा गुम्यो होला, कत्तिको छोरी चेली विधुवा भए होलान, कत्तिको जिउने लौरो भाँचियो होला । कठै मैले यो के गरे भनेर आफैंलाई धिक्कार्न मन लाग्यो । पाष्टरको त्यो प्रश्न घरि-घरि मनमा वाण बनेर घोचिरह्यो । रातहरू अनिदो भएर बित्यो । त्यसपछि तालिममा मन लाग्न छोड्यो । मन बिरक्तिएर आयो । म भित्रको जोश मरेर जादैं थियो । साथीभाइसँग बोल्नै मन लाग्न छोड्यो । नभन्दै २०६३ सालमा मैले जनयुद्ध छोड्ने निर्णय गरेर घर फर्किए । त्यो दिन मैले आफै भास्सिएको दलदले हिलोबाट निकालेको अनुभव भएको थियो । पाष्टरको प्रश्न नै मेरो जीवन परिवर्तन गर्ने एउटा कडिँ बनेर उभियो । त्यही प्रश्नले नै मलाई प्रभु येशूप्रति आकर्षित गऱ्यो ।

**सम्पूर्ण नेपालीको उत्थान हुनेछ । जनयुद्धका क्रममा नेपालको विभिन्न स्थानमा खटिँदा नेपालीको अवस्था अवलोकन गर्दा कति कठिन जीवन रहेछ भन्ने तथ्य पनि नियाल्दैं थिएँ ।**

मैले येशू ख्रीष्टको खोजी गर्न सुरू गरे । जनयुद्धबाट फर्किएकोले होला जीवनमा तिरस्कार र हेला खेप्नु परेको थियो । मलाई लागेको थियो घर परिवार, समाजले स्वीकार्ने छ । एकदिन मेरो परिवारसँग जङ्लमा दाऊरा खोज्न गएको थियो । दाऊरा खोज्ने क्रममा अरूको भन्दा ठूलो दाऊराको भारी भयो । हामी दाऊरा बोकेर आउने क्रममा पछाडिबाट केहीले थिचेको अनुभव भइराखेको थियो । घर नजिकैको चर्चमा मनभरि प्रश्नहरू बोकेर पुगे । चर्चमा जाउञ्जेलसम्म पनि पछाडिबाट ढुङ्गा राखेको जस्तो गऱ्हुङ्गो महसुश भइराखेको थियो । जुनबेला म मण्डलीभित्र प्रवेशमात्र के गरेको थिए त्यो गऱ्हुङ्गोपन गोपन मबाट हटेर गयो । म अचम्मित भए यो अनुभवले, जीवनमा मैले कहिल्यैं यस्तो अनुभव गरेको थिइन । त्यो ढुङ्गाको तौल मबाट हटेपछि मैले आनन्द हृदयमा प्रवेश गऱ्यो । त्यसै समय मैले प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गरे ।

मलाई लाग्थ्यो समाज परिवारको लागि सुर्धिए भनेर । तर मेरो परिवारले मैले ख्रीष्टलाई पाएको भनेर थाहाँ पाउँनुभयो । त्यसपछि मलाई घरबाट निकाली दिनुभयो । त्यक्तिमात्र नभई मलाई यतिसम्म भन्नुभयो कि ‘अरूलाई लागेको गोली किन यसलाई लागेर मरेन ।’ मेरो मन भाँचियो, मलाई लाग्यो मैले गलत बाटो छोडेर असल बाटो



काठमाडौं विश्वविद्यालयमा चेलापन संगती स्थापना पछि खिचिएको तस्विर

रोजेको छु। तर मेरो लागि असल लागेको परिवार र समाजलाई असल लागेन छ। म मारकाटबाट फर्किएर येशूमा परिवतिर्त जीवन जिउँन चाहान्थे। सत्यको पछि लाग्दा मेरो सम्पूर्ण समाज विरोधमा उठ्न थाल्यो। कुनै दिन बन्दुक बोकेर हिड्दा सबैले स्यावास दिने समाज, परिवार त्यो दिन असल बाटो हिड्छुभन्दा आफ्ना आफन्तबाट तिरस्कृत हुनुपऱ्यो। आफन्त र समाजबाट कुडिँएको हृदय लिएर काठमाडौँ जाने ट्रक चढे।

जीवनको यात्रा कहाँ पुग्ने टुङ्गो थिएन। ट्रकले बालाजुको माछा पोखरीमा साँझको ९ बजे ओराल्दियो। भोक र प्यासले लखतरान परेकाले पसलको पेटिमा ढल्किनु पर्ला भनेर बसेको मात्र के थिए त्यहाँका सडक बालबालिकाले यो हाम्रो ठाउँ भनेर लखेट्दै पिट्न थाले। त्यसपछि कतै रात काट्ने ठाउँ नभेटाएपछि बालाजुको पुलमुनी रात कटाउन बाध्य भए।

जीवनको सङ्घर्षका दिनहरू सुरूभयो। काठमाडौँमा कहिले पसल त कहिले ज्यामी काम गर्दै जीवन गुजारा चलाइरहेको थिए। ख्रीष्टसँगको यात्रा भने बलियो हुदैं गइराखेको थियो।

**कुनै दिन मर्छु या मार्छु भनेर हिडेको म अहिले बचाँउछु भन्ने आत्माबलका साथ अगाडि बढिरहेको छु । अहिले आएर त्यही प्रश्न मेरो मनमा आउँछ "बचाएर हसाउँने" त्यो प्रश्न मैले नसुनेको भए म अहिले मरेको पनि धेरै भइसक्थ्यो होला । मेरो परमेश्वरले मलाई बचाँउनको लागि यो पृथ्वीमा ल्याउनु भएको रहेछ ।**

२०६३ सालमा पहिलो पटक होसन्ना मण्डलीसँगको सम्बन्धमा आउने मौका पाएँ। होसन्ना मण्डलीको साथ र समर्थनले प्रभुमा हुर्कदैं अगाडि बढ्दैं गएँ। होसन्ना मण्डलीले मलाई विभिन्न जिम्मेवारी सुम्पिदैं

सेवाको काममा पनि अग्रसर गराउँदै लग्यो । म फेरी मेरो गाउँ फर्कने निर्णय गरेँ । गाउँ गएर मानिसलाई प्रभुमा बचाउने दर्शनप्रति समर्पित भएँ । त्यहाँ गइसकेपछि होसन्ना मण्डलीद्वारा सुरू गरेको ज्योतिको घर नामक संस्थाले हेटौँडामा बालगृह सञ्चालन गर्ने निर्णय भयो । त्यसको प्रमुख व्यक्तिको रूपमा मलाई छानियो । पहिले जुन ठाउँमा म हेलित भएर निस्किएको थिए त्यही ठाउँमा मण्डलीको पाष्टर र बालगृहको प्रमुख भएर सेवा गरिराखेको छु ।

कुनै दिन मर्छु या मार्छु भनेर हिडेको म अहिले बचाउछु भन्ने आत्माबलका साथ अगाडि बढिरहेको छु । अहिले आएर त्यही प्रश्न मेरो मनमा आउँछ "बचाएर हसाउँने" त्यो प्रश्न मैले नसुनेको भए म अहिले मरेको पनि धेरै भइसक्थ्यो होला । मेरो परमेश्वरले मलाई बचाउनको लागि यो पृथ्वीमा ल्याउनु भएको रहेछ । त्यसैले मैले मानिसलाई प्रभुमा बचाएर धेरैलाई हसाउँने काम गरिराखेको छु । यो यात्रामा होसन्ना मण्डली र यहाँका अगुवा, पाष्टरहरूप्रति धन्यवादी छु । अन्त्यमा होसन्ना मण्डलीले २५ वर्षको रजत महोत्सव

**अन्त्यमा होसन्ना मण्डलीले २५ वर्षको रजत महोत्सव मनाउँन गइराखेको उपलक्ष्यमा हार्दिक बधाई दिदैं उत्तर-उत्तर प्रगतिको कामनाको साथै आउने दिनमा होसन्ना मण्डलीसँग हातेमालो गरेर सेवा गर्नेछु भन्ने बाचा पनि बाँध्न चाहान्छु ।**

मनाउँन गइराखेको उपलक्ष्यमा हार्दिक बधाई दिदैं उत्तर-उत्तर प्रगतिको कामनाको साथै आउने दिनमा होसन्ना मण्डलीसँग हातेमालो गरेर सेवा गर्नेछु भन्ने बाचा पनि बाँध्न चाहान्छु ।

संयुक्त आराधना संगती प्रज्ञाभवन, काठमाडौं



# Returned from the Revolution

**- Suresh Tamang**

When I look back at my life's journey, I would sometimes question myself, like why did I travel the path I took that brought so much pain and suffering? When I was younger, I walked into the burning fire of the revolution with an intention to change the country, and returned from it disillusioned. I had thought social transformation was possible through revolution and war, but, I misunderstood the meaning of transformation. A closer look at the history of wars and revolutions reveals that they produce nothing but destruction, pain and suffering.

My home is in Hetauda-16, Trishuli, Makawanpur. There are six members in the family—my father, mother, sister, two brothers and myself. Life was pretty normal. Being from an ordinary family, I didn't have high hopes and dreams. There was much talk about the People's War and many youths were roused by talks of the war and its slogan of changing the country for the benefit of the oppressed people. In our village many youths became active in the revolution. Out of excitement, I also participated in the Maoist war.

I formally became a soldier on February13, 1996 and started training. I used to think the corruption and malpractices in our Nepali society would end soon. The country will march on the path of development and all Nepalese will be uplifted. While working in different parts of the country, I also observed the difficult lives of our people. I felt sorry for the pitiful condition of our people, and seeing those conditions, I felt encouraged to bring change. My mind became so hardened that I thought I would either die or kill for my country. I didn't feel kindness and love. There was only anger and resentment inside me. The only thing on my mind was to either die or kill for the country - we were trained that way.

My journey with the People's War started from 1996 and ended in 2006. I participated in commander training for the People's Liberation Army (PLA). During that time, a pastor asked me, "Oh brother, is it better to kill one person and make ten people cry or to save one person and make ten people smile?" That question struck like an arrow at my heart making me feel suffocated. It forced me to think deeply and as I did so more questions began to arise.

Am I following the right or the wrong path? Where am I going? What am I doing? Have I not made the country hollow in the name of saving it? I would start tearing when I vividly remembered the tragedies of the war. My heart felt heavy, and I wanted to cry. How many families lost their sons, how many daughters became widows, and how many families lost their breadwinners? Alas! I wanted to curse myself. The pastor's question continued piercing my heart. Soon, I lost interest in war training and my passion for the revolution waned. I didn't want to talk to my friends. So, I quit the People's War in 2006 and returned home. When I did that, I felt like I was getting out of quicksand into which I had willingly jumped. The pastor's question became a turning point in my life and that question pointed me to the Lord Jesus.

I began to search for Jesus Christ. Having quit from the People's War, I had thought my family and society would be happy to accept me but it was not so. Instead, I faced hatred and contempt. One day, I went to the forest to bring firewood for my family. Strangely I found my load was heavier than those of others. I bore the weight of guilt and condemnation and I was burdened with so many unanswered questions that I felt a strong pressure pressing me from behind. So I went to a nearby church with my burdens and all the questions I had. As I reached the church, I felt a stone-like heavy object pushing me. When I entered the church, that heaviness and pressure suddenly went away. I was amazed by this experience;

> There was only anger and resentment inside me. The only thing on my mind was to either die or kill for the country. We were trained this way.

I had never had such an experience in my life. When the weight of that stone-like object was removed, I felt light and happy. That day at the church, I invited the Lord Jesus Christ to be my personal Savior and Master. And I felt peace and lightness in place of the burden of guilt and condemnation.

Suresh Tamang with his beautiful family



I thought I had changed for the better for my family and society. But when my family found out that I had embraced Christ, they kicked me out of the house. I was heartbroken when they said things like, "Why didn't you get shot and killed in the war?" What I thought was good wasn't good for my family. I had returned from the war, and wanted to live a life, transformed in Christ and following the truth. But my society turned against me. The same society and family which applauded me while I carried a gun rejected me when I said I wanted to walk a righteous path. Disheartened, I came to Kathmandu in a truck.

I was on the truck but had not decided on my destination. The truck stopped at Machhapokhari, Balaju at 9 PM. I was exhausted, hungry, and thirsty. I was resting on the sidewalk when street children poked and kicked me, and said I had intruded into their territory. I couldn't find a place to spend the night so I was forced to sleep under the bridge of Balaju. That began a new chapter in my life. I started making a living sometimes working in a shop, and sometimes as a laborer. However, my journey with Christ was getting stronger.

In 2006, I had an opportunity to visit Hosanna Church for the first time. I continued going to the church and soon grew even more in the Lord Jesus with the support of the church. The church started to entrust me with various responsibilities in the ministry. I decided to return to my village again. I went to the village, and devoted myself to the vision of helping people come to the Lord. During that time, Lighthouse, an organization started by Hosanna Church, decided to run a children's home in Hetauda. I was chosen as the head of that home. I began serving as a pastor of the church and the head of the children's home in the same place where I used to be humiliated. Praise the Lord Jesus for He alone can work this miracle in my life.

> The pastor's question became a turning point in my life. That question drew me to the Lord Jesus.

I am moving ahead with a heart for saving souls. I think if I wasn't asked the question regarding "saving one person and making ten people happy", I would have been dead long ago. My God brought me to this earth to save me. I give Him all the praise the glory that He has found me and restored me to wholeness and meaning in life. I find joy and satisfaction in serving the Lord and helping many people come to Him and receive Him as their Lord and Savior and helping them to be fulfilled in Him. I am grateful to Hosanna Church, and its leaders and pastors. Finally, I would like to extend my heartiest congratulations to Hosanna Church on its Silver Jubilee, and pray for its progress. I on my part pledge to serve the Lord Jesus through Hosanna Church in the days to come.

# सयौंको संख्यामा प्रकाशित पुस्तकहरु मध्येबाट केही पुस्तकका तस्विरहरु

## HCM'S PUBLICATIONS





■ कुमारसिंह विष्ट

# स्कुले केटो र अब्राह्म सर

विभिन्न व्यक्तित्वहरूले परमेश्वरको राज्य स्थापनाका लागि गर्नु भएको योगदानको चर्चा गर्दै रेडियो अन्तरवार्ता मार्फत श्रोतालाई सु-सुचित गराउनु र उत्प्रेरणा दिनु मेरो दैनिकी जस्तै थियो । उहाँको बारेमा पहिले नै कहिकतै सुनेको थिएँ । लामो समयदेखि यूरोपका विभिन्न देशमा नेपाली मिशनरीको रूपमा सेवा पुऱ्याइरहनु भएको छ भन्ने जानकारी पाएको थिएँ ।

एकदिन उहाँ नेपाल आउनु भएको थाहा पाएँ । सोधखोज गरेपछि उहाँको मोबाइल नम्बर प्राप्त भयो । सम्पर्क गरेर शुक्रबार बिहान आठ बजे गुड न्यूज एफ.एम रेडियोमा लाइभ अन्तरवार्ताका लागि समय तय गरेँ । अन्तरवार्ता दिन स्टेशनमा आउनु भयो । करिव ४० मिनेट लाइभ अन्तरवार्ता गरेँ ।

यूरोपका विभिन्न चर्चमा नेपाली भाषी चर्चहरूको अवस्था, चुनौती र अवसरका विषयमा अन्तरवार्तामा प्रश्नहरू गर्नु थियो । प्रश्नावली तयार पारेर अन्तरवार्तामा सोही अनुसार प्रश्नहरू गरिरहेको थिएँ । विषय केन्द्रीत अन्तरवार्तामा मेरा श्रोताहरूको ध्यान केन्द्रीत गर्नलाई बीचमा फरक प्रश्न गर्न मन लाग्यो । मैले प्रश्न गरे, यूरोपबाट मिशनरीहरू नेपाल आएर सेवा गर्नु नौलो भएन, तर तपाई लामो समयदेखि यूरोपका देशहरूमा नेपाली भाषीहरू बीचमा मिसनेरीको रूपमा सेवा पुऱ्याउँदै हुनुहुन्छ, तपाईचाहिँ कसरी प्रभु येशूलाई आफ्नो जीवनको मुक्तिदाताको रूपमा ग्रहण गर्न पुग्नुभयो ?

**त्यही स्कूले केटो आज होसन्ना चर्च सेवकाईको प्रमुख हुनु भएको छ । उहाँको काँधमा ठूलो जिम्मेवारी छ । देशका विभिन्न जिल्लामा शाखा चर्चहरु विस्तार छन् । सक्षम अगुवाहरु र चेलाहरु निमार्ण भएका छन् । यो सेवकाईले देशको सामुदायिक विकासको क्षेत्रमा बलियो प्रभाव पार्न सफल भएको छ ।**

जवाफमा भन्नुभयो "काठमाडौँमा म जुन सरकारी स्कूलमा शिक्षक थिए, त्यहाँ चार कक्षामा चप्पल लगाएर स्कूल आउने एक विद्यार्थी थियो, उसले एकदिन मलाई ज्ञानेश्वर स्थित नेपाली इसाई मण्डलीमा आराधना सेवामा लगेर गयो। त्यही दिन चर्चमा भएको आराधना सेवाले मैले येशूलाई मेरो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्ने अवसर मिल्यो।" मेरो अन्तरवार्ता त्यही प्रश्नमामात्रै सिमित भएन। मलाई उत्सुकता बढ्यो। प्रश्न गरेँ, अनी त्यो चप्पल लगाएर स्कूल आउने र आफ्नो सरलाई चर्चको ढोकासम्म पुऱ्याई छाड्ने आँटिलो स्कूले केटा को थियो होला ? उहाँले भन्नुभयो त्यो 'स्कूले केटो' राजु सुन्दास थियो। अन्तरवार्तामा निम्त्याइएका ती व्यक्ति थिए काठमाडौँका अब्राह्म श्रेष्ठ। जो अहिले पनि परिवारको साथ नेपाली मिसनेरीको रूपमा बेलायतको स्कटल्याण्डमा बस्नुहुन्छ। आज तिनै राजु सुन्दास पश्चिम नेपालका बादी समुदायको आत्मीय पिता बन्नु भएको छ। काठमाडौँ जोरपाटिस्थित होसन्ना सेवकाई नेपालका प्रमुख अगुवा हुनुहुन्छ।

अब्राहम श्रेष्ठ जस्ता धेरै व्यक्तिहरू आज यूरोप लगायत विश्वका देशहरूमा प्रभुको सेवामा लागिपर्नु भएको छ। त्यसदिन राजु सुन्दासले अब्राह्म श्रेष्ठलाई सु-समाचार नसुनाउनु भएको भए आज अब्राह्म श्रेष्ठ यूरोपका लागि पहिलो नेपाली मिसनेरीको रूपमा हुनुहुन्थेन।

मैले यहाँ जोड्न खोजेको कुरा के हो भने, टिनएजमा स्कूले विद्यार्थी भएर आफ्नो शिक्षकलाई येशूको सु-समाचार सुनाएर प्रभाव पार्नसक्ने राजु सुन्दासमा आज पनि सु-समाचारका लागि उत्तिकैँ जोसजागर र उमङ्ग छ। मानिसहरूले भन्ने गर्छन 'राजु सुन्दासको ठूलो चर्च भवन छ। उनका चर्चमा सयौँ विश्वासीहरू छन्। मिनिष्ट्रिका लागि उनले देशविदेशमा यात्रा गर्छन्।' त्यही स्कूले केटो आज होसन्ना चर्च सेवकाईको प्रमुख हुनु भएको छ। उहाँको काँधमा ठूलो जिम्मेवारी छ। देशका विभिन्न जिल्लामा शाखा चर्चहरू विस्तार छन्। सक्षम अगुवाहरू र चेलाहरू निमार्ण भएका छन्। यो सेवकाईले देशको सामुदायिक विकासको क्षेत्रमा बलियो प्रभाव पार्न सफल भएको छ।

**आज तिनै राजु सुन्दास पश्चिम नेपालका बादी समुदायको आत्मीय पिता बन्नु भएको छ।**

हजारौँ सहारा विहीन बादी बालबालिकाहरूको शिक्षादिक्षामा, परमेश्वरको राज्यमा अगुवा र चेला निमार्ण गर्नमा, अशान्तिमा रूमल्लीरहेका मानव जातिको शारिरीक र आत्मीक जीवन येशूमा निर्माण हुनको लागि राजु सुन्दास एक प्रेरणाको श्रोत बन्न एकै रातको चमत्कार कदापि होइन। यसका पछाडि राजु सुन्दासको सपना, लगनशीलता र परिश्रम रहेको छ। चर्चका अगुवा तथा सदस्यहरूको ठूलो परिश्रम, प्रार्थना र लगानी रहेको छ। अन्त्यमा, होसन्ना चर्च सेवकाई स्थापनाको २५ औँ वर्षगाँठको अवसरमा होसन्ना चर्च परिवार सबैलाई हार्दिक बधाई तथा शुभकामना छ। यसका शाखा चर्चहरू देशका ७७ वटै जिल्ला र सातै प्रदेशमा फैँलिएर जाओस् मेरो शुभेच्छा र प्रार्थना छ।



अब्राहम श्रेष्ठ, हाल स्कटल्याण्डमा

# School boy and Abraham Sir

**- Kumar Singh Bista**

It was my daily routine to inform and motivate listeners through radio interviews discussing the contributions made by various personalities in the establishment of the Kingdom of God. I had already heard about Abraham Shrestha and was told that he has been serving as a Nepali missionary in various European countries for a long time.

One day, I learned that he had come to Nepal. After some research, I got his mobile number. I contacted him and made an appointment for a live interview on Good News FM at 8PM on a Friday. He came to the station and I interviewed him for about 40 minutes.

I had prepared questions about the status, challenges, and opportunities for the Nepali-speaking churches in Europe and was asking him accordingly. To attract the attention of my listeners, I thought to go off the set questions and asked him something spontaneous instead. I told him that it was not a new thing for Europeans to come to Nepal and serve as missionaries, but he was in Europe working as a missionary for the Nepali-speaking churches there. Then, I asked him, "How did you come to receive the Lord Jesus as your Savior?"

In reply, he said, "In a government school in Kathmandu where I was teaching, there was a student who came to school wearing slippers. He was in class four. One day, he took me to a ministry in the Nepali Ishai Church, Gyaneshwor. The ministry gave me the opportunity to receive Jesus as my personal Savior." My interview was not limited to that question. I became curious. I asked, "Who was that brave boy who came to school wearing those slippers, and took his teacher to a church?" He said that the 'schoolboy' was Raju Sundas. The person invited for the interview was Abraham Shrestha from Kathmandu. He still lives with his family in Scotland, UK as a Nepali missionary. The same Raju Sundas has become the spiritual father of the Badi community of West Nepal. He is the main leader of Hosanna Ministries, Jorpati, Kathmandu.

> Raju Sundas had not shared the Gospel with him that day, Abraham Shrestha would not have been the first Nepali missionary to Europe today.

Many people like Abraham Shrestha are engaged in the service of the Lord in Europe and other countries. If brother Raju Sundas had not shared the Gospel with him that

day, Abraham Shrestha would not have been the first Nepali missionary to Europe today.

This Raju Sundas as a teenager had the ability to influence his teacher by preaching the Gospel to him. Today with the same passion and excitement for the Lord, the same passion to serve, how much more he is able to motivate and influence thousands, or hundreds of thousands for the Lord! He is known to many as "Raju Sundas with a big church building and hundreds of believers. And he travels abroad for the ministry." The same schoolboy has now become the head of Hosanna Church. He has a big responsibility on his shoulders. He has expanded branch churches in different districts of the country. Through his ministries, many competent leaders and disciples have been equipped and trained. His ministry has also succeeded in making a strong impact on the community development of the country.

It was not an overnight miracle that Raju Sundas became a source of inspiration, a person dedicated to the education of thousands of helpless Badi children, a leader in the Kingdom of God who has helped many people come to the Lord Jesus. He has built up a troubled, downtrodden people physically and spiritually before God and society. This is possible due to Raju Sundas' faith in a God who loves all mankind, his dream, diligence, and hard work. It is also made possible due to the hard work, prayers, and investment of the church leaders and members. As St Augustine said, "Without God, we cannot; without us, God will not." There is no doubt that God is behind all the success but without the participation of Raju Sundas and his church leaders and members, God's wonderful plan for the different Nepali communities would not have materialized.

I want to extend congratulations and best wishes to the Hosanna Church family on its 25th anniversary. I wish that its branches be spread in all the 77 districts and in all the seven provinces of the country.




Wangchu Bhote
speaking about Tibetan world.



■ दिलमाया अधिकारी

# हाँस्न बिर्सिएको थिएँ, हाँसेको छु

"कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउँनु हुन्छ र दरिद्रहरूलाई घुरानबाट उचाल्नु हुन्छ" भजनसंग्रह ११३:७। दुःख, कष्ट र पिडा मेरो जीवनको पर्यावाची जस्तै हुन्। एकपछि अर्को समस्याले कुरेर बसिराखेको हुन्थ्यो। एउटा पिडाले छोडेको केही समयमा अर्को पिडाले ढोका ढक्ढक्याउँन कुरिराखेको भान हुन्थ्यो। जस्तोसुकै दुःख, कष्ट भएपनि जीवन अगाडि बढ्दो रहेछ।

भारतको आसाममा २०२४ मङ्सिर १६ गते बुवा केशर बहादुर आचार्य र आमा धनमाया आर्चायको कोखबाट मेरो जन्म भयो। मेरो नाम दिलमाया अधिकारी हो। मैले सात वर्ष भारतमा बिताएँ। हामीले नेपालमा बसाइ सराइ गरी शंखुवासभा जिल्लामा मादीमुल खर्क वडा नं १० मा स्थायी बसोबास सुरू गर्‍यौं। नयाँ परिवेश, नयाँ ठाउँ र त्यहाँको नौलो समाजमा विस्तारै घुलमील भएँ।

म २०३४ सालमा १४ वर्षको थिए। कहाली लाग्दो अवस्थाको सामना गर्नुपर्‍यो। उभिएको जमिन भासिएको र आकाश ममाथि बज्रिएको अनुभव भयो। यो दिन सम्झदा आँशु टल्बलाउँछ जुन दिन बुवाको लासलाई घाटमा पुर्‍याएर सकिदा नसक्किदैं घरको आँगनमा आमाको लास देख्नु पर्‍यो। एकै दिन मेरो सहारा ढले। एकै दिनमा जीवन डरलाग्दो भुमरी भएर आयो।

जेठी छोरी भएकोले सबै जिम्मेवारी ममाथि आयो। म र भाइ काकाको घरमा बस्न थाल्यौं। बाबु आमा गुमाएको पिडा ताजैं थियो। जीवनलाई घिसार्दै जसोतसो अगाडि बढाउँदै थिएँ। आलो घाउमा नुन छर्किन पछि परेनन् काका, काकी र समाज। बाबु आमा टोकुवा भनेर दोष लगाए। हामीलाई साहराको खाँचो थियो। तर तिखा शब्दका वाणले घोच्ने काममात्र भयो। मलाई त बानी परिसकेको थियो आरोप प्रत्यारोपलाई अंगालो हालेर जिउने। सानै उमेरमा जिन्दगीले धेरै पिडा दिइसकेको थियो। मैले हाँस्न बिर्सिसकेको थिएँ। मेरो गाउँघरमा आमाछोरी चेलीहरू हाँस्दै रमाउँदै मेलापात गर्दा, चाडपर्वमा रमाउँदा, खेल्दैं उफ्रदा मलाई अचम्म लाग्थ्यो। होइन जीवन यस्तो रमाइलो पनि हुन्छ र!

२०४२ सालमा भक्तिलाल अधिकारीसँग मेरो बिवाह भयो। हाम्रो बिवाहले कता-कता मरिसकेको खुसी, हराएको रमाइलोपन फर्किएर आउँछ कि भन्ने आशा पलायो। बिवाह पश्चात दाम्पत्य जीवन राम्रै अगाडि बढिरहेको थियो। दुई छोरा जन्मिए। मलाई लाग्थ्यो अब दु:खका दिन गए। तर दु:ख र कष्ट त ढोकामा नै ढुकेर बसेको रहेछ। श्रीमान् कामको सिलशीलामा भारत जानुभयो। वर्षौंसम्म उहाँसँग कुनै सम्पर्क भएन। उतै हराउनु भयो। परिवार पाल्ने जिम्मेवारी मेरै काँधमा आयो। दुई छोरा हुर्काउनु सजिलो थिएन।

२०५२ सालबाट नेपालमा जनयुद्धको सुरूवात भयो। मलाई लाग्थ्यो म पनि जनयुद्धमा जान्छु। मलाई लाल्छाना, तिरस्कार गर्नेलाई बदला लिने सूवर्ण अवसरको सदुपयोग गर्छु। तर काँखमा हुर्किँदैं गरेका छोराहरूको प्रेमले गर्दा पाइलाहरू रोकिए। मनमा लाग्थ्यो आमा बाबुको लाश काँधमा बोकेर घाँटसम्म पुऱ्याउने मेरो काँध अझैं पनि बलियो छ, बन्दुक बोकेर बदला लिनलाई। सन्तानको मोहले त्यो कदम चाल्न मलाई दिएन। माओवादी क्रान्तिले चरम सिमा नाघेको अवस्थामा हामी गाउँमा बस्न सक्ने अवस्था थिएन। जेठो छोरा १४ वर्षको भइसकेको थियो। आमाको मन न हो मैले जस्तो दु:ख, कष्ट जीवनमा छोराहरूले भोग्न नपरोस् भनेर २०५९ सालमा सपरिवार काठमाडौंको जोरपाटीमा आयौं। त्यही सानो व्यापार गरेर बस्न थाल्यौं। मनमा अनेकौं खुसीका माला बुन्दैं थिए। अब छोराहरू हुर्कदैं छन्। सुखका दिन मेरो जीवनमा पनि आउँने छ।

मनमा पलाएको आशा ईश्वरलाई मन परेन होला अर्को बज्रपात आइपऱ्यो। मेरो घाउ त क्यान्सरको लक्षण रहेछ। सानैदेखि दु:खसँग पौठेजोरी खेल्दैं आएको म अब त जीवनकै आहुति दिनुपर्छ जस्तो लाग्यो। मनमा लाग्यो अब पिडाका दिनहरू पनि सकिए। जीवन नै सकिएपछि के-को दु:ख, के-को कष्ट !

म कमजोर भइसकेको थिए। अब जीवनसँग लड्ने तागत मसँग छैन भन्ने लाग्यो। यसैक्रममा होसन्ना चर्चको बारेमा थाहा भयो। जीवनमा धेरै उतार-चढाव त भइसक्यो एकचोटी चर्च जान्छु भनेर होसन्ना चर्चमा पुगें। त्यहाँको माहोलले मेरो पिडाहरूमा मल्हम लगाएको महसुश भयो। बिस्तारै मेरो उपस्थिति होसन्ना मण्डलीको आराधना संगतीमा बढाए। प्रभुसँगको मेरो आत्मिकी सम्बन्ध बढाउन होसन्ना मण्डलीका अगुवा, पाष्टरहरूले सहयोग गर्नुभयो। उहाँहरूले मेरो विमारीको लागि प्रार्थना गरिदिनु भयो। मेरो रोग बिस्तारै निको हुँदै गयो। मैले पूर्णरूपमा चङ्गाई पाएँ। म जस्तो बेसहारालाई होसन्ना मण्डलीले परिवारको सदस्यको रूपमा व्यवहार गऱ्यो। नयाँ जीवन पाएँ।

